• वर्ष १२ • अंक २८ • काठमाडौं, शुक्रबार, मंसिर १५, २०६३ • SAPTAHIK • Nepali National Weekly • Dec. 1, 2006 • पृष्... रू. ८/-

# यो मंसिर पनि रित्तै







**दिवस गुरागाईं**

घरले केटा खोजी गर्न थालिसक्यो। त्यसैले अब चाँडै विवाह गर्ने भनेर अभिनेत्री सज्जा मैनालीले भनेको छ महिना कट्यो। विवाहको उमेर बितिनसकेकी अभिनेत्री सज्जाको हतारोले पक्कै पनि उमेर बित्न लागेका अरू अभिनेत्रीहरूलाई व्यंग्य गर्ला। नेपाली चलचित्र क्षेत्रमा संलग्न एक दर्जनभन्दा बढी अभिनेत्री अविवाहित छन्।

कुनै पनि अभिनेत्रीलाई विवाह कहिले गर्ने भनेर प्रश्न गर्‍यो भने सबैको एकै खाले उत्तर पाइन्छ- 'विवाह भन्ने कुरा आफूले चाहेर मात्रै कहाँ हुन्छ र ? त्यो त लेखिएरै आउनुपर्छ।' तर अभिनेत्रीहरूको मात्रै विवाह किन ढिलो लेखिएको होला ?

बात लाग्न र लगाइनबाट नेपाली अभिनेत्रीहरू पनि अछूतो छैनन्। धेरैजसो अभिनेत्री निर्माता तथा निर्देशकको पछि लागेका छन् वा निर्माता, निर्देशकले अभिनेत्रीहरूलाई च्यापेको हल्ला चलचित्रबजारमा चलिरहन्छ। यस्तो चर्चामा कति सत्यता छ त्यो भिन्दै कुरा हो तर अभिनेत्रीहरूदेखि तर्सिने प्रमुख कारण उनीहरूमाथि लाग्ने गरेका यस्तैखाले आरोप पनि हुन सक्छन्।

**किन उठ्छन् अनेक कुरा ?**

आखिर अभिनेत्रीहरूमाथि किन चरित्रको कुरा ल्याएर औंला ठड्याइन्छ ? एक निर्माता-निर्देशक तर्क दिन्छन्- बीस हजार पारिश्रमिक लिने हाम्रा अभिनेत्रीहरू चालीस हजारको मोबाइल सेट र चौध लाखको गाडी खरिद गर्छन्। अनि उनीहरूलाई बात नलागे कसलाई लाग्छ त ? केही वर्षअघि अभिनेत्री सारंगा श्रेष्ठले भनेकी थिइन्- भुवन के.सी. नभएको भए धेरै नायिका कुमारी नै हुन्थे। प्रतिउत्तरमा भुवनले भनेका थिए- मैले सारंगालाई समेत छोडेको छैन। यी तत्कालीन पत्रपत्रिकामा उल्लेखित छेडछाड हुन्। त्यसैगरी अर्को एउटा पक्ष छ जसलाई आममानिस शंकास्पद दृष्टिले हेर्छन्। निर्देशक तुलसी घिमिरेका सबै चलचित्रमा अभिनेत्री निरुता सिंह नै हुन्छिन्। अर्का निर्देशक शोभित बस्नेत तथा अभिनेत्री रेजिना उप्रेतीबीच पनि त्यस्तैखालको सहकार्य देखिन्छ। निर्देशक शिव रेग्मी र झरना थापाबीच, अभिनेता-अभिनेत्री निखिल उप्रेती र सज्जा मैनालीबीच, अभिनेता-अभिनेत्री दीपकराज गिरी र दीपाश्री निरौलाबीच, निर्देशक महेन्द्र बूढाथोकी र अभिनेत्री मेलिना मानन्धरबीच पनि यस प्रकारको सहकार्य देखिन्छ। ठूल्ठूला व्यापारीहरूसँग पनि कतिपय अभिनेत्रीको नाम जोडिने गरेको छ। पूजा चन्दलाई अमेरिका पुर्‍याउन एक व्यापारीकै हात भएको कुरा त्यति बेला छापाहरूमा आएको थियो।

## के भन्छन् अभिनेत्रीहरू

• घरबाट फोर्स आएको आयै छ तर पनि यो वर्ष मेरो मंसिरचाहिँ रित्तै हुन्छ। भर्खरै एउटा नयाँ काम थालेकी छु। त्यो काम नसकी विवाह गरिहाल्ने सोचेकी छैन। (जिस्किँदै) फेरि तपाईंलाई थाहै होला मलाई त जोन (जोन इब्राहिम) जस्तो श्रीमान् चाहिन्छ।

**– विपना थापा (अभिनेत्री)**

• विवाह यही उमेरमा गर्नुपर्छ भन्ने छैन। ढुक्क भए हुन्छ, मेरो विवाह एक दिन हुन्छ-हुन्छ।

**– निरुता सिंह (अभिनेत्री)**

• मभन्दा जेठी नायिकाहरूको त विवाह भएको छैन, मेरो के हतार ?

**– रेजिना उप्रेती (अभिनेत्री**

• विवाह नगरी त बस्न सक्दिन तर मन मिल्ने मानिसचाहिँ अवश्यै हुनुपर्छ, चाहे त्यो विवाहित नै किन नहोस्। ठ्याक्कै भन्ने हो भने कसौटीको मिस्टर बजाजजस्तो हुनुपर्छ।

**– जल शाह, (अमेरिका जानुअघि)**

अभिनेत्रीहरूका प्रेम र रोमांसको चर्चाले चलचित्रप्रेमीलाई आकर्षित गर्छ तर उनीहरूको लगनगाँठो जोडिने कुराको समाचारचाहिँ कमै सार्वजनिक हुन्छ।

**सेतो हात्ती पाल्नु बराबर**

अभिनेत्री पाल्नु सेतो हात्ती पाल्नु बराबर भन्ने अनुभव र तर्क गर्नेहरू पनि चलचित्रवृत्तमा प्रशस्तै भेटिन्छन्। आममानिस गएर खाने ठाउँमा बसेर खान अप्ठेरो हुने, आममानिसले प्रयोग गर्ने सवारीसाधनको ठाउँमा कम्तीमा पनि ट्याक्सीको व्यवस्था हुनैपर्ने, फेसनेबल भएर ठाँटिनैपर्ने। साथै धेरै पटक एउटै लुगा लगाउन लाज हुने आदि कारणले अभिनेत्रीहरू सेतो हात्ती बराबर महँगा मानिएका हुन्। यस किसिमको आर्थिक बोझ थाम्न सक्ने मानिसले मात्रै अभिनेत्रीसँग विवाह गर्ने हिम्मत राख्नुपर्ने हुन्छ। त्यसैकारण पनि लरतरो मानिसले अभिनेत्रीको हात थाम्ने हिम्मत नगरेका हुन सक्छन्।

**विवाहले क्रेज घटाउला ?**

कतिपय अविवाहित अभिनेत्रीहरू विवाह नगर्नुको कारण फुर्सद नभएर वा काम पाइरहेकी छु भन्ने बताउँछन्। उनीहरू अप्रत्यक्ष रूपमा विवाहले क्रेज घटाउँछ भन्छन्

बाँकी पृष्ठ ९ मा

**अविवाहित अभिनेत्रीहरूको अनुमानित उमेर**

| | |
|---|---|
| मिथिला शर्मा | ४० |
| मनीषा कोइराला | ३७ |
| मेलिना मानन्धर | ३२ |
| दीपाश्री निरौला | ३१ |
| निरुता सिंह | ३० |
| बिपना थापा | २९ |
| जल शाह | २७ |
| रेजिना उप्रेती | २६ |
| उषा पौडेल | २५ |
| ऋचा घिमिरे | २४ |
| पुजना प्रधान | २३ |
| नन्दिता के.सी. | २३ |
| सज्जा मैनाली | २३ |

साप्ताहिक



मध्यपृष्ठमा

एली

पृष्ठ १० मा

अझै दुई वर्ष टर्‍यो





पृष्ठ १० मा

केवल एक प्रश्न

पृष्ठ १६ मा

नजिकबाट जुना





पृष्ठ १४ मा

जाडोमा क्याम्प तताउने तयारी

## सुटिङ स्पटमा

# कलाकारहरूको दिनचर्या

पर्दामा विभिन्न भाव भंगिमामा प्रस्तुत हुने अभिनेता हरिवंश आचार्यको बारेमा आ-आफ्नै तवरले विश्लेषण गर्नेहरू धेरै छन् । विशेष गरी सुटिङका क्रममा उनको हाउभाउ कस्तो हुन्छ ? जोसुकैलाई चाख लाग्न सक्छ ।

क्यामेरा अन भएपछि 'टेक' दिन लाग्दा कलाकारले अभिनयप्रति प्रतिबद्ध हुनैपर्छ तर क्यामेराको पछाडि बस्दा वा मेकअपका क्रममा हरिवंशलाई हेर्न चाहनेहरू बढी हुन्छन् । विशेषगरी सहर बाहिर सुटिङ हुँदा हरिवंशलाई देखेपछि बालबालिकाको ओइरो नै लाग्छ । जसले जस्तो किसिमको प्रश्न सोधे पनि उनी ठट्यौली पारामा जवाफ दिन्छन् ।

अर्का अभिनेता भुवन केसी भने भिन्न प्रकृतिका छन् । सुटिङ स्पटमा काम नहुँदा पनि गैरचलचित्रकर्मीसँग उनको त्यति धेरै उठबस हुँदैन । भुवन सर्वसाधारणसँग गफ गर्न पनि त्यति रुचाउँदैनन् तर आफैले चलचित्र बनाउने बेलामा भने उनको बोल्ने शैली नै फरक हुन्छ । आफ्नो चलचित्र प्रदर्शन हुनअघि जोसुकैसँग पनि उनी हात मिलाउँदै अंकमाल गर्नसमेत पछि पर्दैनन् । त्यसैले पनि भुवन केसीलाई व्यापारिक सोच भएको निर्माता भनिन्छ ।

पर्दामा विभिन्न कलाकारले विविध चरित्र निर्वाह गरेका हुन्छन्, कलाकारको विषयमा राम्रो भेउ नपाउने दर्शकहरूले वास्तविक जीवनमा पनि कलाकारले त्यस्तै नियति भोग्नुपरेको अनुमान समेत गर्छन् तर पर्दामा देखिएको चरित्र र वास्तविक जीवनमा आकाश-पातालको अन्तर हुन्छ । प्रायः चलचित्रमा हँसिली र फरासिली देखिने जल शाहको वास्तविक जीवनशैली अलि भिन्न छ । सुटिङ होस् वा अन्य कुनै सार्वजनिक जमघटमा जल नचिनेकाहरूसँग बोल्न चाहँदिनन् । त्यसो त जल प्रशंसाको भोको पनि छिन् । उनलाई आफ्नो कमजोरी औंल्याइदिएको मन पर्दैन ।





जलकै समकक्षी नायिका विपना थापा भने फरासिली नायिकाका रूपमा चिनिन्छिन् । सुटिङ क्रममा गफ गर्ने साथी पाइने भने धोती फुस्किएको पत्तो पाउँदिनन् विपना । उनलाई पनि कमजोरी औंल्याइदिएको त्यतिसाऱ्हो मन पर्दैन तर कसैले 'कमेन्ट' गर्दा रिसाइहाल्ने बानी भने छैन । अर्की नायिका निरुता सिंह पनि हत्तपत्त जो-कसैसँग बोल्न चाहँदिनन् । चलचित्र र अभिनयका प्रसंगमा खुलेर कुरा गरे पनि अन्य प्रसङ्गमा निरुता प्रायः चुप रहन रुचाउँछिन् तर मनमिल्ने साथी पाइन् भने सुटिङबाट फुर्सद पाएका बेला विभिन्न चल्तीका गीत गुनगुनाउने निरुताको पुरानै बानी हो ।

सुटिङबाट फुर्सद पाएपछि पत्रपत्रिका र विभिन्न पुस्तक अध्ययन गरेर समय कटाउनु राजेश हमालको पुरानै बानी हो । अहिलेसम्म पनि यो क्रममले निरन्तरता पाइरहेको छ । कसैले कुनै प्रश्न सोध्यो भने प्रष्ट जवाफ दिने राजेश हमाल आफ्ना बारेमा गरिने 'कमेन्ट' पनि चाख मानेर सुन्छन् । अर्का नायक रमित ढुंगानाको चाहिँ जिस्किरहने बानी छ । सुटिङबाट फुर्सद पाएपछि उनी अरूलाई पनि हँसाइरहन चाहन्छन् । रमित भन्छन्- कामले गर्दा सबैजना थकित हुन्छन् । एकछिन् मात्रै भए पनि हाँस्न पाइयो भने काम गर्ने उत्साह बढ्छ । त्यसो त कहिले 'जोक्स' त कहिले अरू नै हाँसोउठ्दो प्रसंग अनुसार युनिटलाई नै हँसाउन खप्पिस छन् रमित ।

किरण केसी तथा दिलीप रायमाझी एउटै युनिटमा छन् भने सुटिङमा आबद्ध सबैलाई रमाइलो लाग्छ । सुटिङबाट फुर्सद पाएपछि हाँस्नु र हँसाउनु त उनीहरूको पुरानो चलन हो । दिलीपकै सहकर्मी रमेश उप्रेती र सुशील क्षेत्री भने चुपचाप अरूको गतिविधि हेरेर बसिरहन्छन् । गफको प्रसंगमा रमेश सक्रिय भएर बोल्छन् भने सुशीलको हाँसेर सहमति जनाउने बानी छ । चरित्र अभिनेत्री सुशीला रायमाझी पनि चलचित्रबाहेकको प्रसंगमा त्यति सक्रिय हुन्नन् । सुटिङ स्पटमा आफ्ना नितान्त नजिकका साथीहरूसँग मात्रै गफ गर्ने उनको बानी छ । अर्की नायिका शर्मिला मल्ल भने साथी पाइन् भने बोलेर थाक्दिनन् । जोसँग पनि सामान्य रूपमा प्रस्तुत हुन सक्ने क्षमता भएकी शर्मिला दर्शकहरूसँग आफ्ना पुराना चलचित्रका विषयमा कुरा गर्न पाइन् भने साह्रै मख्ख पर्छिन् ।

# तपाईंको यो साता



ज्यो. पं. ओजराज उपाध्याय लोहनी

## मेष

गलत विचारले सताउनेछ । आलोचना पनि हुने देखिन्छ । खर्च एवं विवाद बढ्नेछ । स्वास्थ्यमा समस्या उत्पन्न हुँदा मनोबल घट्नेछ । शरीरमा चोटपटक लाग्न सक्छ तथा लेनदेनमा विवाद बढ्न सक्छ । शनिबारदेखि मान-सम्मान मिल्ने तथा यात्रा हुने योग छ । पराक्रम बढ्नुका साथै नयाँ काम प्राप्त हुनसक्छ । आम्दानी पनि बढ्न सक्छ । सफलताका लागि संयमित रहनुहोला ।

## वृष

समय बलियो छ । सोच्ने शक्ति एवं बोलीको प्रभाव बढ्नेछ । धन आर्जन तथा रमाइलो यात्रा गर्ने अवसर मिल्नेछ । अरूमाथि विश्वास गर्न सकिन्छ । मान-सम्मान प्राप्त हुनेछ । सभा-सम्मेलनमा सहभागी हुने अवसर मिल्ला । पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम प्राप्त हुने योग छ । शनिबार तथा आइतबार खर्च, विवाद एवं चिन्ता बढ्न सक्छ ।

## मिथुन

मान-सम्मान मिल्नेछ । अरूबाट प्रशंसा पनि होला । धन आर्जन गर्ने अवसर मिल्नेछ । अध्ययनमा सफलता हासिल हुनेछ । सोच्ने शक्ति तथा पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने एवं नयाँ काम प्राप्त हुने योग छ । सोमबार तथा मंगलबार खर्च एवं विवाद बढ्नसक्छ । काममा अवरोध आउनुका साथै झूटा लान्छना पनि लाग्नसक्छ ।

## कर्कट

धार्मिक कार्यमा रुचि बढ्नेछ । भाग्यले साथ दिइनेछ । सोच्ने शक्ति बलियो हुनेछ । आफन्तहरूको उचित सहयोग प्राप्त हुने तथा धन आर्जन गर्ने अवसर मिल्नेछ । अध्ययनमा सफलता मिल्नुका साथै मान-सम्मान प्राप्त हुने योग छ । कुरा काट्नेहरू प्रशंसा गर्न थाल्नेछन् । ठूला व्यक्तिले पनि तपाईंको भरोसा गर्नुका साथै महत्त्वपूर्ण जिम्मेवारी प्राप्त हुनसक्छ ।

## सिंह

सुरुमा स्वास्थ्यसम्बन्धी समस्या उत्पन्न हुनसक्छ । अरूबाट आलोचना पनि हुने देखिन्छ । घरेलु समस्याले सताउनेछ । हाड जोर्नी दुख्ने योग छ । रिसको बेग बढ्नुका साथै आफूले गरेको निर्णयले आफैलाई हानि पुऱ्याउन सक्छ । भाग्यले पनि साथ दिनेछ । मान-सम्म्मान मिल्नुका साथै धन आर्जन गर्ने अवसर जुट्नेछ । पराक्रम बढ्ने, अधुरा काम बन्ने तथा नयाँ काम प्राप्त हुने योग छ ।

## कन्या

रमाइलो यात्रा हुने तथा भेटघाटमा रमाउने अवसर मिल्नेछ । व्यवसाय बढ्नुका साथै अरूको विश्वास जित्न सकिनेछ । मान-सम्मान पनि प्राप्त होला । धार्मिक कार्यमा रुचि एवं आम्दानी तथा पराक्रम बढ्नेछन् । अधुरा काम बन्ने एवं नयाँ काम पाइने सम्भावना छ । स्वास्थ्यमा समस्या उत्पन्न हुने, काममा अवरोध आउने एवं चिन्ता बढ्ने योग छ ।

## तुला

शत्रुले सताउनेछन् । स्वास्थ्य पनि कमजोर रहला । मन दुविधाग्रस्त रहनेछ । विवाद बढ्नुका साथै धनमाल पनि हराउन सक्छ । विश्वास गरेकाहरूले धोका दिन सक्छन् । कुराकाट्नेहरू बढ्नेछन् । शनिबार तथा आइतबार प्रसन्नता बढ्नेछ । काममा सफलता मिल्नुका साथै यात्रा गर्ने अवसर मिल्नेछ । भेटघाटमा रमाउने अवसर जुट्नेछ । अरूले तपाईंको सम्मान गर्नेछन् ।

## वृश्चिक

सोच्ने शक्ति बढ्नेछ । ठूला व्यक्तिले पनि तपाईंको भरोसा गर्न थाल्नेछन् । व्यवसाय बढ्नुका तथा यात्रा गर्ने अवसर मिल्नेछ । कुरा काट्नेहरू प्रशंसा गर्न थाल्नेछन् । आम्दानी तथा पराक्रम बढ्नेछ । अधुरा काम बन्ने एवं नयाँ काम प्राप्त हुने योग छ । शत्रुबाट सजग रहनुहोला । स्वास्थ्यको पनि ख्याल गर्नुपर्नेछ ।

## धनु

आफन्तहरूको सहयोग मिल्नेछ । सोच्ने शक्ति बढ्नुका साथै अरूले प्रशंसा गर्न थाल्नेछन् । अधुरा काम बन्ने तथा नयाँ काम प्राप्त हुने योग छ । व्यवसाय बढ्ने तथा यात्रा गर्ने अवसर मिल्नेछ । भेटघाटमा रमाउने अवसर पनि मिल्नेछ । सोमबार तथा मंगलबार शत्रु बढ्ने एवं स्वास्थ्यमा समस्या देखा पर्ने योग छ । काममा अवरोध खडा हुन सक्छ । चिन्ता पनि बढ्नेछ । अरूबाट आलोचित हुनुपर्ला ।

## मकर

पराक्रम बढ्नेछ । अरूबाट सहयोग प्राप्त हुनेछ । सोच्ने शक्ति बढ्नुका साथै धन आर्जन गर्ने अवसर मिल्नेछ । कुराकाट्नेहरू प्रशंसा गर्न थाल्नेछन् । मान-सम्मान पनि पाइनेछ । आफन्तहरूको उचित सहयोग मिल्ने तथा अधुरा काम बन्नुका साथै नयाँ काम प्राप्त हुने योग छ । महत्त्वपूर्ण जिम्मेवारी मिल्ने एवं यात्रा गर्ने अवसर जुट्नेछ । मित्रहरूबाट उचित सहयोग हासिल हुनेछ ।

## कुम्भ


सुरुमा बोलीको प्रभावका साथै पराक्रम बढ्ने तथा अधुरा काम बन्ने योग छ । नयाँ काम पाइन सक्छ । अरूको मनसजिलै जित्न सकिनेछ । मान-सम्मान पनि पाउनुहोला । धन आर्जन गर्ने अवसर मिल्नेछ । आफन्तहरूको उचित सहयोग प्राप्त हुनेछ । अध्ययनमा प्राप्त हुने सफलता यथावत् रहनेछ । धार्मिक कार्यमा रुचि बढ्नेछ भने धन आर्जन गर्न सकिनेछ ।

## मीन

समय बलियो बन्दै जानेछ । सुरुमा मान-सम्मान मिल्नुका साथै अरूबाट सहयोग पनि पाउनुहोला । प्रसन्नता एवं पराक्रम बढ्नेछ भने भाग्यले पनि साथ दिनेछ । धार्मिक कार्यमा रुचि बढ्नुका साथै अध्ययनमा सुधार आउनेछ । अधुरा काम बन्ने तथा नयाँ काम प्राप्त हुने योग छ । स्वास्थ्यमा सुधार आए पनि खानपानमा विचार पुऱ्याउनुहोला ।

## यो साताको पञ्चाङ्ग

मंसिर १५ गते : विश्व एड्स दिवस, १८ गते : धान्य पूर्णिमा (योमरी पूर्णे)





100% रोजगारीको व्यवस्था भएको
होटल तालिम
गैरसरकारी संस्थाको सहयोगमा ४०% छुट
कुक, वेटर, हाउसकिपिङ्ग, रुमब्वाइ, बेलब्वाई तथा केयरगिभर आदि ।
साथमा English Language पनि
नोट: कुक सिक्नेलाई Waiter फ्रि
Exempted Preparation
Eng/Math/Science
Tuition
9, 10, SLC & ALL LEVEL ALL SUBJECTS
Languages
English, Japanese & Hebrew भाषा
कामना
4601878, 9841268409
गोटेश्वर चोक (प्रहरी चौकी संगै)

## ;ftf ;+If]k

**मंसिर ८–** जनसेना पाल्न सरकारद्वारा माओवादीलाई ७ करोड रुपैयाँ विनियोजित।
- एमालेद्वारा नेकपा (माओवादी) सहित अन्य वाममोर्चाहरूसँग गाणतान्त्रिक मोर्चामा एकताबद्ध हुनुपर्ने प्रस्ताव।
- सरकारद्वारा शान्तिकोषको स्थापना, पूर्ण शान्ति बहाल गर्न ६ अर्ब रुपैयाँको आवश्यकता।
- जङ्गबहादुर राणाका सन्तानलाई १ सय २१ वर्षपछि पुर्ख्यौली सम्पत्ति प्राप्त।

**मंसिर ९–** विदेशमा रहेका १५ लाख नेपालीलाई संविधानसभाको निर्वाचनमा समावेश गर्न एन.आर.एनका प्रतिनिधिहरूद्वारा माग।
- सबै भूपू गोरखा सैनिकले बेलायती नागरिकता पाउने।
- प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालादेखि प्रचण्डसम्मले गाडीको अनधिकृत प्रयोगको खुलासा, सर्वत्र विरोध।
- नेकपा (एमाले) को सम्पन्न केन्द्रीय बैठकद्वारा गणतान्त्रिक मोर्चा गठनको प्रस्ताव, साना वामपन्थी दलसँग एकताको प्रस्ताव।
- उच्चस्तरीय जाँचबुझ आयोगद्वारा बुझाइएको प्रतिवेदनको एक सातापछि प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाद्वारा सुरक्षा प्रमुखसँग छलफल।

**मंसिर १०–** विद्युत् प्राधिकरणद्वारा दैनिक ९ घण्टा लोडसेडिङको तयारी।
- त्रिपक्षीय सम्झौतामा विलम्ब, सुरक्षा परिषद्को म्यान्डेडपछि मात्र संयुक्त राष्ट्र संघद्वारा दुवै सेना तथा हतियारको अनुगमन गर्ने।
- प्युठानमा नेपाली सेनाद्वारा स्थानीयवासीलाई हातपातको विरोधमा गाउँलेद्वारा ६ जना सैनिक कब्जामा।

**मंसिर ११–** नागरिक विधेयक पारित, संविधानको धारा ८, ९ र १० अमान्य घोषित।
- हतियार व्यवस्थापनको कुरा नमिल्दा माओवादी सेनाका ६ ठूला तथा ५ साना ब्यारेक अधुरा, जनसेना खुला आकाशमुनि।
- शान्ति प्रक्रियामा सघाउन जर्मनीद्वारा नेपाललाई झन्डै ४ अर्ब सहयोग गर्ने।

**मंसिर १२–** विषाक्त चकलेटका कारण ललितपुरको श्रमिक शान्ति उच्चमाध्यामिक विद्यालय अध्ययनरत २७ विद्यार्थी बिरामी।
- वीरगन्जका व्यापारी एवं बैंकिङ कार्यालयहरूमा भारतीय आपराधिक समूहद्वारा इमेल धम्की, पीडितद्वारा सरकारसमक्ष सुरक्षा माग।
- राष्ट्रसंघका महासचिव कोफी अन्नानद्वारा नेपालको शान्ति प्रक्रियालाई सघाउन थप ६० जना विशेषज्ञ नेपाल पठाइने जानकारी।

**मंसिर १३–** सेनाका प्रमुख अधिकृतहरूले उमेर सच्याएको रहस्योद्घाटन, कारबाही हुनुपर्ने कानुन व्यवसायीको माग।
- सरकार, माओवादी तथा संयुक्त राष्ट्रसंघबीच त्रिपक्षीय सम्झौता, हतियार भण्डार गर्न भारतबाट ७० वटा कन्टेनर।
- एयर चाइनाले सन् २००७ देखि नेपालमा हवाई विस्तार गर्ने सहमति।
- भारतद्वारा माओवादी नेता मोहन वैद्य तथा चन्द्रप्रकाश गजुरेलका सबै मुद्दा फिर्ता, केही दिनभित्रै दुवै नेता नेपाल फर्काइने सम्भावना।
- गोली चलाउन सिकिरहेको अवस्थामा माओवादी सेनाको गोली लागी माओवादी सेनामा भर्ती हुन गएका रमेश खनालको मृत्यु।

## शान्तिको अर्को सन्देश

# हतियारको व्यवस्थापन हुने भयो

**साप्ताहिक समाचार**

काठमाडौं– सरकार तथा माओवादीबीच बृहत् शान्ति सम्झौतामा हस्ताक्षर भएको एक सातापछि शान्ति बहालीका लागि अनिवार्य सर्तका रूपमा रहेको हतियार व्यवस्थापनको मोडलमा सरकार तथा माओवादी दुवैले हस्ताक्षर गरेका छन्। शान्ति बहालीका लागि अनुगमनमा आएको राष्ट्रसंघको टोलीसहित सरकार तथा माओवादीबीच भएको उक्त सम्झौतामा माओवादीका सेना बस्ने स्थान, हतियार भण्डारण गर्ने तरिका तथा त्यसमा राष्ट्रसंघले गर्ने अनुगमनको शैली आदिका सम्बन्धमा स्पष्ट किटान गरिएको छ। सम्झौतामा राष्ट्रसंघका महासचिव कोफी अन्नानका प्रतिनिधि इयान मार्टिनले हस्ताक्षर गरेकै दिनदेखि सम्झौता कार्यान्वयन प्रारम्भ हुने बताइएको छ। सम्झौतामा जुन परिमाणमा माओवादीका हतियार भण्डारण गरिन्छ त्यही अनुपातमा नेपाली सेनाका हतियार पनि भण्डारण गर्नुपर्ने माओवादीको सर्त पनि स्वीकार गरिएको छ। हतियारको दुरुपयोग नहोस् भन्ने अभिप्रायले संयुक्त राष्ट्रसंघले युद्धमा राम्रो अनुभव भएका अवकाशप्राप्त सेनालाई अनुगमनका लागि काठमाडौं भित्राउने भएको छ। राष्ट्रसंघले आफ्नो मतहतमा रहने गरी सेतो कन्टेनरमा हतियार राखिने, त्यसको साँचो सम्बन्धित सेनालाई नै दिने तथा त्यसको अनुगमनका लागि चौबीसै घण्टा क्यामेराजडित टेलिभिजनमार्फत अनुगमन गर्ने जनाइएको छ। कसैले कन्टेनरमा भएको हतियार चलाउनेबित्तिकै साइरन बज्ने तथा राति आकस्मिक बिजुली बल्ने व्यवस्था मिलाइनेछ।

केही समयअघि माओवादीद्वारा भर्ना गरिएका जनसेनालाई संयुक्त राष्ट्रसंघ तथा सरकारले अमान्य घोषित गरेको छ। शान्ति सम्झौतामा छ महिनाअघि माओवादी सेनाभित्र रहेर काम गरिसकेका तथा १८ वर्ष उमेर काटेका व्यक्तिलाई मात्र माओवादी सेनाको दर्जा दिने उल्लेख छ। सम्झौतापछि हतियार प्रदर्शन, धम्की तथा कुनै किसिमका हिंसात्मक गतिविधिलाई कानुनअनुसार सजाय हुने बुरा सहमतिमा उल्लेख छ। यसबाट सम्झौतालगत्तै विगत १० वर्षदेखि जनयुद्धका नाममा माओवादीले गर्दै आएका सबै किसिमका जबरजस्ती कानुनी रूपमा दण्डनीय भएको छ।

द्वन्द्वविशेषज्ञ, सात राजनैतिक दलका प्रतिनिधि, मानवअधिकारवादी, नागरिक समाज तथा माओवादीसहितको बारम्बार बसेको बैठकले दिएको सुझावअनुसार हतियार व्यवस्थापनको उक्त मोडल तयार भएको हो। संयुक्त राष्ट्रसंघले अन्य द्वन्द्वग्रस्त देशमा हुने मोडलअनुसार नै नेपालमा पनि हतियार व्यवस्थापन गर्न चाहे पनि सरकार तथा माओवादीले फरक शैलीमा हतियार व्यवस्थापन गर्न चाहेकाले बैठकले लामो समय लिएको गृहमन्त्री कृष्णप्रसाद सिटौलाले साप्ताहिकलाई बताए। बैठक लम्बिनुमा माओवादीले आफ्नो सेनालाई जनमुक्ति सेना नामकरण गर्नुपर्ने तथा उनीहरूलाई अस्थायी ब्यारेकमा नेपाली सेनासरह सुविधा दिनुपर्ने माग पनि मुख्य थियो। सरकारले भने नेपाली सेनाभन्दा केही कम सुविधा दिने तथा माओवादी सेनाका सबै लडाकुलाई समान दर्जाको हैसियत प्रदान गर्ने प्रस्ताव राखेको थियो। लामो वार्तापछि सरकारी तथा माओवादीबीच एक खुड्किलो तल झरेर सम्झौता भएको छ। कृष्णप्रसाद सिटौला तथा कृष्णबहादुर महराले हस्ताक्षर गरेको उक्त सम्झौतामा नेपालका लागि राष्ट्रसंघीय प्रतिनिधि इयान मार्टिनले हस्ताक्षर गरेलगत्तै संयुक्त राष्ट्रसंघका महासचिव कोफी अन्नानको कार्यालयमा पुग्नेछ। त्रिपक्षीय हस्ताक्षर हुने सम्भावना बढेपछि यसअघि नै अन्नानले पनि संयुक्त राष्ट्रसंघको सुरक्षा परिषद्मा नेपालमा शान्ति स्थापनाका लागि ६० विशेषज्ञ पठाउने प्रस्ताव पारित गराएका छन्। १५ दिनभित्र ती विशेषज्ञ नेपाल उत्रिसक्ने सम्भावना छ।

सम्झौतामा नेपाली सेनाका विषयमा पनि स्पष्ट किटान गरिएको छ। सम्झौतापछि नेपाली सेनाले आफ्ना गतिविधि ब्यारेकबाहिर गर्न पाउनेछैनन्। तालिम, हतियारको प्रदर्शन एवं अन्य गतिविधि सेनाले आफ्नै ब्यारेकमा गर्नुपर्ने किटानी सम्झौतामा गरिएको छ। माओवादीले भण्डारण गरेको हतियार बराबर नै सेनाले आफ्नो हतियारलाई भण्डारण गर्नुपर्ने भएको छ। सेनाले भण्डारण गरेको हतियार संयुक्त राष्ट्रसंघको लोगो अङ्कित कन्टेनरमा ताला लगाएर राखिने व्यवस्था गरिएको छ। ताला खोल्ने वा हतियार चलाउने प्रयास भए साइरन बज्ने तथा क्यामेरायुक्त टेलिभिजनले त्यसको जानकारी दिने व्यवस्था मिलाइनेछ।

'हामीले सशस्त्र द्वन्द्व अन्त्य गर्न इमान्दारी देखाएका छौं।' सम्झौतामा हस्ताक्षर भएपछि माओवादी प्रवक्ता कृष्णबहादुर महराले प्रफुल्ल मुद्रामा भने– 'यसले राजनैतिक रूपान्तरणको ढोका खोलेको छ।' उक्त सम्झौतामा माओवादी सेनाका उप-कमाण्डर पासाङ, अनन्त, बलदेव तथा प्रभाकर कृष्णबहादुर महरासँग थिए। सम्झौतालाई तार्किक निष्कर्षमा पुऱ्याउने जिम्मा माओवादीले डा. बाबुराम भट्टराईलाई जिम्मा दिएको थियो। सरकारका तर्फबाट संयोजक सिटौलासँग वार्ताटोलीका सदस्य प्रदीप ज्ञवाली, रमेश लेखक सुरक्षातर्फ सेना तथा प्रहरीका उच्च अधिकारीहरूको संलग्नता थियो। शान्ति व्यवस्थापनमा कुनै अप्ठ्यारो नआओस् भन्ने अभिप्रायले सरकार तथा माओवादीबीच कुनै समस्या परे उक्त सम्झौतालाई दुवैको सहमतिमा सच्याउन सकिने व्यवस्था पनि छ।

## मुखाले

-राजा ज्ञानेन्द्रलाई अन्तरिम राष्ट्रपति बनाउनुपर्छ।

**गोपालमान श्रेष्ठ, मन्त्री**

-अन्तरिम सरकार गिरिजाप्रसाद कोइरालाको एकलौटी हक नभएकाले प्रधानमन्त्रीले बोलेका कुराले एमालेलाई फरक पार्दैन।

**माधवकुमार नेपाल**

-बहुराष्ट्रिय कम्पनीका मालिकलाई नागरिकता उपलब्ध गराउन नागरिकता विधेयकले ढोका खोलेकाले म यसको विपक्षमा छु।

**नारायणमान विजुक्छे**

-प्रतिनिधिसभा जनआन्दोलनले स्थापित भएकाले यो २०४७ सालको संविधानअन्तर्गत रहँदैन।

**सुवास नेम्वाङ, सभामुख**

-सरकारसँग सम्झौता गरेर ७ करोड लिइसकेपछि पनि माओवादीले चन्दा असुलिरहनुले उनीहरूको सोच कस्तो छ भन्ने थाहा हुन्छ।

**डा. रामशरण महत, मन्त्री**

-नेपालका सबैभन्दा पीडित भनेकै महिला हुन्। उनीहरूले तल्लो जातिले भन्दा बढी पीडा खेपिरहेका छन्।

**केपी शर्मा ओली, उपप्रधानमन्त्री**

निशुल्क ब्यूटिसियन ट्रेनिङ्ग

NGO को सहयोगमा नेपाल सरकारबाट मान्यताप्राप्त वरिष्ठ ब्यूटिसियनहरुद्वारा अत्याधुनीक मेशिनहरुले छोटो समयमा कोर्षहरु ग्यारेण्टी का साथ Basic Diploma, Advance र Special Course मा सिमित सिटमा रोजगारीको अवसर सहित भर्ना खुल्यो।
PTC ट्रेनिङ्ग सेन्टर
रुद्र विषालबजार दोस्रो तल्ला, कलंकी काठमाण्डौ, फोन नं. २०२३४०६

तालिमको लागी
- मोबाईल फोन
- मोटरसाईकल
- एसी / फ्रिज
- रेडियो. टेलिभिजन
- हाउसवायरिङ्ग
- मोटरवाईण्डिङ्ग
- कम्प्युटर हार्डवेयर
- कुक ट्रेनिङ्ग

११ वर्ष पुरानो
२०% छुट
तालिमका लागि सम्पर्क
राज टेक्निकल
नयाँ बानेश्वर, शिव दर्शन हल अगाडी
फोन: 4495581
नोट: विदेश जानेलाई विशेष कोर्ष।

पासहुनेनै हो त ? मात्र १ महिनामै !
समय: बिहान/दिउँसो/बेलुका तयारी कक्षा सञ्चालन भइरहेछ। माध्यम: अंग्रेजी/नेपाली
Private
Test-SLC Exempted
D.E.O.
I.A, I.Com.
T.U.
प्राइभेट एकेडेमी
पुतलीसडक, काठमाडौं 4422105

विशेष ५०% छुटमा होटल तालिम शुरु
तालिमहरु: कुक, वेटर, क्याप्टेन, तन्दुरी, वारमेन, स्टोरकिपर, हाउसकिपिङ्ग, रुम ब्वाई, बेल ब्वाई, फ्रन्ट अफिसर, रिसेप्सनिष्ट, सुपरभाईजर, बेकरी
विशेषताहरु:
साहारा होटेल तालिम सेन्टर (S.M.T.T.C.)
रयाडीसन कुकिङ्ग तालिम सेन्टर (R.M.D.T.T.C.)
फोन: नयाँ बानेश्वर, (BICC पानी ट्याङ्कीको ठीक अगाडी)

होटल तालिम
कुक- 4100/- हिब्रु भाषा तालिम वेटर-1300/-
साथै केयर गिभर, हाउसकिपिङ, लण्ड्रिमेन, सेक्युरिटी गार्ड तालिम, निशुल्क अंग्रेजी भाषा, वैदेशिक रोजगारीको अवसर
होस्टलको व्यवस्था
लगनखेल 5532984, 9841207258 MMTC
गोंगबु चोक 016214510, 4442957 BMTC



Be an Air Hostess
Be a Flight Steward
Admission OPEN
FREE Facilities
Swimming
Stationery
Airport Familiarization
Scarf
After successful training
WE PROVIDE Job Placement Assistance in NEPAL, INDIA as well different international Airlines
Highly experience instructors
Licence holders from CAAN
Air Hostess Training Institute (P) Ltd.
NECO Complex (Opp. BICC hall, Main Gate) New Baneshwor KTM.
Ph# 4783564, 2042030

B.E. ENTRANCE
Admission Open : Preparation Classes
* Highly experienced teachers from I.O.E. Pulchowk Campus and other renouned colleges.
* Free text books, Question bank and practice sheets.
* Managed by a group of reputed senior teacher of I.O.E. pulchowk Campus
* 98% Success in I.O.E. Entrance among our students.
KANTIPUR EDUCATIONAL INSTITUTE (KEI)
Kupondol, Tel: 5540917, website:www.kei.edu.np
Email:info@kei.edu.np

# नागरिकता र नागरिक

कुनै पनि व्यक्तिलाई आफ्नो मुलुक प्यारो हुन्छ । भाषा, संस्कृति, रहनसहन आदि कुराहरूले मानिसको बसोबास एवं राष्ट्रियतालाई निर्धारण गर्छ । वी.पी कोइरालाले भने जस्तै– राष्ट्र भनेको ढुंगा, पहाड, नदीनाला होइन । राष्ट्र भनेका जनता हुन् र जनताको दैनिकी नै राष्ट्रियता हो । यो परिभाषालाई संसारका धेरै मुलुकले स्वीकार गरेका छन् । मानवीय स्वतन्त्रताको उत्कर्षमा पुगेर व्याख्या गर्नेहरू भन्छन्– कुनै पनि मुलुकलाई आफ्ना नागरिक चुन्ने अधिकार छैन् तर हरेक व्यक्तिलाई आफू कहाँ बसोबास गर्ने, कस्तो रोजगारी गर्ने, कस्तो किसिमको जीवनशैली अपनाउने आदि कुरामा निर्णय गर्ने पूर्ण स्वतन्त्रता हुनुपर्छ । यो बृहत् र सर्वव्यापी परिभाषाले मानिसको वैयक्तिक स्वतन्त्रताको नयाँ आकाश खोलेको छ । यो सर्न्दभमा कुनै पनि मुलुकले नागरिक र उनीहरूको नागरिकताका बारेमा अबको संसारमा संकुचित धारणा बनाउनुहुँदैन । मन, वचन र कर्मले कसैले कुनै मुलुकलाई आफ्ना लागि रोज्छ भने सम्बन्धित मुलुकले पनि आफ्ना नागरिकतासम्बन्धी ऐन नियमहरूलाई लचिलो पार्नु आवश्यक छ । नेपालको सन्दर्भमा पुनर्स्थापित प्रतिनिधिसभाले पारित गरेको नागरिकतासम्बन्धी ऐनलाई स्वागतयोग्य मान्नुपर्छ ।

उक्त ऐन लागू गर्न अहिले सरकारले आगामी संविधान सभाको निर्वाचन अगाडि नियमावलीहरू बनाउन गृह मन्त्रालयलाई निर्देशन दिएको छ । गृह मन्त्रालयले नियमावली बनाएपछि सरकारले जिल्ला–जिल्लामा नागरिकता टोली खटाउने व्यवस्था गरिसकेको छ । उक्त टोलीले तीन महिनाभित्रै नागरिकतासँग सम्बन्धित समस्याहरूको छिनोफानो गर्ने विश्वास गरिएको छ । यसका साथै प्रतिनिधिसभाले दशकौंदेखि राजनैतिक विवादका विषयका रूपमा रहेको तत्कालीन संविधानमा रहेका  नागरिकतासम्बन्धी केही धाराहरूलाई खारेज गरेको छ । २०४७ सालको संविधानमा पनि संविधान निर्माताहरूले नागरिकता वितरणको आधार विक्रम संवत् २०२० लाई मान्ने तत्कालीन पञ्चायती संविधानको व्यवस्थालाई यथावत् राखेका थिए तर अहिले जारी गरिएको नयाँ ऐनले विक्रम संवत् २०४६ लाई नागरिकता वितरणको आधार वर्षका रूपमा स्वीकार गरेको छ । नयाँ ऐनले गरेको व्यवस्थानुसार विक्रम संवत् २०४६ चैत मसान्तभन्दा अघि नेपाल सरहदभित्र जन्म भै स्थायी बसोबास गर्दै आएका व्यक्ति जन्मका आधारमा नेपालको नागरिक हुनेछन् ।

प्रतिनिधिसभाले मुलुकले लामो समयदेखि बेहोर्दै आएको नागरिकतासम्बन्धी समस्याको छिनोफानो गर्न लचिलो नीति अपनाउँदै नयाँ ऐन बनाए पनि उक्त ऐन विवादमुक्त हुन सकेको छैन । प्रतिनिधिसभाबाट सर्वसम्मतरूपमा पारित उक्त ऐनको विरोधमा अहिले संयुक्त राष्ट्रसंघीय मानवअधिकार उच्चआयुक्तको कार्यालय, प्रतिनिधिसभामा नरहेका विभिन्न साना राजनैतिक दल तथा महिला अधिकारसम्बन्धी संघ–संस्थाहरू देखापरेका छन् । यसरी उक्त ऐनको विरोध गर्नेहरूले त्यसलाई महिलाहरूको हकमा विभेदकारी कानुनको संज्ञा दिएका छन् । यस्ता विरोधका वावजुद पनि सरकारले आफ्नो सरहदभित्र जन्मिएका र निश्चित प्रक्रिया पूरा गरेका सबैलाई नागरिकता दिने साहसिक निर्णय गरेर व्यक्तिको स्वतन्त्रताको समेत सम्मान गरेको छ । यसअघि प्रतिनिधिसभाले आमाका नामबाट पनि सन्तानले नागरिकता प्राप्त गर्न सक्ने व्यवस्था गरेको थियो । नागरिकतासम्बन्धी आफ्ना पछिल्ला निर्णयहरूका कारण अहिले पुनर्स्थापित संसद् धेरै अर्थमा विवेकशील र मानवोचित निर्णय क्षमता भएको संसदका रूपमा देखापरेको छ । केही स्पष्टताको खाँचो तथा केही कुरा थप्नुपर्ने जस्ता कुराहरूका वावजुद प्रतिनिधिसभाका सदस्यहरू नागरिकतासम्बन्धी ऐन निर्माणका लागि धन्यवादको पात्र भएका छन् ।

# मैने ख्वाबों से तरासा जिसे....

धेरै पहिले सुनेको एउटा चलचित्रको  गीत । गीत मात्र होइन, एक सुन्दर कविता । प्रेमी-प्रेमिकाहरू सनातन कालदेखि यो धरामा, यो मृत्युलोकमा स्वप्नद्रष्टाकै रूपमा आए, कोही सपना देख्दादेख्दै परलोक गए, कोही स्वप्न भंग भएर गए, कोही यथार्थको गतिहीन दलदलमा, एकरस, पत्यारलाग्दो, वाकवाकीयुक्त जीवनयापन गरेर गए । कथा सरल छैन हृदयवान् प्रेमपन्थीहरूको । जहाँ प्रेमको प्रश्न गरिन्छ त्यहाँ कल्पनारिक्त, हृदयहीन व्यावहारिक संकीर्ण स्वार्थ भएका नारनारीहरू एक सपाट अर्थमा भाग्शालीहरू हुन् : भोजन, निद्रा, मैथुन, भ्रष्टाचार, छलकपट, पाखण्डता, मुखौटो परिवर्तन, चाटुकारिता आदि अत्यन्त निम्न स्तरको जीवन घचेटेर बिदा हुन्छन् भौतिक आकांक्षामा अतृप्त भएर ।

'भय' शब्दको प्रयोग नगर्नुको कारण हो- 'भय' वास्तविक 'भय' मानव जातिमा स्वस्थ रूपले उपस्थित भएको भए हामी यति पतीत हुने थिएनौं जति यथार्थतः छौं । महात्मा गान्धीजति निर्भीक मानिस इतिहासमा भेट्टाउन धेरै गाह्रो छ, साथै उनी भयभीत पनि थिए : कतै गलत संकल्प, गलत कर्म, आफैंबाट, आफ्नो देश सञ्चालन गर्ने अनुयायीहरूबाट हुन्छ कि भन्ने सोचबाट । उपमहाद्वीपको समग्र स्वभावअनुसार भारतमा पनि गान्धीको नाम जप्दै अनैतिक कर्ममा तल्लीन हुने नेता र अनुयायीहरूको जमात चानचुने आकारको थिएन र अहिले पनि छैन । गान्धीजीको सपनाले उकेरेको तस्बिर विकृत गर्नमा उनका मुखुण्डे अनुयायीहरूमध्ये धेरै जना एकनिष्ठ निर्लज्जतासित लागेका देखिन्छन् । अरूहरूको त चर्चा गर्नु नै अर्थहीन हुन्छ ।

यो सुरचित, सुललित गीत लौकिक प्रेमीले लौकिक प्रेमिकालाई सम्बोधन गरेको गीत हो । तर विस्तारित हुनसक्छ अरू आयामहरूमा । मानिस मूलतः एक स्वप्नदर्शी प्राणी हो । प्रेमी, कलाकार, चिन्तक, नेता र अरू बौद्धिक अभिव्यक्तिमा संलग्नदेखि लिएर सुदूर अनकन्टार जंगलमा भेडा-ब्राखा चराउने गोठाला-गोठाल्नी पनि केही सपना देखिरहेका हुन्छन्, पालिरहेका हुन्छन् । सपनाहरू सुषुप्त स्थितिसम्म मात्र सीमित छैनन्, जागृतिको अवस्थामा पनि आइरहन्छन् । एक गुणधर्म भएको सपना चंगेज खाँहरूले देखे, अर्को महात्मा गान्धीले देखे ।

उक्त गीत रचयिता र गीत गायकहरूको सपना र सपनाको तीक्ष्णताबाट उकेरिएका मूर्तिहरू मानिसको भावनात्मक लोकको प्रतिनिधित्व गर्छन् : मैने ख्वाबोंसे तरासा जिसे तुम उसि सिंहमरमरकी तस्बिर हो । इतिहासप्रसिद्ध युगल प्रेमीहरू आ-आफ्नो कल्पना र सामर्थ्यअनुसार एक-अर्काको तस्बिरलाई कल्पनाको उडानमा उकेरिरहेका हुन्छन् । काल्पनिक तापमा प्रत्येक प्रेमिका उर्वसी हुन्छे र प्रत्येक प्रेमी पुरुरवा हुन्छन् । अति तुच्छ स्वार्थलाई ध्यानमा राखेर प्रेम गर्नेहरूको संसारमा न कुनै सिंहमरमर हुन्छ, न त त्यसलाई उकेर्नुपर्ने आवश्यकता नै हुन्छ । कुसंस्कृत निजी संकीर्ण स्वार्थको परिपूर्तितिर



डा. डी.पी. भण्डारीसँग अन्तरंग

मात्र ध्यान  तानिएको हुन्छ । त्यस्तो संकीर्णतामा न परिष्कार हुन्छ, न त हुन्छ सांस्कृतिक सौरभ ।

पूरा हेर्नै बाँकी छ– केही लक्षण त देखिसक्यौं, देखिँदैछन्– नेपाली राजनेताहरूको सपना वा प्रजातन्त्रप्रेमीहरूले उकेरेको तस्बिर कस्तो अर्थ र चमक लिएर आउँछ । एक सनातन सत्य सबै प्रजातन्त्रप्रेमीहरूको चेतमा बास गरिरहेको हुनुपर्छ : कुसंस्कृतिको प्रबलता र सुसंस्कृतिको अभावमा प्रजातन्त्रजस्तो उच्च व्यवस्थालाई घचेट्न त सकिन्छ, तर अभ्यास गर्न गाऱ्हो हुन्छ । प्रजातन्त्र एक राम्रो अवसर मात्र होइन, एक ठूलो चुनौती पनि हो । यदि हामी आफ्ना गोचर र अगोचर चुनौतीहरूप्रति सतत सचेत भएर तदनुसार व्यवहार गर्न सक्छौं भने प्रजातान्त्रिक पद्धति र अभ्यास सफल हुन्छ ।

यदि मनपरी गर्ने अवसर हो भनी ठान्छौं भने त्यो प्रजातान्त्रिक दर्शनको उपहास मात्र हुँदैन, एक कष्टदायक विडम्बना पनि हुन्छ । धेरै उच्चारित भएर त्यो भनाइमा केही बासीपन आइसकेको भए पनि म पुनरुक्त गर्न चाहन्छु एक राजनैतिक चिन्तकको पदावली : इटर्नल विजिलेन्स इज द प्राइस अफ लिबर्टी । निरन्तर आत्मनिरीक्षण प्रजातन्त्रका लागि अथवा स्वतन्त्र हुने मार्गमा अति आवश्यक सर्त हो, मूल्य हो । इटर्नल विजिलेन्सको ठाउँमा इटर्नल साइकोफेन्सी (अन्तहीन चाकडी), इर्टनल करप्सन (अन्तहीन भ्रष्टाचार) र काम स्थगन, आलस्य, टालटुल गर्ने बानी हावी हुन्छन् भने डेमोक्रेसी मोबोक्रेसी (भीडतन्त्र) मात्र हुँदैन, मोकोक्रेसी (उपहासतन्त्र) पनि हुन सक्छ । देश चालकहरूले, राजनीति चालकहरूले आफ्नो चिन्तन, भविष्यदृष्टि र कल्पनामा प्रजातन्त्ररूपी सुन्दरीको अथवा एक विधायक विम्बलाई कस्तो स्थान दिएका छन् मेरा लागि अनुमान गर्न धेरै कठिन भैरहेको छ । मेरो नैसर्गिक आस्था शालीन प्रजातन्त्र नै भएकाले अहिलेको अति उत्साह, कर्कश ध्वनि, आयतन, उत्ताउलोपना, कुरूप आत्मप्रक्षेपण, चाटुकारिता, निरन्तरता आदि लक्षणको सम्मिलित प्रभाव उत्साहजनक नभएर केही नैराश्यको सन्देश दिन्छ । कुन्नि हाम्रा राजनेताहरूको सपनाभित्र यो युगको स्वभावअनुकूलको प्रजातन्त्रको मूर्तिको रूप कस्तो छ ?

'मैने ख्वाबों से तरासा जिसे तुम उसी सिंहमरमरकी तस्बिर हो ।' लगातार कुनै प्रेमिकाको मूर्ति प्रभा वा शील-सौन्दर्यबाट निरन्तर प्रभावित भैरहनु, तस्बिरबारे विविध मुद्रा र भावमा चिन्तनशील भैरहनुको तात्पर्य हो त्यही मूर्ति र विम्बलाई उकेर्दै जानु । जति उकेऱ्यो त्यति नै सुन्दर र प्रीतिकर हुदै जान्छ । कथा भन्छ, मानव इतिहासको अत्यधिक प्रभावशाली चित्रकार, मूर्तिकार माइकेल एन्जेलो पहिले कल्पनामा लामो कालसम्म डुबिरहन्थे– प्रेयसीको रूपका आन्तरिक र बाह्य छविबारे ध्यानमा डुबेजस्तै डुबिरहन्थे, अर्थात् प्रेयसीको मूर्ति उकेरिरहन्थे– लौकिक जगत्‌की नारी होस् कि जिजस क्राइस्टको अन्तिम भोजन होस् । उनी प्रत्येक सिंहमरमरभित्र देवदूत, एन्जेल देख्थे, त्यसलाई बाहिर ननिकालुन्जेलसम्म उकेरिरहन्थे । माइकेल एञ्जेलोले आफैं भनेका छन्- 'आई स द एञ्जेल इन द मार्बल एन्ड कार्बड अन्टिल आई सेट हिम फ्रि ।' गहिरिएर हेर्न सक्यो भने सबै कलाकार कवि र प्रेमीहरूको त्यही अवस्था हुन्छ । सपनाहरूलाई अभिव्यजना दिएर जबसम्म विरेचनानुभूति हुँदैन तबसम्म विविध तरंगको खेल चलिरहन्छ तीक्ष्ण सौन्दर्य रुचिले सम्पन्न अनुभोक्ताहरूभित्र ।

'मैने ख्वाबों से तरासा जिसे तुम उसी सिंहमरमरकी तस्बिर हो ।' सबै व्याकुल प्राणीहरूको अन्तरध्वनि हो यो गीत– भक्त, प्रेमी, प्रेमिका, कलाकार र त्यसपछि कुनै पनि सिद्धान्त र आदर्शप्रति समर्पित स्त्री र पुरुषहरूको । संसारमा यदि केही सुवास छ, सौन्दर्य छ, केही आनन्द छ भने त्यसको मूल कारण सन्त, कवि, कलाकार, दार्शनिक र सबै प्रकारका सिर्जनशील व्यक्तिहरू नै हुन् । युद्धप्रेमीहरूले आफ्नो दम्भका कारण, असीमित महत्त्वाकांक्षाका कारण यो पृथ्वीमा ठूलो विपत्ति ल्याए, विनाश ल्याए र साथै विभाजन पनि ल्याए । नारीप्रेमीहरूले काव्य ल्याए, कला ल्याए र साथै संगीत ल्याए । सबै भक्तहरू भगवान्‌को छवि गाउँछन्, सक्कली भक्त र ज्ञानीहरूको आलोकमा सपना हुँदैन, सत्य मात्र हुन्छ । प्रेमी र कलाकारहरूको लोकमा सपनाहरूका जुलुस र समारोह हुन्छन् । केही अपवादहरू छोडेर राजनीतिकर्मीहरूको लोकमा महत्त्वाकांक्षाहरूको नग्न नृत्य हुन्छ । तिनीहरू पनि सपना देख्छन् तर ती सपनाको श्रेणी धेरै सुन्दर हुँदैन । मेरा एक मित्र मधुकर निहारिकाको तस्बिर उकेर्दा-उकेर्दै थाकिसक्यो । अब त आफैलाई उकेरिरहेको छ । कुनै दिन.... ।



## नीति-नियम

वीर हुनुको फल शत्रुको शिर झुकाउनु तथा कर दिन सक्ने जनता बनाउनु हो । त्यस्तै कुलीनताको फल मनलाई शान्त राख्नु, इन्द्रिय दमन गर्नु र त्यसलाई सरल राख्नु हो । मानको फल आफूजस्तै सबैलाई मानवीय सम्झनु हो ।

आफ्नो कार्यसिद्ध गर्ने पुरुषहरू आफ्नो गौरवलाई एकातिर पन्छाएर विद्या, मन्त्र, औषधी र उत्तम गुण भएकी स्त्री यदि यी वस्तुहरू नीच स्थानमै किन नहुन् प्राप्त गरिछाड्छन् । कसैले दिएको भन्दा अलग सानो तुच्छ वस्तु नै किन नहोस् अर्काको वस्तु लिनु हुँदैन । अरूको सानोतिनो पाप नै किन नहोस् कसैसँग कुरा काटिदिनु हुँदैन । कुनै पनि स्त्रीजातिलाई दोष लगाएर कुरा गर्नु हुँदैन ।

–शुक्रनीति

अनुवाद : रामहरि बन्जारा



## चिठीपत्र

### गल्फमा श्रम बेचिरहेका नेपालीहरू

जहाँ समस्या हुन्छ त्यहाँ समाधानका उपायहरू पनि हुन्छन् । जब गैरआवासीय नेपालीहरूले विभिन्न समस्या देखिएपछि त्यसको समाधानका लागि बुद्धिजीवी नेपालीहरूले संसारमा रहेको गैरआवासीय नेपालीहरूको हक-हित र अधिकारका लागि आवाज उठाउन गैरआवासीय नेपालीहरूको संगठन एन.आर.एन.लाई जन्म दिए । विभिन्न सम्मेलन गरेर विभिन्न कार्यक्रमहरू अघि सारे, तर ती कार्यक्रमहरू कहाँ, कसरी प्रयोगमा छन् । खाडी मुलुकमा आफ्नो श्रम बेचिरहेका नेपालीहरूलाई थाहा छैन । एन.आर.एन.ले १४ लाख गैरआवासीय नेपालीहरूको प्रतिनिधित्व गरेको अनुमान गर्न सकिन्छ । खाडी मुलुकहरू (साउदी अरेबिया, कतार, यूएई, ओमन, कुवेत, बहराइन, इराक आदि) मा रहेका करिब ८० प्रतिशत नेपालीलाई एन.आर.एन. कुन चराको नाम हो, थाहा छैन । एन.आर.एन.ले के गर्छ भन्ने कुरा पनि थाहा छैन ।

साउदी अरेबियाबाट करिब ३ लाख नेपालीको प्रतिनिधित्व गर्नेहरू सम्मेलनबाट फर्किएपछि न त एन.आर.एन.को सदस्य बनाए, न त एन.आर.एन.को सम्मेलनबाट पारित भएका कुरा प्रवासी नेपालीहरूलाई सुनाउन सके । यो कसको कमजोरी हो ? सायद श्रम बेचिरहेका प्रवासी नेपालीहरूको हुन सक्छ । खाडी मुलुकहरूमा आफ्नो श्रम बेचिरहेका प्रवासी नेपालीहरूले आफूहरूको लगानी गर्न सक्ने र आफू समावेश हुन सक्ने कुनै कार्यक्रम ल्याएको थाहा नभएको गुनासो पोखेका छन् ।

यद्यपि अहिलेसम्म एन.आर.एन.ले तल्लो वर्गका नेपालीहरूलाई समेट्न सक्को छैन भन्दा फरक नपर्ला । गैरआवसीय नेपालीहरूको बाहुल्य रहेका देशहरू खाडी मुलुकहरूमा एन.आर.एन. फस्टाएको पाइँदैन । के यी देशमा रहेका नेपालीहरू गैरनेपाली हुन् ? के यिनीहरू एन.आर.एन.को सदस्य बन्न सक्दैनन् ? खाडी मुलुकहरूमा तल्लो स्तरका नेपालीहरूलाई समेट्न सक्ने कुनै नेपाली नभएको हो वा यी नेपालीहरू गैरआवासीय नेपालीको घेराभित्र नपर्ने भएकाले हो, अहिलेसम्म तल्लो स्तरका नेपालीहरूले एनआरएनको नाम र यसले के गर्छ, बुझ्न सकेका छैनन् । खाडी मुलुकहरूमा कुनै पनि नेपालीलाई कुनै समस्या पऱ्यो भने गुहार माग्ने कुनै भरपर्दो संस्था छैन । दुई-चारवटा खुलेका संगठनहरू पनि निष्क्रिय छन्, आवश्यक सहयोग पुऱ्याउन सकेका छैनन् । यस्तो अवस्थामा एन.आर.एन.ले गल्फ देशहरूमा रहेका गैरआवासीय नेपालीहरूलाई के-कस्तो सहयोग दिन सक्छ ? भन्ने विषयमा सम्बन्धित निकायले तत्कालै ठोस निर्णय गर्नुपर्ने देखिन्छ । सम्बन्धित देशमा एन.आर.एन.का प्रतिनिधि नियुक्ति गरी एन.आर.एन.का बारेमा बुझाउन सक्नुपर्छ ।

–सागर श्रेष्ठ

### यस्तो राष्ट्रवाद

जुन देशका नागरिकहरूमा राष्ट्रियता छैन, त्यो देशको अस्तित्व विलीन हुन समय लाग्दैन । यस्ता घटना गएका सय वर्षमै संसारभरि नै देखिएका छन् । यति हुँदाहुँदै पनि राष्ट्रवादका नाममा राजनीति गरेर राष्ट्रलाई नै हानि पुऱ्याउने मानिस त्यही देशका राजनेता हुने गरेका छन् । नेपालमा पनि राजावादीले जप्ने राष्ट्रवाद र कम्युनिस्टहरूले जप्ने राष्ट्रवादले आमनेपालीलाई क्षणिक जोस दियो, तर ती राष्ट्रवादले नेपालीलाई सधैं हानि पुऱ्याउँदै आयो । कम्युनिस्ट तथा राजावादीले जप्ने भिन्न किसिमका राष्ट्रवादलाई उनीहरूले आफूलाई सत्तामा पुऱ्याउने सिंढीका रूपमा प्रयोग गरेका छन् । राजाको राष्ट्रवादले नेपालीलाई माघ १९ को कालो दिन दियो भने कालापानीमा भारतीय सेनाको विरोध गर्नेहरूबाट महाकाली सम्झौता भयो । हिजोसम्म भारतीय सेनाका विरुद्ध बङ्कर खन्ने तथा १९५० को सन्धिको विरोध गरेर भारत नै नेपालीहरूको शत्रु हो भन्ने माओवादीहरू अहिले भारतको जय गान गर्दै आफूलाई सत्तामा पुऱ्याउने देश नै भारत हो भन्ने अभिव्यक्ति दिन थालेका छन् । हिजो प्रजातान्त्रिक आन्दोलनका लागि भारतीय नेता नेपाल आउँदा विरोध गर्नेहरू अहिले भारतीय कम्युनिस्ट नेता सीताराम याचुरीलाई संसद् भवनको अवलोकन गराउँदैछन् ।

अब पनि राष्ट्रवादका नाममा हुने फोहोरी राजनीतिबाट सचेत नहुने हो भने नेपाली जनता फेरि अर्को भड्खालोमा पर्ने निश्चित छ ।

मनोज दाहाल, झोराहाट

## तीतो सत्य

-जब कोही तनावमा छ भने उसले सोऱ्ह श्रृंगार गरे पनि त्यसको केही अर्थ हुँदैन ।

पद्मा सिटौला, इटहरा

-सत्य बोल्न सक्दैनौ भने झूटो पनि कहिल्यै नबोल ।

-कसैको भलो चिताउँदैनौ भने उसको कुभलो पनि कहिल्यै नचिताऊ ।

-माया कसैका लागि तपस्या हुन्छ भने कसैका लागि त्याग ।

दीपक सिलवाल, हेटौंडा

-समय अत्यन्तै महँगो शिक्षा हो ।

-परिश्रममात्र उत्तरदायी हुन्छ, इर्स्या बेकम्मा ।

-प्रत्येक भोलिलाई पछ्याउँदै मानिसहरू यस संसारबाट विलीन हुन्छन् ।

- अनावश्यक परिकल्पना, मानसिक तनावको कारक हो ।

-मरण सत्य छ, तपाईं जहाँ लुक्नुहोस् यसले छाड्दैन ।

कृष्णजी थापा

*तीतो सत्य स्तम्भका लागि आफूले देखेका, भोगेका कटु सत्य पठाउन पाठकहरूसँग हार्दिक अनुरोध छ ।*

*–सम्पादक*

# नेपाली कांग्रेसको अबको बाटो

सात दल र माओवादीबीच गत साता सहमति सम्पन्न भएपछि मुलुक नयाँ युगमा प्रवेश गर्ने जमर्को गर्दैछ । सहमतिसँगै अबको नेपाली राजनीतिमा नयाँ ध्रुवीकरण निर्माण हुने वातावरण तयार भएको विश्लेषकहरूले बताइरहेका छन् ।

अहिले नेपाल कम्युनिस्ट पार्टी (माओवादी), नेपाल कम्युनिस्ट पार्टी (एमाले) लगायतका वामपन्थी दलहरू गणतान्त्रिक मोर्चाको पक्षमा देखिएका छन् भने राजावादी समूह प्रजातान्त्रिक मोर्चाको निर्माण गर्ने कसरतमा छन् । यसबीच गृहनगर विराटनगर पुगेका नेपाली कांग्रेसका सभापति तथा प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले नेपाली कांग्रेस कुनै पनि मोर्चा तयार गर्ने पक्षमा नरहेको अभिव्यक्ति दिए । कोइरालाले नेपाली कांग्रेस 'सेरेमोनियल' राजतन्त्रको पक्षमा रहेको पनि उल्लेख गरे । कोइरालाका यी अभिव्यक्तिप्रति स्वयं कांग्रेस कार्यकर्ताहरूले पक्ष र विपक्षमा आ-आफ्ना दृष्टिकोण प्रस्तुत गरे । नेपाली कांग्रेसको संसदीय समितिले राजतन्त्रको विषयमा निर्णय गर्न विशेष महाधिवेशन अथवा महासमिति बैठक आयोजना गर्न पार्टी नेतृत्वलाई सुझाव दिएको छ । उता कांग्रेस प्रजातान्त्रिकका जिल्ला सभापतिहरूको भेलाले पार्टी कुनै पनि स्वरूपको राजतन्त्रको विरुद्ध रहनुपर्ने तथा पार्टीको प्रजातान्त्रिकको ठाउँमा गणतान्त्रिक नामकरण गर्नुपर्ने सुझाव दिइसकेको छ ।

प्रजातान्त्रिक शक्ति मानिएको नेपाली कांग्रेस राजतन्त्रको विषयमा निरपेक्ष रहनुले पार्टी पंक्तिभित्र रहेका कार्यकर्ताहरू असमञ्जसको स्थितिमा छन् । यसै प्रसंगमा साप्ताहिकले नेपाली कांग्रेसको युवा नेताहरूसँग अबको नेपाली कांग्रेस कस्तो हुनुपर्छ भन्ने विषयमा छलफल आयोजना गरेको थियो ।

'राजतन्त्रको विषयमा अहिलेसम्म कांग्रेस निरपेक्ष छ । खासगरी जनआन्दोलन-२ को समयमा नेपाली कांग्रेसको माग संसद् पुनर्स्थापनाबाट प्रारम्भ भए पनि अन्त्यमा आन्दोलनले राजारहितको व्यवस्थालाई लक्ष्य बनायो,' नेपाल तरुण दलका उपाध्यक्ष हुर्मत न्यौपानेले भने- 'अहिले पनि यसका अधिकांश कार्यकर्ता गणतन्त्रको पक्षमा छन्, वास्तविकतामा अहिले नै नेपालमा राजतन्त्र समाप्त भैसकेको छ । जतिबेला जनताका छोरा अहिलेका प्रधानमन्त्री राष्ट्र प्रमुख भए त्यसपछि स्वतः राजाको भूमिका समाप्त भैसकेको छ । एक प्रकारले भन्ने हो भने अहिले राजासहितको गणतन्त्र नेपालमा छ । जेठ ४ गतेको संसदको ऐतिहासिक घोषणालाई अन्तर्राष्ट्रिय समुदायले समेत हरियो झन्डा देखाइसकेको छ ।

न्यौपानेको कुरामा सहमति जनाउँदै नेपाल विद्यार्थी संघका महामन्त्री बद्री पाण्डे भन्छन्- '२०६० पुसमा गुरुराज घिमिरे र गगन थापामाथि राजद्रोहको मुद्दा लागेपछि नेपाल विद्यार्थी संघभित्र राजतन्त्रका बारेमा बहस प्रारम्भ भएको हो । त्यतिखेरदेखि नै विद्यार्थीहरू राजतन्त्रको सान्दर्भिकता समाप्त भैसकेको निष्कर्षमा पुगेका थिए । विभिन्न क्याम्पसमा गरिएको जनमत-संग्रहमा पनि दुईतिहाइ मत गणतन्त्रको पक्षमा परेको थियो । त्यसकारण यस विषयमा थप बहस र सर्वेक्षण गर्नु आवश्यक छैन ।' नेपाल विद्यार्थी संघकै पूर्व-महामन्त्री गगन थापाले त अझ अगाडि बढेर नेपाली कांग्रेसको परिपक्व नेतृत्वमा नेपाल श्रीपेचसहितको गणतन्त्रमा प्रवेश गरिसकेको दाबी गर्छन् । उनले भने- अहिले संक्रमणको अवस्था छ र नेपाललाई श्रीपेचरहितको लोकतान्त्रिक गणतन्त्रमा प्रवेश गराउने अभिभारा पनि नेपाली कांग्रेसमै छ ।'



नेपाली कांग्रेस (प्रजातान्त्रिक) निकट रहेको नेपाल विद्यार्थी संघका सहमहामन्त्री कल्याण गुरुङले सात पार्टीमध्ये नेपाली कांग्रेस (प्रजातान्त्रिक) लोकतन्त्रका बारेमा निर्णय गर्ने पहिलो पार्टी भएको जिकिर गरे । महाधिवेशनबाटै राजारहितको लोकतन्त्रका बारेमा निर्णय गरिसकेकाले यस विषयमा थप पुस्ट्याइँ गर्नुपर्ने आवश्यकता नरहेको गुरुङको ठम्याइ छ । 'लोकतन्त्रको परिभाषामा राजा हुँदैनन् । यहाँ अहिले लोकतन्त्रको लहर पनि चलिसकेको छ ।' गुरुङले भने- 'जनताले जनआन्दोलन-२ मा सहभागी हुँदै राजतन्त्रविरुद्ध खुट्टाले मत जाहेर गरिसकेका छन् । संविधानसभाले यसको औपचारिकता मात्र पुरा गर्ने हो ।

नेपाल विद्यार्थी संघका महामन्त्री पाण्डेका अनुसार अहिले राजतन्त्रको पक्षमा एकाध व्यक्ति मात्र छन्, जो परम्परागत रूपमा राजतन्त्रको संरक्षण गर्न चाहन्छन् । स्वयं प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको अभिव्यक्तिलाई पनि लामो समयको राजनीतिबाट अनुभव हासिल गरेको नेताले परिस्थितिलाई सामान्यीकृत गर्ने हकमा भनेको भनेर बुझ्ने कि ? पाण्डेले भने- परम्परागत रूपमै हेर्ने हो भने नेपाली कांग्रेस कहिल्यै राजावादी रहेन । कुनै जिम्मेबार कार्यकर्ता कहिल्यै पनि राजावादी बनेन । नेपाली जनताकै कुरा गर्ने हो भने पनि उनीहरूको नजरमा २०५८ जेठ १९ को घटनापछि औपचारिक रूपमा नेपालको राजतन्त्रको समाप्त भैसकेको छ । त्यसपश्चात् पनि केही राजावादी थिए भने पनि माघ १९ पछि तिनीहरूले राजाको साथ छोडिसकेका छन् ।

नेपाल विद्यार्थी संघका पूर्व-महामन्त्री गगन थापा पार्टीभित्र राजालाई पनि केही ठाउँ दिने हो कि भन्ने एउटा पक्ष सक्रिय रहे पनि पार्टीको ठूलो पंक्ति गणतन्त्रको पक्षमा रहेको बताउँछन् । थापाका अनुसार युवाहरूमा युवा जोस हुन्छ । त्यसकारण उनीहरू राजतन्त्रको संरचना एकैचोटि गर्ल्यामगुर्लुम ढलोस् भन्ने चाहन्छन् । उनले भने- 'आशा गरौं अहिलेको नेतृत्वले बिस्तारै राजारहितको व्यवस्था घोषणा गर्ने अग्रगमनको यात्रा तय गरिरहेको छ । नेपाली जनमत सन्दर्भमा हेर्ने हो भने संविधानसभाको पहिलो बैठकले नेपालमा राजतन्त्र अन्त्य भएको सुखद घोषणा गर्नेछ र त्यसबेला पनि नेपाली जनमतको कदर गर्दै नेपाली कांग्रेसले नेतृत्वदायी भूमिका खेल्नुपर्छ ।'

'नेपाली कांग्रेसले विधानबाट संवैधानिक राजतन्त्र हटाएपछि यसका भ्रातृसंगठनहरूले अझ अग्रगामी हुँदै राजतन्त्रको पूर्णतः अन्त्य हुनुपर्ने निर्णय गरेका थिए । भ्रातृसंगठनहरूकै दबाबमा कांग्रेस नेतृत्वले पनि संसदीय राजनैतिक दल तथा विद्रोही माओवादीसँगको सहकार्यमा सफल आन्दोलनको नेतृत्व गरेको हो ।' विद्यार्थी नेता पाण्डे भन्छन्- 'यहाँसम्मको यात्रामा नेपाली कांग्रेस खासगरी सभापति कोइरालाले एकदमै विचित्रको सन्तुलनको भूमिका खेल्नुभएको छ । सन्तुलनकै क्रममा सेरेमोनियल किङ शब्दको प्रयोग भएको हुनसक्छ तर अन्ततः नेपाली कांग्रेसले पनि राजा रहितको यात्रा तय गर्नैपर्छ ।'

'कांग्रेसभित्र परम्परागत शक्ति पनि भएका कारण पार्टीले अन्य पार्टीले जस्तै झट्टै राजतन्त्रविरुद्धको निर्णय नगरेको हुनसक्छ ।' तरुण दलका उपाध्यक्ष न्यौपानेले भने- 'राजालाई अलिकति स्पेस दिनुपर्छ भन्ने विचार पनि छ । एउटा जिम्मेवार पार्टी भएका कारणले पनि यस्तो विचार आएको हुनसक्छ तर कांग्रेसमा भएका युवाहरू भने पूर्णतः राजतन्त्रको खिलाफमा छन् । न्यौपानेका अनुसार महाधिवेशन, महासमिति अथवा केन्द्रीय समितिको बैठकले यस विषयमा स्पष्ट निर्णय नगर्दासम्म नेपाली कांग्रेसको धार यही हो भन्नलाई गाह्रो छ ।

सहभागी सबैले एउटै स्वरमा भने- 'हामी अब एउटा नयाँ दिशातिर अघि बढिरहेका छौं र राजतन्त्रका बारेमा कुनै बहस गर्नुपर्ने आवश्यक पनि छैन । यो काम त अब राजावादीहरूको हो । उनीहरूलाई बचाउन मन लाग्छ भने छलफल चलाउन सक्लान् । त्यसैले यस विषयमा छलफल चलाउनु समय खेर फाल्नु मात्र हो ।'

गगन थापाका अनुसार संविधान सभाको पहिलो बैठकले सर्वसम्मत रूपमै राजारहितको लोकतन्त्रको स्थापना गर्ने निश्चित छ । थापाले भने- 'तर अबको कांग्रेस नेतृत्व यस्तो हुनु आवश्यक छ जसले संविधान सभाबाट आएको गणतन्त्रलाई राम्रोसँग व्यवस्थित गर्न सकोस् । यो समयमा नेपाली कांग्रेस र नेपाली कांग्रेस प्रजातान्त्रिकबीच एकीकरण हुनुपर्छ भन्ने माग पनि गरिरहेको छ । नेतादेखि कार्यकर्तासम्म यो अभियानमा लागेजस्तो पनि देखिन्छ । के एकीकरण सम्भव छ त ?'

कांग्रेस विभाजन कुनै सैद्धान्तिक कारणले भएको थिएन, न्यौपाने भन्छन्- 'संकटकाल लगाउन हुन्छ वा हुँदैन भन्ने विषय नै विभाजनको मूल कारण थियो । अब त्यस्ता पुराना कुरा समाप्त भैसकेका छन् । एकता अपरिहार्य छ र यसको सम्भावना पनि प्रबल छ । हामीमा इच्छाशक्ति भए यो ठूलो कुरा होइन । पाण्डे त अझ नैतिक रूपमा संसद् पुनर्स्थापना हुनासाथ दुई कांग्रेसको एकीकरण हुनुपर्थ्यो भन्छन् । सम्मानजनक एकताका लागि नेपाली कांग्रेस प्रजातान्त्रिकका तर्फबाट वस्तुगत तथ्यहरू उपलब्ध गराउनुपर्छ । उनको भनाइ छ तर गुरुङको तर्क अर्कै छ ।

उनका अनुसार एकीकरण हुनु राम्रो हो तर हाललाई यो कुरा धेरै टाढा छ । गुरुङ भन्छन्– राजतन्त्र, संघीय राज्य संरचना तथा समावेशी लोकतन्त्रका बारेमा जसरी प्रजातान्त्रिकले आफ्नो निर्णय गरेको छ, त्यसमा नेपाली कांग्रेसले पनि सहमति जनाउनुपर्छ । त्यसैगरी एकीकरणका लागि दुवै केन्द्रीय समितिबाट प्रस्ताव पास गराएर दुवैको वार्ता समिति बनाउनुपर्छ । वार्ता समितिको निष्कर्षलाई केन्द्रीय समितिमा छलफल गरी महाधिवेशनद्वारा पारित गराएपछि मात्र एकीकरण हुन्छ र हुनुपर्छ । त्यसकारण व्यक्तिगत रूपमा एकीकरणका बारेमा छलफल गर्नुभन्दा प्रक्रियागत रूपमा गर्नुपर्छ र यसो हुनु आवश्यक पनि छ । थापा भन्छन्- अबको नयाँ परिस्थितिमा एउटा नयाँ विधिविधान, पद्धति आदि बनाएर त्यसै अनुरूप अघि बढ्नुपर्छ । दुई कांग्रेसबीचको एकीकरणमा पनि यही शर्त लागू हुन्छ । अबको कांग्रेस कस्तो हुनुपर्छ भन्ने विषयमा दुवै पक्ष बसेर छलफल गरौं । कुनै सैद्धान्तिक आवरण नदिई काम गर्ने हो भने समस्या समाधान हुन्छ र एकीकरण पनि सम्भव छ ।

अन्य पार्टीका र नेपाली कांग्रेसमा रहेका युवा कार्यकर्तामा के फरक छ ? गगन थापा भन्छन्- अन्य पार्टीका युवाहरू नेतृत्वको विरुद्ध बोल्न पाउँदैनन् तर हामी नेतृत्वका विरुद्ध चित्त नबुझेका कुरा स्पष्टसँग व्यक्त गर्न सक्छौं । हामी कम ढोंगी, बढी जिम्मेवार र प्रस्ट छौं । नेपाली कांग्रेसले सबैलाई समान रूपमा लोकतान्त्रिक आचरण सिकाउँछ तर यसलाई व्यवस्थित गर्ने काममा पछि छ । यसका कार्यकर्ता जनमुखीभन्दा नेतामुखी, आत्मनिर्भरभन्दा परनिर्भर छन् । यो कुरालाई भने सुधार गर्नुपर्ने आवश्यकता छ । हुर्मत न्यौपाने भन्छन्- नेपाली कांग्रेसमा रहेका युवाहरूको प्रमुख विशेषता नै उनीहरू लोकतन्त्रवादी हुनु हो । उनीहरूको भविष्य पनि यसैमा छ । यस्ता युवाहरूलाई नेतृत्व गर्नका लागि अबको नेतृत्व पनि नवीन दृष्टिकोणको हुनुपर्छ ।

अबको नयाँ राजनैतिक परिदृश्यमा यस्तो नेतृत्व स्पष्ट दृष्टिकोण भएको, चुनौती वहन गर्न सक्ने तथा दूरदृष्टिकोण भएको हुनुपर्छ । योभन्दा बाहेकको नेतृत्वलाई अबका युवाहरूले पछ्याउँदैनन् । बद्री पाण्डे भन्छन्- हामीले फलामे अनुशासनको पालना गर्नुपर्दैन । यो अवस्थामा अब नयाँ पार्टी र नयाँ नेतृत्वको विकास गर्नुपर्छ । अब पार्टीको विधान पनि बढी वैज्ञानिक बनाइनुपर्छ । नयाँ पद्धतिको विकास गर्नका लागि पार्टीभित्र स्वस्थ प्रतिस्पर्धाको विकास गर्नुपर्छ । यसो भए मात्रै योग्य नेतृत्वको विकास हुन्छ र आन्तरिक प्रजातन्त्र पनि सुदृढ हुन्छ ।

**प्रस्तुति : विदुर/एकराज**

होटल तालिम
Cook :- 3,999/-
Waiter :- 1,499/-
रुमब्वाई, हाउसकिपिङ, डोमेष्टिक हेल्पर, बेलब्वाई साथै होटल सम्बन्धि सम्पूर्ण ट्रेनिङहरु साथै अङ्ग्रेजी भाषा निशुल्क. ट्रेनिङ पछि
90% रोजगारको ग्यारेन्टी
तु-सम्पर्क गर्नुहोला।
त्रिवेणी ट्रेनिङ सेन्टर, मैतिदेवी
फोन: ४४१६५१९, ९८४१३८७८१५

गर्ल्स होस्टल
के तपाई होस्टलको खोजीमा हुनुहुन्छ ? हुनुहुन्छ भने सुरक्षाको ग्यारेन्टी, स्वास्थ्यकर खाना,पारीवारीक वातावरण
सम्पर्क :-
9841341128
9841296439
9803291986
पुरानो बानेश्वर

केश झर्न तुरुन्तै रोकी उमार्ने तेल
Retail Price: 750/-
सौना बेल्ट (Digital) - 2450/-
स्तन टाइट/घटाउने - 2400/-
स्तन बढाउने क्रिम - 1650/-
सुन्दर र गोरो मुहारको लागि
रुपअमृत (रोजवाटर, मास्क्रिम फ्रि) - 1600/-
पहेलो दाँत चम्काउने दन्तपरी - 1600/-
उचाई बढाउने - 1250/-
चाउरीपना हटाउने क्रिम - 1200/-
कपाल सिधा बनाउने - 1050/-
100% Guaranteed
आस्था हेल्थ केयर
काठमाडौं भोटाहिटी (द्वारिका होटल अगाडि)
Tel.: 2110057, Mob.: 9841-330144

तु.आवश्यकता
NGO को सहयोगमा संचालित एक संस्थाकोलागि गृहणी महिला तथा विद्यार्थीलाई पार्टटाइम र अन्यलाई फुलटाइम जबको ग्यारेन्टी व्यवस्था गरिएको छ। इच्छुक व्यक्तिले तु. सम्पर्क गर्नुहोला।
सुविधा:घरमै बसि गर्न सकिने

| कर्मचारी | संख्या | योग्यता | तलब |
|---|---|---|---|
| महिला | २४ | साधारण | ८५०० |
| पुरुष | ११ | साधारण | ८५०० |

सम्पर्कः २०४१५८२ गौशाला
२३१३८१७ कलंकी
शनिवार कार्यलय खुल्ला रहनेछ ।

ओहो ! बल्ल भर्ना खुलेछ
नेपालको सबैभन्दा सफल नृत्य तथा संगीत विद्यालयमा गायन, नृत्य, गीतार, ड्रम, किबोर्ड, बासुरी, भ्वाइलेन, मादल, तवलाका कक्षाहरूमा धमाधम भर्ना लिइदैछ !
साल्सा कक्षा पनि संचालन भइरहेको छ !
नेपालकै नं. १ नृत्य तथा संगीत विद्यालय
साधना कला केन्द्र
कमलादी मोड, फोन : ४-४४०२२८, ४-४१६५६६

E-DV-2008
३ दिन मात्र बाँकी
सेवा उपलब्ध हुने समय
कार्यालय खुल्ने दिन :
बिहान ७.०० बजे देखि बेलुका ७.०० बजे सम्म
सार्वजनीक बिदाको दिन :
बिहान ९.०० बजे देखि बेलुका ७.०० बजे सम्म
गोश्वारा हुलाक कार्यालय, सुन्धारा
फोन नं. ४२२३५१२, ४२४००१८, ४२२७४९९
Website: www.gpo.gov.np



# बायोडाटा बनाउने कला

बायोडाटा तपाईंको व्यक्तित्वको संक्षिप्त परिचय हो। आजको प्रतिस्पर्धात्मक युगमा राम्रो जागिर पाउनु एउटा चुनौती नै हो। जहाँ एउटा पदका लागि हजारौं आवेदन आउँछन् त्यहाँ तपाईंको एउटा प्रभावशाली बायोडाटाले छुट्टै पहिचान दिन्छ। जागिर पाउने होडमा तपाई व्यक्तिगत रूपमा भन्दा आफ्नो बायोडाटाका माध्यमले नै चिनिनुहुन्छ।

बायोडाटा बनाउनुअघि तपाईंको लक्ष्य के हो ? निर्धारण गर्नुहोस्। तपाई कस्तो खालको जागिरको खोजीमा हुनुहुन्छ र तपाईंको योग्यता एवं कार्यअनुभवले कुनै संस्थालाई के दिन सक्छ ? ध्यान पुऱ्याउनुहोस्। बायोडाटाको रूपरेखा तपाईंको योग्यता, कार्यकुशलता, शैक्षिक योग्यता एवं तपाईंको लक्ष्यअनुसार निर्धारित हुन्छ।

**बायोडाटाको रूपरेखा दुई प्रकारले निर्धारित गरिन्छ–**

• प्रयोजनमूलक • लक्ष्यमूलक

k|of]hgd"ns afof]8f6f–प्रयोजनमूलक बायोडाटाले व्यक्तित्वका विभिन्न पक्ष (परिप्रेक्ष्यअनुरूप) झल्काउँछ, जसलाई अंग्रेजीमा एक्सनल बायोडाटा भनिन्छ।

nIod"ns afof]8f6f–लक्ष्यमूलक बायोडाटामा लक्ष्य नै उक्त बायोडाटाको केन्द्रबिन्दु हुन पुग्छ। अंग्रेजीमा टार्गेटेड बायोडाटा भनिने यस प्रकारको बायोडाटा कुनै एउटा क्षेत्रमा दक्ष एवं निपुण छ भनेर देखाउन बनाइन्छ। यसबाट आफ्नो रुचि एवं क्षमताअनुसार काम गर्न आतुर छ भन्ने कुरा झल्कन्छ।

बायोडाटामा कुन-कुन पक्षलाई जोड दिनुपर्छ ? बायोडाटामा हामीले कुन-कुन जानकारी राख्नुपर्छ ? कुन जानकारी समावेश गर्नुहुँदैन ?

• अनिवार्य जानकारी • वैकल्पिक जानकारी • अनावश्यक कुरा (जुन कहिल्यै राख्नुहुँदैन)

अनिवार्य कुरा- निम्न जानकारी अनिवार्य हुन्छन् जुन बायोडाटामा राख्नु आवश्यक छ–

नाम
ठेगाना
टेलिफोन नम्बर
शैक्षिक योग्यता एवं कार्य अनुभव

j}slNks hfgsf/L M केही जानकारीहरू वैकल्पिक हुन्छन् जुन तपाई स्थान तथा पदअनुसार लेख्न पनि सक्नुहुन्छ वा छोड्न सक्नुहुन्छ।

कार्यअनुभवको इतिहास
पुरस्कार
विभिन्न भाषासम्बन्धी जानकारी
रुचि

cgfjZos hfgsf/L M आफ्नो व्यक्तित्वमा कुनै त्यस्तो कुरा हुन सक्छ जुन कुनै संस्थाका लागि सरोकारको विषय होइन। यदि यस्तो जानकारी मागिएको छैन भने बायोडाटामा उल्लेख नगर्नुहोला। जस्तै :

उचाइ
तौल
जन्मस्थान
शारीरिक अवस्था (स्वास्थ्य)-
आफूले पहिलेको काम छोड्नुको कारण
पहिलेको आय

afof]8f6f];'?jfts;/Lugk{<

एउटा सफा कागजमा सबैभन्दा सुरुको बायाँ भागमा नाम, ठेगाना, इमेल ठेगाना, फोन नम्बर उल्लेख गर्नुपर्छ। यसले तपाईंसँग सम्पर्क गर्ने सुविधा हुन्छ। त्यसपछि तपाईंको व्यक्तित्वको विषयमा जानकारी दिनुपर्छ। यदि तपाई विदेशी संस्थामा वा विदेशी संस्थासँग सम्बन्धित संस्थामा आवेदन दिँदै हुनुहुन्छ भने आफ्नो राष्ट्रियता अवश्य उल्लेख गर्नुहोस्।

hGdldlt M बायोडाटा बनाउँदा आफ्नो जन्ममिति लेख्न कहिल्यै बिर्सनुहुँदैन।

**लक्ष्य** : बायोडाटाको यो हिस्सा अति महत्त्वपूर्ण छ। यसका लागि आफ्नो भविष्यको लक्ष्य निर्धारण गर्नुपर्छ। तपाईंको लक्ष्य हेरेर संस्थालाई तपाईंले के दिन सक्नुहुन्छ मूल्यांकन गरिन्छ। लक्ष्य लेख्दा तपाईंमा त्यो आत्मविश्वास हुनुपर्छ जुन कुरा लेख्नुभएको छ त्यसलाई पूरा गर्ने सामर्थ्य तपाईंमा छ।

cg'ej M तपाईंको अनुभवले तपाईंको जानकारी र लक्ष्यलाई दर्साउँछ। तपाईंको पहिलेको कार्यले अनुभवको बेहोरा दिन्छ। यसमा कार्यअनुभवको विषय, कार्य गरेको संस्थाको नाम आवश्यक हुन्छ। यसको सुरुवात सधैं आफ्नो नवीनतम अनुभवबाट गर्नुपर्छ।

z}lIfs of]Uotf M प्रयोजनमूलक बायोडाटामा शैक्षिक योग्यताको ठूलो महत्त्व हुन्छ। शैक्षिक योग्यताको सुरुवात आफ्नो नवीनतम उपलब्धिबाट गरे माध्यमिक परीक्षासम्मको जानकारी उल्लेख गर्नुपर्छ। साथमा तपाईंले कुनै अरू कोर्स गर्नुभएको छ र उक्त कुरा सो संस्थाको विषयसँग सम्बन्धित छ भने त्यसलाई पनि उल्लेख गर्नुहोस्।

**अन्य जानकारी**

व्यक्तित्वका अन्य जानकारी यो कोलममा दिन सकिन्छ।

हस्ताक्षर– सम्पूर्ण जानकारी दिइसकेपछि अन्त्यमा बायाँतर्फ आफ्नो नाम लेख्नुहोस् र त्यसको माथिल्लो भागमा हस्ताक्षर गर्नुहोस्।

**बायोडाटा तयार गर्दा निम्नकुरामा ध्यान दिनुपर्छ–**

• बायोडाटा सधैं कालो अक्षरमा टाइप गर्नुपर्छ। दुईभन्दा बढी प्रकारको अक्षर (फन्ट) प्रयोग गर्नुहुँदैन।
• बायोडाटा सधैं राम्रो क्वालिटीको कागजमा निकाल्नुपर्छ।
• बायोडाटा केरमेट गरिएको हुनुहुँदैन।
• व्याकरणसम्बन्धी अशुद्धि-हरूबाट बच्नुहोस्।
• बायोडाटामा फोटो टाँस्दा सफा र राम्रोसँग टाँस्नुहोस्।

# जागिर जोगाउने उपाय



बेरोजगारहरूको संख्या निरन्तर बढ्दैछ। जागिर कसरी प्राप्त गर्ने भन्ने चिन्ताले धेरैलाई सताइरहेको हुन्छ भने कसैले आफ्नै लापरबाहीका कारण हातमा आएको जागिर पनि छोड्नुपर्छ। सरकारी काम गर्दा होस् वा निजी संस्थामा सकेसम्म आफ्नो व्यक्तित्व र आफूले गरेको कार्यका कारण कसैले पनि त्यहाँबाट आफूलाई हल्लाउन नसकोस् भन्ने उद्देश्यले काम गर्ने हो भने सफलता प्राप्त गर्न सकिन्छ। यसका लागि इमान्दारीपूर्वक कार्य गरेर हाकिमलाई खुसी राख्न सक्नु सबैभन्दा महत्त्वपूर्ण पक्ष हो। यसका लागि निम्न कुराहरूमा ध्यान दिनुपर्छ :

• समयमा नै कार्यालयमा पुग्नुहोस् र समय नसकिँदासम्म कार्यालय नछोड्नुहोस्। हाकिमका अगाडि कहिल्यै खाली नबस्नुहोस्। यदि आफ्नो काम सकिएको छ भने पनि नयाँ काम माग्नुहोस्। परिश्रम तथा इमान्दारिताका साथ कार्य गर्दा तपाईंको अलग पहिचान बन्दै जान्छ।

• यदि तपाईंका हाकिम नरम स्वभावका छन् भने त्यसको नाजायज फाइदा नउठाउनुहोस्। घरमा विभिन्न काम भएको बहानामा ढिलो आउने, छिटो बिदा माग्ने जस्ता कार्य नगर्नुहोस्। यदि अचानक बिदा बस्नुपरेमा हाकिमलाई खबर गर्नुहोस्। यदि लामो बिदा लिनुपरेको छ भने आफ्नो काम कुनै जिम्मेवार साथीलाई सुम्पनुहोस्। यसले गर्दा संस्थालाई कुनै नोक्सान हुँदैन।

• पोसाकको चयनप्रति सधैं सचेत हुनुहोस्। पोसाक नै तपाईंको व्यक्तित्वको परिचायक हो। अनावश्यक र भड्किला पोसाकका कारण सहकर्मीहरूले नै तपाईंका बारेमा गलत धारणा बनाउँछन्।

• आफूलाई अवला सम्झेर प्राप्त भएको कुनै जिम्मेवारी पन्छाउन नखोज्नुहोस्। आउने चुनौतीहरूको सामना गर्दै निरन्तर संघर्ष गर्नुहोस्।

• अन्य सहकर्मीहरूविरुद्ध गलत आरोपहरू लगाएर हाकिम वा अन्य अधिकारीको नजिक बन्ने प्रयास नगर्नुहोस्। तपाईंसँग शारीरिक सुन्दरता छ भन्दैमा तपाईंका सबै कुरा सुन्नुपर्छ र त्यसैअनुसार गर्नुपर्छ भन्ने गलत धारणा नपाल्नुहोस्।


• इमान्दारी तथा कठिन परिश्रमका साथ कार्य गरेर संस्थामा आफ्नो छुट्टै स्थान बनाउनुहोस्। यसोगर्दा तपाईंलाई जागिरबाट निकाल्नुपरे पनि धेरैपटक सोच्नुपर्ने हुन्छ।

• कुनै पनि काम सानो वा ठूलो नभनी सम्पूर्ण कार्य सहर्ष स्वीकार गर्नुहोस्। कुनै पनि काम सिक्ने चाहना राखेर बहुमुखी प्रतिभाको धनी बन्न खोज्नुहोस्। सहकर्मीहरूको योग्यताको कदर गर्नुहोस्।

• आफूभन्दा तल्लो स्तरका कर्मचारीहरूसँग धैर्य एवं प्रेमपूर्वक काम गर्नुहोस्। त्यसैगरी माथिल्लो स्तरका कर्मचारीहरूसँग आदरपूर्वक व्यवहार गर्नुहोस्।

• हाकिमले आफूबाट के चाहन्छन् र आफूले के गर्नुपर्छ भन्ने कुरा बुझेर त्यसैअनुरूप कार्य गर्नुहोस्। उनको चाहना विपरीत कार्य गर्दा जागिर संकटमा पर्नसक्छ।

• जागिर तपाईंको आवश्यकता हो। त्यसकारण जागिर बचाइराख्न आफूलाई योग्य बनाउनुहोस्। संस्थाका लागि तपाईंभन्दा कम तलब लिएर पनि काम गर्ने बेरोजगार युवायुवतीहरू प्रशस्तै पाइन्छन्। एकपटक छुटेपछि फेरि जागिर प्राप्त गर्न कठिन हुन्छ। त्यसैले यसतर्फ विशेष ध्यान पुऱ्याउनुहोस्।



# परीक्षाको तयारीमा ध्यान दिनुपर्ने कुरा

- दिनभरिको समयलाई विभाजन गर्नुहोस्। जसबाट तपाई उपलब्ध समयको बढीभन्दा बढी उपयोग गर्न सक्नुहुन्छ।
- एकदिनमा दुईवटा विषयको तयारी गर्नुहोस् र हरेक विषयका लागि सातामा दुई दिन दिनुहोस्। यसबाट विषयलाई राम्रोसँग बुझ्न सहयोग पुग्छ।
- पाठ्यपुस्तक तथा सामग्रीहरू निश्चित ठाउँमा राख्नुहोस्। जसले गर्दा ती वस्तुहरू खोज्न समय फाल्नुपर्दैन साथै व्यवस्थित वातावरणमा पढ्न पनि मन लाग्छ।
- कुनै एउटा विषयमा मात्र ध्यान केन्द्रित नगर्नुहोस्। किनकि परीक्षामा सफलता पाउन सबै विषयको उत्तिकै भूमिका हुन्छ।
- कुनै विषय वा प्रश्नको उत्तर कण्ठ मात्र नगर्नुहोस्। सबै कुरा राम्रोसँग बुझ्ने प्रयास गर्नुहोस्। जति पढ्नुभयो त्यसलाई आफ्नै भाषामा लेख्नुहोस्। यसो गर्दा विषयमा राम्रो पकड बन्छ।
- कुनै पनि कुराको चित्र एवं डाइग्राममा बढी ध्यान दिनुहोस्। यसबाट विषयको गहिराइ बुझ्न सहयोग पुग्छ र परीक्षामा पनि राम्रो प्रदर्शन गर्न सकिन्छ।
- आफ्नो पाठ्यक्रमलाई स-साना भागमा बाँड्नुहोस् र सबै भागको तयारीका लागि निश्चित समय छुट्याउनुहोस्।
- मोडल प्रश्नपत्रहरूमा धेरै विश्वास नगर्नुहोस्। मोडल प्रश्नहरूले अभ्यासमा मात्र सहयोग पुऱ्याउँछन्।
- आफूलाई सन्तुलित (तरोताजा) राख्न साँझपख घुम्नु राम्रो हुन्छ तर टेलिभिजन हेरेर समय नबिताउनुहोस्। किनकि यसले मस्तिष्कलाई अझ बढी थकाइदिन्छ।
- परीक्षा चलिरहेको समयमा आफ्नो खानामा ध्यान दिनुहोस्। यसले राम्रो तयारीका लागि पर्याप्त शक्ति मिल्छ।

• काठमाडौंस्थित एक ओभरसिजका लागि आइकम वा सो सरह उत्तीर्ण एक जना रिसेप्सनिष्टको आवश्यकता छ। अंग्रेजी बोल्न, लेख्न र टाइप गर्न सक्ने इच्छुक महिलाहरूले ओभरसिजको फोन ४३६०६१५ मा सम्पर्क राख्नुहोला।

• काठमाडौंस्थित एक मार्केटिङ कम्पनीका लागि एक जना मार्केटिङ म्यानेजर, आठ जना मार्केटिङ एक्जुकेटिभ (पोखरा, विराटनगर, वीरगन्ज, जनकपुर, भैरहवा, नेपालगन्ज, काठमाडौं) का लागि, एक जना ग्राफिक डिजाइनर, एक जना लेखा सहायक तथा एक जना रेभेन्यु एक्जुकेटिभको आवश्यकता छ। इच्छुक व्यक्तिले कम्पनीको फोन ४७८५२८४ मा सम्पर्क राख्नुहोला।

• काठमाडौंस्थीत एक संस्थाका लागि डिप्लोमा इन आर्किटेक्चर उत्तीर्ण ड्राफ्टम्यानको आवश्यकता छ। अटोक्याड, टुडी तथा थ्रिडीसम्बन्धी ज्ञान भएका व्यक्तिले आफ्नो सम्पूर्ण विवरणसहित पोष्ट बक्स १०९०९ मा आवेदन दिनुहोला।

• नेपालगन्जस्थित एक गैरसरकारी संस्थाका लागि एक जना एमबिबिएस उत्तीर्ण चिकित्सकको आवश्यकता छ। इच्छुक व्यक्तिले मोबाइल ९८५१०९९५९५ मा सम्पर्क राख्नुहोला।

• काठमाडौंमा सञ्चालनमा आउन लागेको एक एफएम स्टेसनको लागि चार जना कार्यक्रम उत्पादक (शिक्षा-स्वास्थ्य र जानकारीमूलक, मनोरञ्जनात्मक, जनसरोकार-विकास र आर्थिक, समाचार), केही कार्यक्रम सञ्चालक/प्रस्तोता, केही समाचारदाता, एक जना बजार अधिकृत, तीन जना रेडियो प्राविधिक, केही बजार सहायक तथा एक जना प्रशासन/लेखा अधिकृतको आवश्यकता छ। इच्छुक व्यक्तिले फोन ४१०२५४८ मा सम्पर्क राख्नुहोला।

• काठमाडौंस्थित एक सेभिङ एन्ड क्रेडिट कोअपरेटिभ लिमिटेडका लागि एक जना म्यानेजरको आवश्यकता छ। स्नातक तह उत्तीर्ण गरेर सम्बन्धित क्षेत्रमा तीन वर्षभन्दा माथिको अनुभव हासिल गरेका व्यक्तिले फोन ४३८४४०५ मा सम्पर्क राख्नुहोला।

• नुवाकोटस्थित एक क्याम्पसका लागि एम एड उत्तीर्ण एक जना अंग्रेजी शिक्षण सहायक, इपिएम मूल विषय लिई एमएड उत्तीर्ण शिक्षा शिक्षण सहायकको आवश्यकता छ। योग्य व्यक्तिले क्याम्पसको फोन ०१०-५६०१५७ मा सम्पर्क राख्नुहोला।

• काठमाडौंस्थित एक व्यापारिक तथा औद्योगिक समूहका लागि व्यवस्थापन संकायमा स्नातक तह उत्तीर्ण एक जना एकाउन्टेन्ट, विज्ञान संकायमा स्नातक तह उत्तीर्ण एक जना सेल्स रिप्रिजेन्टेटिभको आवश्यकता छ। योग्य व्यक्तिले आफ्नो सम्पूर्ण विवरण सहित पोष्ट बक्स ६२३ मा आवेदन दिनुहोला।

• काठमाडौंस्थित एक इम्पोर्ट हाउस (कम्प्युटर प्रोडक्ट) का लागि सेल्स एन्ड एकाउन्ट्स डिपार्टमेन्टमा काम गर्ने युवाको आवश्यकता छ। सम्बन्धित क्षेत्रमा अनुभव हासिल गरेको व्यक्तिले आफ्नो सम्पूर्ण विवरण सहित इमेल vacant_123@hotmail.com मा आवेदन दिनुहोला।

विज्ञान समाचार

## स्मार्टसुट र हवाई सुरक्षा

बेलायतको ह्याम्पसर उडल्यान्डस्थित एउटा संस्थानका वैज्ञानिकहरू यति बेला स्मार्ट सिट नामक उपकरण बनाउन जुटेका छन् । स्मार्ट सिट हवाई यात्रा गर्नेहरूका लागी बस्ने सिट हो, जसमा गुप्त सेन्सर हुन्छ । यो एउटा कम्प्युटर स्क्रिनसँग जोडिएको हुन्छ, जसद्वारा हवाईयात्राका बेला जहाजका कर्मचारीहरूले यात्रीहरूको गतिविधिमा दृष्टी राख्न सक्छन् । स्मार्ट सिटको दृष्टिबाट यात्रीको कुनै पनि व्यवहार लुक्न सक्दैन । उपकरणले के पनि हेर्छ भने यात्रीको नसामा रगत त जमिरहेको छैन वा फेरि ऊ असामान्य रूपले शान्त त छैन ।

## छात्रछात्रालाई ल्यापटप कम्प्युटर

लिबिया सरकारले आफ्ना सबै स्कुले छात्रछात्राहरूका लागि ल्यापटप कम्प्युटरको व्यवस्था गर्ने भएको छ । सन् २००८ को जूनसम्म उपलब्ध गराउने भनिएको उक्त ल्यापटप कम्प्युटरको मूल्य एक सय अमेरिकी डलर पर्छ । ती कम्प्युटर अमेरिकाको नन प्रोफिट एसोसिएसनबाट किनेर ल्याउने समझौता लिबिया सरकारले गरेको छ ।

ती कम्प्युटरहरू लिबियाका १२ लाख स्कुले छात्रछात्रालाई प्रतिविद्यार्थी एकका दरले उपलब्ध गराइनेछ । एक सय डलरमा लाखौंको संख्यामा ल्यापटप कम्प्युटरहरू उत्पादन गरिने योजनाको घोषणा ट्युनिसियाको राजधानी ट्युनिसमा गत वर्ष सम्पन्न संयुक्त राष्ट्रसंघको सूचना समाजको सम्मेलनमा गरिएको थियो । हालको मोबाइल सेल फोनमा प्रयोग गरिने चिप्सहरू राखेर सस्तो रूपमा उत्पादन गरिएको उक्त ल्यापटप कम्प्युटरमा विन्डोज प्रोग्राम र इन्टरनेट सञ्चालन गर्न तथा न्यूनतम डाटाहरू सेभ तथा आदान-प्रदान गर्न सकिन्छ ।

उक्त कम्प्युटरमा पाँच सय मेगाहर्जको प्रोसेसर राखिएको छ । लिबियाका प्रत्येक विद्यार्थीलाई ल्यापटप कम्प्युटर उपलब्ध गराउने योजनाले विद्यार्थीहरूलाई उत्साहित बनाउने मात्र नभई यसले धनी र गरिबबीचको डिजिटल दूरी घटाउने एवं अध्ययन पद्धतिमै नयाँ अध्याय थपिने टिप्पणी लिबियाको शिक्षा मन्त्रालयले गरेको छ ।

यौन विज्ञान

## धूम्रपान र गर्भधारण

पोर्चुगल र स्पेनका अनुसन्धानकर्ताहरूले गरेको अध्ययनअनुसार धूम्रपानका कारण महिलाहरूको पाठेघरमा असर पुग्नुका साथै उनीहरूको गर्भधारण क्षमतामा पनि ऱ्हास आउँछ । अनुसन्धानका क्रममा सामान्य धूम्रपान गर्ने महिलामध्ये ५२ दशमलव २ तथा बढी धूम्रपान गर्नेमध्ये ३४ दशमलव १ महिलाहरू मात्र सजिलोसँग गर्भवती बन्न सकेको देखियो । अनुसन्धानकर्ताहरूका अनुसार चुरोट, बिंडीजस्ता वस्तुमा हुने तम्बाकुका कारण पाठेघरको पुरुषको वीर्य ग्रहण गर्ने तथा त्यसलाई सुरक्षित राख्ने क्षमतामा ह्रास आउँछ । त्यसैगरी बढी धूम्रपान गर्ने महिलाहरूमा गर्भधारण भए पनि जुम्ल्याहा भ्रूण हुने सम्भावना ६० प्रतिशत र सामान्य धूम्रपान गर्ने महिलामा यो सम्भावना ३१ प्रतिशत हुन्छ । यो परीक्षणमा दिनमा १० खिल्लीभन्दा कम चुरोट सेवन गर्नेलाई सामान्य धूम्रपान गर्ने र त्यसभन्दा बढी चुरोट पिउनेलाई बढी धूम्रपान गर्ने समूहमा राखिएको थियो ।

# नेपालमा उपलब्ध कृषिबालीका जंगली प्रजाति



नेपालमा पाइने विभिन्न किसिमका जंगली वनस्पतिका प्रजातिमध्ये बालीनालीका ७५ प्रकार र वनजंगलका ३५ प्रकारलाई अहिलेसम्म पहिचान गरिसकिएको छ । नेपालमा करिब १ सय किसिमका वनस्पतिको व्यापार हुन्छ भने झन्डै २ सय ५० जीव र वनस्पतिले व्यापारको ठूलो सम्भावना बोकेका छन् ।

नेपालको कृषि इकोलोजिकल क्षेत्रमा भएको मौसमी विविधताले पनि बाली र घरपालुवा जनावरलाई उचित वातावरण बनाइदिएको छ । ४ सयभन्दा बढी जातिका कृषि र फलफूल बाली नेपालमा पाइने विश्वास गरिन्छ, जसमध्ये ५० प्रतिशतलाई व्यापार र घरेलु प्रयोगमा ल्याइएको छ । नेपालमा जंगली फलफूलका ३७ प्रजाति र ४५ उप-प्रजातिलाई प्रयोगमा ल्याइएको तथ्यांक छ ।

नेपालमा पुरातन हिमक्षेत्र एवं पूर्वीय जीव भौगोलिक क्षेत्रभित्रका एकान्तर अज्ञात स्थानसहितको उपस्थितिका कारण पनि नयाँ प्रजातिको विकास अनुकूल छ । नेपालको वनस्पतिको एउटा महत्त्वपूर्ण भाग खेती गरिने वनस्पति खासगरी कृषिबालीको विविधता हो । नेपालमा कम्तीमा २ सय ५० जातिका वनस्पतिको खेती गरिन्छ । नेपालमा खेती गरिएका ५ सयभन्दा बढी फूल फुल्ने बोटबिरुवाका जंगली नातेदार नेपालमै पाइन्छन् । नेपालमा आलु र मकैबाहेक प्राय: सबै बालीका जंगली प्रजाति पाइन्छन् । काठमाडौं उपत्यकाका विभिन्न ठाउँमा पाइने जंगली प्रजातिका पालुङ्गो, भान्टा, भुइँकाफल, फापर र तराईका विभिन्न जिल्लामा पाइने विभिन्न प्रजातिका जंगली धान, हुम्लाको सिमिकोटवरपर पाइने जंगली भुइँकाफल, जुम्लामा पाइने जंगली स्याउ, चितवनको लोथरमा पाइने जंगली आँप र जतातत्तै पाइने जंगली नास्पातीले नेपाल खेती गरिने बोटबिरुवाको सृष्टिस्थल हो भन्ने देखाउँछ ।

नेपालमा कम्तीमा १ हजार ४ सय ६३ वनस्पति औषधीका रूपमा प्रयोगमा छन् । यी प्राय: जंगली अवस्थामा छन् । कृषि वनस्पतिका सयौं जंगली नातेदारमध्ये जंगली भान्टा, जंगली रामतोरिया, जंगली कुरिलो आदि खेती गरिएका बालीका जंगली नातेदारलाई औषधीय वनस्पतिका रूपमा पहिचान गरिएको छ । यसैगरी नेपालमा २ सय ४६ जातका फूल फुल्ने वनस्पति र २ सय ४८ जातका फूल नफुल्ने वनस्पतिको पहिचान गरिएको छ । वैज्ञानिकहरूले नेपालका हिमालयमा ७ हजार फूल फुल्ने र ४ हजार २ सय १६ फूल नफुल्ने जातका वनस्पति पहिचान गरेका छन् ।

नेपालमा खेती गरिएका बालीका ६५ जंगली नातेदार पत्ता लगाइएको छ । ३६ कृषिबालीका १८ परिवारभित्रका ४६ प्रकारका ८३ जंगली नातेदार भेटिएका छन् । नेपाल सम्भवत: सबैभन्दा उत्तरमा रहेका क्षेत्र हो, जहाँ धानको उद्‌भव भएको हो । नेपालमा कम्तीमा ५ प्रकारका जंगली धान भेटिएका छन् । हुम्लामा भेटिएका जंगली गहुँका आधारमा नेपाललाई गहुँ उत्पत्तिको दोस्रो वा तेस्रो ठाउँ मान्न सकिन्छ । नेपालमा गहुँका ४ सय ५ तथा धानका २ हजार स्थानीय जात उपलब्ध छन् । गहुँका १०, सिमी, मुग, चना, केराउ आदि गेडागुडीका कम्तीमा ३८ जंगली जाति, उखु, कपास आदिका जंगली जाति नेपालमा पाइएका छन् ।

तरकारीका ४० भन्दा धेरै जंगली प्रजाति नेपालमा पाइन्छन् । ४२ थरीका सामान्य मौसम क्षेत्र (न गर्मी न जाडो) र २८ थरीका अति गर्मी र ठिक्क गर्मी मौसम क्षेत्रमा पाइने फल नेपालमा उपलब्ध छ । त्यस्तै, औषधीय र सुगन्धित गुणका खेती गरिएका वनस्पति जस्तै– पुदिना, जिम्बु, लसुन, तुलसी आदिका ४८ जंगली नातेदार भेटिएका छन् । नेपालमा खाद्यबालीमा १ सय ७२ परिवार, २ सय ९६ समूह, ५ सय ९९ प्रजाति र ३५ उपप्रजाति पाइन्छन् । यीमध्ये ६० परिवार, १ सय ५५ समूह, २ सय २५ प्रजाति र ३१ उप-प्रजातिको खेती गरिएको छ भने बाँकी जंगली अवस्थामा छन् । करिब १५ प्रजाति धान, गहुँ, कोदो, फापर, मकै, जौजस्ता अन्नबाली छन् । १८ प्रजाति खेती गरिएका गेडागुडी छन् भने २३ प्रजाति फलफूल र सयभन्दा बढी प्रजातिका तरकारी बाली छन् ।

## राडारले लुकेको सम्पति खोज्ने

इजराइलको वेन गुरियन विश्वविद्यालयका वैज्ञानिकहरूले ठोकुवा गरेका छन् कि माइक्रोवेब राडारमा जमिनभित्र हेर्ने अद्‌भुत क्षमता हुन्छ । यही क्षमताका कारण त्यसले धूलोको बवन्डरको तल दाबिएको वस्तुलाई पनि खोज्न सक्छ । विश्वविद्यालयका अनुसन्धानकर्ता डेन ब्लमबर्गले न्यु साइन्टिस्ट पत्रिकालाई दिएको जानकारीअनुसार दाबिएका वस्तुहरूलाई राडारको एयरबोर्न सिस्टमद्वारा खोज्न सकिन्छ ।

अनुसन्धानकर्ताहरूका अनुसार यो खोजले सहारा मरुभूमिमा बालुवाको धेरै तल दाबिएका प्राचीन नदीहरूको मार्ग पत्ता लगाउन सघाउनेछ । वैज्ञानिक ब्लमवर्गका अनुसार बालुवामा दाबिएको नदीको बाटो पत्ता लगाएपछि सहारा क्षेत्रको भौगोलिक र जलवायुसम्बन्धी इतिहासका बारेमा हाम्रो ज्ञानमा वृद्धि हुनेछ, तर यो प्रविधि सुख्खा र बालुवा भएको स्थानमा मात्र उपयोगी छ ।

न्यू साइन्टिस्टका अनुसार भविष्यमा राडारको माध्यमले जमिनमुनि दाबिएको अवशेष र भौगोलिक संरचनाहरूको खोज पनि गरिनेछ । यसले जमिनभित्रको घर र पाइपहरू आदि पनि हेर्न सकिन्छ ।

# सबैले पाउन सक्छन् गिद्धदृष्टि

कुनै बेला आँखाको परीक्षणपछि सही नम्बरको चस्मा बनाउनुलाई एउटा ठूलो प्राविधिक उपलब्धिका रूपमा हेरिन्थ्यो, तर पछि यस्तो प्रविधिका बारेमा सोचियो जसद्वारा बिनाचस्मा नै आँखाको कमजोरी हटाउन सम्भव होस् । लेजर किरण प्रयोग गरिने लेसिक प्रविधिद्वारा त्यस्तो कल्पनालाई पनि मूर्त रूप दिइयो । उक्त प्रविधि चस्माबिना नै आँखाको कमजोरी हटाउने दिशामा एउटा महत्त्वपूर्ण उपलब्धि थियो ।

विज्ञानले अब यस्तो प्रविधि सुलभ गराइदिएको छ जसले प्रकृतिद्वारा मानिसलाई दिइएको सामान्य दृष्टि क्षमतालाई असाधारण रूपले बढाउन सकिन्छ र आँखाको लेन्सको बनावटमा रहेको त्रुटिलाई पनि हटाउन सकिन्छ । प्रकृतिले मानिसलाई अधिकतम १४ फिट टाढासम्म हेर्ने क्षमता प्रदान गरेको छ, तर जाइआप्टीक्स प्रविधिद्वारा यस्तो क्षमतालाई डेढ गुनासम्म बढाउन सकिने भएको छ । त्यसका लागि एबेरोमिटर नामक एउटा नयाँ उपकरण आविष्कार गरिएको छ । एबेरोमिटरले आँखामा भएको कमजोरीहरूलाई नापजोख गर्छ र त्यसलाई एउटा नक्सा वा चित्रका रूपमा प्रस्तुत गर्छ । उक्त नक्सा वा चित्रका आधारमा व्यक्तिविशेषको आँखाको कमजोरीहरूलाई एकदम सटिक र प्रामाणिक ढंगले हटाइन्छ । जाइआप्टिक्स नामक यो प्रविधि लेसिक प्रविधिभन्दा प्राविधिक रूपमा धेरै प्रभावशाली छ । लेसिक प्रविधिअन्तर्गत कोर्नियालाई यस प्रकार बदलिइन्छ कि प्रकाशको किरणलाई घुमाउने त्यसको कोणमा परिवर्तन होस् । यस्तो परिवर्तनका कारण आँखाको अगाडिको दृश्यका किरणहरू रेटिनामा केन्द्रित हुन्छन्, तर जाइआप्टिक्स प्रविधिमा कोर्नियाको आकृतिको नक्सा जाई किरण ( एबेरोमिटर) द्वारा बन्छ । यो चित्रले आँखाको दृष्टि प्रणालीका सबै कमजोरी स्पष्ट हुन्छ । आँखाका कमजोरीहरूका बारेमा सबै महत्त्वपूर्ण सूचनाहरू यो उपकरणले जम्मा गर्छ र त्यसअनुसार नै प्रकाशको किरण घुम्ने कोणमा परिवर्तन गरिन्छ ।

प्रारम्भिक प्रयोगमा १ सय ७ रोगीको २ सय आँखामा जाइआप्टिक्स प्रविधिले जुन परिणाम दिएको छ त्यो आफ्नो दृष्टि क्षमता बढाउन इच्छुक व्यक्तिहरूको आशाअनुरूप छ । उक्त प्रविधिअन्तर्गत गरिएको शल्यक्रियामध्ये १८ देखि ५६ वर्षका ६२ दशमलव ५ प्रतिशत व्यक्तिको नम्बर ४ देखी ८ र १९ प्रतिशत व्यक्तिको नम्बर ८ देखी १२ को बीचमा थियो ।

जाइआप्टिक्स प्रविधिअन्तर्गत उपचारपछि रोगीहरूलाई एक महिनासम्म अब्जर्भेसनमा राख्नुपर्छ ।

# आधुनिक विश्वका बालबालिका

जंक फुड, मार्केटिङ तथा भिडियो गेमजस्ता आधुनिक वस्तुका कारण अहिलेका बालबालिकाहरूको स्वास्थ्यमा असर पुगिरहेको छ । शिक्षक, मनोवैज्ञानिक, बाल स्वास्थ्य लेखक तथा अन्य विशेषज्ञ सहित १ सय १० जनाको समूहले गरेको अध्ययनको निष्कर्षमा यो तथ्य पत्ता लागेको हो । डेली टेलिग्राफका अनुसार अहिले बालबालिकाहरू विषयुक्त बनिरहेको तर्फ पनि विशेषज्ञहरूले सचेत गराएका छन् । उनीहरूको मस्तिष्क भर्खरै विकसित अवस्थामा हुने भएका कारण अहिलेको तीव्र प्राविधिक तथा सांस्कृतिक परिवर्तनलाई बालबालिकाहरूले ग्रहण गर्न सक्दैनन् । विशेषज्ञहरू भन्छन्- बालबालिकालाई वास्तविक खाना तथा आफ्ना बाबुआमासँगको नियमित अन्तरक्रिया एवं मनोरञ्जनको आवश्यकता पर्छ ।

सौन्दर्यका सामानहरू
1. YOKO Height Increaser - 1400/-
2. डण्डीफोर हटाउने (Pimple) - 2495/-
3. चायाँपोतो हटाउने (Anti Spot) - 2497/-
4. Sauna Belt - 2495/-
5. Slim & lift - 2495/-
6. Abking Pro - 6500/-
7. Roop Amrit - 1495/-
साथै टि. भि. मा देखाइने अन्य सामानहरू
सम्पर्क: पुतलीसडक (शंकरदेव क्याम्पस अगाडी / कुमारी बैंकको पछाडी)
4242061 चावहिल : 2002799, लगनखेल : 9851014602
बुटवल : 545793 नारायणघाट/हेटौडा - 984504292

Learn English

Own course books, audio-visual, self-practice lab
TOEFL/IELTS Preps.
Chinese, Japanese, German, French, Spanish languages
O'seas Language C. Bag Bazar, 4-268945, Jamal 4-244741
Language Books/Cassettes/CDs Sold here. OLC, 4-247897

संगीत
अनुभवी तथा दक्ष संगीत प्रशिक्षकहरूद्वारा यस आर्को म्युजीक इन्स्टिच्युट मा संगीतको विभिन्न विधाहरूमा कक्षा संचालन भई रहेको छ ।
गायन :- श्री कृष्ण श्रेष्ठ (प्रशिक्षक R.R. College)
प्रवीण बराइली (संगीतकार)
भ्वाइलिन :- राजकुमार श्रेष्ठ (बरिष्ठ भ्वाइलिन प्रशिक्षक)
तबला :- बिजुली प्रसाद लामिछाने
गिटार :- राजकुमार मालाकार (प्रशिक्षक K. U. Music Dept.)
सम्पर्क :- फोन नं. : ४-२४४७४७
बागबजार (भक्तपुर बसपार्क अगाडी, कृषि विकास बैंक जाने गल्ली)


निशुल्क ब्युटिसियन तालिम
रोजगारीको अवसर

एक प्रतिष्ठित पार्लरको लागि केही जनशक्ति आवश्यक परेको हुँदा ब्युटिसियन सिक्न इच्छुक महिलाहरूलाई तालिम पश्चात रोजगारको ग्यारेन्टी ।
उद्यमी महिला ब्युटिसियन तालिम केन्द्र
बालाजु चोक (LWBTC PH. 4350762)
डण्डीफोर तथा पोतोको ग्यारेन्टीका साथ उपचार गरिन्छ ।

होटल तालिम मोडर्नमा
Switzerland & UK
Cook, Waiter, Bakery, Barman, Captain, Bell Boy, Supervisior, Care Giver, Housekeeping, Domestic Helper
Cook Training
Waiter, Housekeeping
English Language FREE
ModernManagement Modern Technology
MODERN HOTEL Training Center
Ph:- 4363215, 2315801

LANGUAGE TRAINING
छिटो अनि राम्रोसँग American Method मा सिकाइने १ मात्र English, Japanese, Spanish, Chinese, German तथा French Language Training संचालन गरिदैछ ।
३ महिना भित्र राम्रोसँग बोल्न सक्ने बनाउने विश्वास दिलाउछौं ।
BUD LANGUAGE INSTITUTE
जमल रानी पोखरी, विश्वज्योति हलसँगै
Tel:- 4249576

## मोटरसाइकल चढ्न नेपाली चलचित्र हेर्नुहोस्



'नेपालीहरूले नै नेपाली चलचित्र हेर्दैनन्', चलचित्र क्षेत्रका पण्डितहरू अक्सर यही वाक्य दोहोऱ्याइरहेका हुन्छन् । उनीहरूका अनुसार नेपाली चलचित्रलाई गाउँका दर्शकले जति माया गर्छन् सहरिया दर्शकले त्यत्तिकै उपेक्षा पनि । चलचित्र निर्माणमा आफ्नोपन दिनेभन्दा पनि हिन्दी फिल्मको नक्कल गर्नेतर्फ ध्यान दिने चलचित्र निर्माताहरूले आफ्नो नयाँ चलचित्रको कथा एवं प्राविधिक पक्ष सबल भएको दावी गरे पनि चलचित्र प्रदर्शनमा आएपछि फेरि त्यही कथा दोहारिन्छ । भारतमा हिन्दी चलचित्र सार्वजनिक भएकै दिन नेपालमा पनि सार्वजनिक हुने भएकाले पनि दर्शक ठूलो लगानीका हिन्दी चलचित्रतर्फ आकर्षित हुनु स्वाभाविक पनि हो । अहिले नेपाली चलचित्र निर्माताहरूले दर्शक तान्न नयाँ जाल फ्याँकेका छन्, त्यो हो– नेपाली चलचित्र हेर्न आउने दर्शकलाई उपहार प्रदान गर्ने । राजधानीमा प्रदर्शन भैरहेको चलचित्र 'ए पण्डित बाजे' ले दर्शकलाई विशेष भनिएको रुमाल बाँड्दैछ भने राजधानीमा प्रदर्शन हुने तयारीमा रहेको चलचित्र 'क्रोध' ले चलचित्र हेर्नेमध्ये एक दर्शकलाई गोलाप्रथामार्फत मोटरसाइकल उपहार दिने योजना बनाएको छ । गत साता एक पत्रकार सम्मेलनकै आयोजना गरी चलचित्र क्रोधका निर्माता- निर्देशक आकाश अधिकारीले भाग्यशाली दर्शकलाई अन्नालिफान मोटरसाइकल प्रदान गर्ने घोषणा गरेका हुन् । यता 'ए पण्डितबाजे' को निर्माण युनिटका तर्फबाट निरुता सिंह, रेखा थापा, निखिल उप्रेती, किरण केसी आदि कलाकारले दर्शकलाई रुमाल बाँडिरहेका छन् । 'त्यति मात्र होइन,' निर्माता मधुसूदन सिलवाल भन्छन्- 'रुमालसँगै दर्शकले कलाकारको अटोग्राफ पनि पाउँछन् । दर्शक तान्ने निर्माताहरूको यो जालमा कति माछा पर्नेहुन्, त्यो भने भविश्यले नै देखाउनेछ ।

## प्रोत्साहन गर्नेलाई चलचित्र



गएको वर्ष राष्ट्रिय फोटो पत्रकार समूहले आयोजना गरेको तस्बिर प्रदर्शनीमा द्वन्द्वका तस्बिर देखेपछि चलचित्र निर्देशक नारायण पुरीमा द्वन्द्वमा आधारित चलचित्र निर्माण गर्ने सोच विकसित भयो । केही वर्षअघि उनले माओवादी जनयुद्धमा आधारित व्यावसायिक चलचित्र 'आगो'को निर्माण गरेर प्रशंसा पनि पाएका थिए । देशको युद्धमा होमिएका दुवै पक्ष मिल्नुपर्छ भन्ने अवधारणालाई उनले चलचित्र 'अल्पविराम' तयार पारे । चलचित्रमा उनले भन्न खोजेको कुरा लगभग पूरा भैसकेको छ । सरकार र माओवादीबीचको शान्तिवार्ताले गतिलो निकास पाइसकेको छ । लोकतन्त्रको बहालीपछि पुरीले आफ्नो चलचित्र हङकङका प्रवासीहरूलाई देखाए र प्रशंसा पाएको कुरा बताए । आउँदो मंसिर २८ गते उक्त चलचित्र निर्माण गर्न अप्रत्यक्ष प्रोत्साहित गरेको राष्ट्रिय फोटो पत्रकार मञ्चका लागि कुमारी चलचित्र भवनमा साँझ एक च्यारिटी सो गरिँदैछ । सुनील पोखरेल, विजय लामा, रमा थपालिया आदि कलाकारको मुख्य भूमिका रहेको चलचित्र 'अल्पविराम' को विषयवस्तु तथा प्रदर्शनका बारेमा गत आइतबार राष्ट्रिय फोटो पत्रकार समूह एवं अ क्रिएटिभ भुमी मेकर्सले संयुक्त रूपमा पत्रकार सम्मेलनको आयोजना गरेका थिए ।

## कुटाइ खाने पालो

सोमबार निर्माता राजकुमार राई झन्डै चार दर्जन पत्रकारमाझ दरबार होटलमा कुर्लंदै थिए । गत वर्ष उनको चलचित्र 'पापी मान्छे'ले सबैभन्दा बढी व्यापार गऱ्यो, सँगसँगै नरेश पौड्यालको चलचित्र 'धड्कन'ले पनि सफलता पायो । चलचित्र निर्माताहरूको संस्था चलचित्र निर्माता संघले यो वर्ष ती दुवै चलचित्रलाई प्रकाश थापा स्मृति पुरस्कार दिने घोषणा गरेपछि उक्त संघका प्रवक्ता राई संघको उक्त निर्णय विरुद्ध उभिए । उनले आफूले पाउने पुरस्कार बहिष्कार गरे । पुरस्कार बाँडियो तर राजकुमार पुरस्कार थाप्न गएनन् । संघका उपाध्यक्ष नरेश



पौड्यालले भने आफ्नो चलचित्रले पाएको पुरस्कार मज्जाले थापे । राई 'पुरस्कार दिने र लिने आफैं' प्रवृत्तिको विरोधी भए । त्यसैले उनले सोमबार पत्रकार सम्मेलन गरेर आफ्नो बह पोखे । सम्मेलनमा एक जना पत्रकारले दुई वर्षअघि निर्माता चिरञ्जीवी बस्नेतले निर्माता संघको विरुद्ध जाँदा तत्कालीन अध्यक्ष युवराज लामाको कुटाइ खाएको स्मरण गराउँदै राईसँग सोधे- 'के अब कुटाई खाने पालो तपाइंको हो ?' दरबार होटलको त्यो हल हाँसोले गुन्जियो । राई भन्दै थिए– 'हैदैं जाऊँ, समयले के गर्छ ? तैपनि संघका प्रवक्ता भएर संघले दिएको पुरस्कार म कुन नैतिकताले लिऊँ ?' प्रवक्ता त के संघको कार्यकारी सदस्यबाट पनि राजीनामा दिइसकेका राई यसरी संघविरुद्ध खनिनुका पछाडि पुरस्कार मात्र नभै अरू पनि कारण भएको कुरा उनले बताएका छन् ।

## वाइन स्पेसिलिस्ट नायक

प्राय: चलचित्रकर्मीका लागि चलचित्रकर्म देखाउने दाँत भएको छ । नेपाली चलचित्रमा नायक भै अभिनय गरेका एक जना नायकले त्यसपछि केही म्युजिक भिडियो तथा टेलिश्रृंखलाहरूमा आफ्नो रहर पूरा गर्ने अवसर पाए । यो क्षेत्रमा लागेर हातमुख जोर्न अप्ठेरो पर्ने महसुस भएपछि पर्दामा मुहार देखाउने रहरलाई किनारा लगाउँदै उनले विदेशी वाइन तथा अन्य पेय पदार्थको व्यवसाय आरम्भ गरे । दुई वर्षको अन्तरालमा उनी अहिले वाइन स्पेसिलिस्ट भएका छन् । तीन वर्षअघि सात जना नायिकाले अभिनय गरेको चलचित्र 'इन्द्रेणी'का छ जना



नायकमध्ये नायिका नन्दिता केसीको जोडी भएर पर्दामा देखिएका नायक प्रवीण खनियाँलाई अहिले वाइन स्पेसिलिस्टका रूपमा चिनिन्छ । उनको लिकर्स व्यवसाय रोयल ट्रेडर्स विदेशी वाइन तथा पेय पदार्थको खरिद-बिक्री गर्ने चर्चित थलो बनेको छ । हालै साप्ताहिकले भेट्दा उनी निकै प्रसन्न थिए । कारण थियो, उनलाई नेपालमा वाइन बिक्री-वितरणमा सक्रियता देखाएबापत फ्रान्सको एक वाइन उत्पादक कम्पनीले आफ्नो फ्याक्ट्री भ्रमण गर्न बोलाएको छ ।

# यो मंसिर पनि रित्तै

पृष्ठ १ बाट जारी

तर हाल नम्बर वान गनिने अभिनेत्री रेखा थापाको क्रेज र सक्रियताले उनीहरूको तर्कको खण्डन गर्छ । रेखाअघि करिश्मा मानन्धर, कृष्टि के.सी., मौसमी मल्ल आदिको क्रेज पनि उत्तिकै थियो । अभिनेताहरूमा पनि राजेश हमालबाहेक विवाहितहरूकै सक्रियता, क्रेज र हालीमुहाली पाइन्छ । विवाह भएकामध्ये पूजा चन्द, गौरी मल्ल र मौसमी मल्ल यति बेला श्रीमान्बिनाको जीवन गुजारिरहेका छन् । मौसमी मल्लले त दोस्रो श्रीमान् पनि छोड्न सकिनन् ।

विवाहित अरू नायक-नायिकाको घरझगडाले पनि अखबारका पाना रंगिने गरेका छन् । त्यसैगरी बहुविवाह गर्ने अभिनेताहरू पनि प्रशस्तै छन् । यसमा शिव श्रेष्ठ, भुवन के.सी., कृष्ण मल्ल, दिनेश शर्मा, विशाल विष्ट आदिको नाम लिन सकिन्छ । उपरोक्त उदाहरणले कलाकारको विवाहित जीवन उतारचढावपूर्ण देखिन्छ ।

जे होस्, कुनै एउटा कारणले मात्रैचाहिँ अभिनेत्रीहरू अविवाहित बसेका पक्कै होइनन् । उनीहरूको रोजाइ, कल्पना, भविष्य र वर्तमानसँग सम्झौता गर्ने पुरुष नभेटिँदा पनि उनीहरू अविवाहित बसेका हुन सक्छन् । चरित्र, शिक्षा, पाल्न गाह्रो भन्नेजस्ता नकारात्मक कुरालाई उनीहरूको क्रेज र कमाइले एक हदसम्म खण्डन नै गर्छ । यद्यपि हरेक मंसिर रित्ताको रित्तै हुनुले दर्शकहरूको चासोचाहिँ अवश्य बढेको छ ।



## गफै त हो



### विवाह दुई वर्ष सऱ्यो

'कसैसँग कुराकानी गर्न थाल्यो भने विवाहको प्रसङ्ग उठिहाल्छ, त्यसमाथि पत्रकारले नयाँ जानकारी खोज्ने विषयवस्तु अवश्य पनि विवाहकै होला,' सानो पर्दाकी परिचित नायिका दीपाश्री निरौलाले साप्ताहिक संवाददातासँग कुराकानीका क्रममा आफैं विवाहको प्रसङ्ग निकालेर भनिन्- 'मेरो विवाहको खबर सुन्न अझै दुई वर्ष कुर्नुपर्ने भएको छ ।' खुलस्त रूपमा प्रस्तुत हुने दीपाले भर्खरै मात्र आफ्नो भविष्य बुझ्न एक ज्योतिषलाई हात हेराएको बताइन् । ज्योतिषले नै दुई वर्ष विवाह नहुने बताएपछि हाललाई विवाहको टन्टो पर सरेको 'तीतो सत्य'की नायिका निरौलाको कथन थियो । उमेरले तीन दशक काट्न लागे पनि उनलाई विवाहको चिन्ता छैन । 'म त ज्योतिषमाथि एकदमै विश्वास गर्छु नि,' उनले भनिन्- 'अहिले काम गरेर देखाउने समय हो, त्यसैले विवाहलाई दोस्रो प्राथमिकतामा राखेकी छु ।' दीपाश्रीले दुई वर्षपछि विवाह गर्ने साइत जुरेको बताए पनि बेहुलो अहिले नै छनौट भए-नभएको चाहिं बताउन चाहिनन् । जे होस्, दीपाश्रीले ज्योतिषीलाई देखाएर विवाहको साइत हेरेजस्तै आफ्नो वर पनि ज्योतिष देखाएर छनौट गर्लिन् जस्तो छ । तपाईं पनि विवाहका लागि कन्या खोज्दै हुनुहुन्छ भने दीपाश्रीको टिपनसँग आफ्नो टिपन जुराउन ज्योतिषकहाँ जाने कि ?

## केवल एक प्रश्न

### तपाईंको जीवनको सबैभन्दा गोप्य कुरा के हो ?



मेरा बारेमा सार्वजनिक नभएका कुरा धेरै छन् । विद्यार्थीकालमा म एकदमै राम्रो विद्यार्थी थिएँ । एउटै कक्षामा ३ वर्ष लगाएर अध्ययन गर्थें । एसएलसीमा पनि ३ वर्षको अथक प्रयासपछि सफलता हात परेको थियो । वास्तवमा म कुनै पनि काम राम्रोसँग फत्ते गर्न अत्यधिक समय दिन रुचाउँछु भन्ने कुरालाई माथिका कुराले प्रस्ट पार्छ, हैन त ....? अरू भन्न नमिल्ने व्यक्तिगत कुरा पनि छन्.......

**दीपकराज गिरी, कलाकार**

'पब्लिक फिगर' भएपछि व्यक्तिगत जीवन पनि सार्वजनिक हुँदो रहेछ। मेरो गोप्य कुरा खासै केही छैन। अँ.. एकछिन है... सानो छँदा विराटनगरमा गुल्लीडण्डा खुबै खेलिन्थ्यो। त्यस्तै घरमा भाइ नजन्मिएसम्म मलाई सबैलाई छोरो जस्तो व्यवहार गर्थे, मेरो स्वभाव पनि त्यस्तै थियो। ९ कक्षासम्म म हाफ पाइन्ट लगाएर विद्यालय जान्थें।

**दीपाश्री निरौला, कलाकार**

म धार्मिक कुरामा बढी विश्वास गर्छु, कुनै पनि काम थाल्नुअघि साइत हेराएर मात्र गर्छु । गीतिसंग्रहको नाम राख्दा होस् वा बजारमा ल्याउँदा होस् मैले साइत हेराएर मात्र काममा हात हालेको छु । भर्खरै मात्र आफ्नो नयाँ गीतिसंग्रहको 'पहाडी क्षेत्र' नाम पनि साइत हेराएर नै राखेको हो । त्यस्तै धेरै अघि थाङ्का आर्ट गर्ने एउटी युवतीसँग मायाप्रेम बसेको थियो, तर उक्त कुरा कसैले थाहा पाएन ।

**अविनाश घिसिङ, हिपहप गायक**

कसैले मप्रति राम्रो दृष्टिकोण राखेको छ-छैन भन्ने कुरा उसको अनुहारको एक्सप्रेसनबाटै थाहा पाउन सक्ने क्षमता ममा छ । यसमा मैले ९८ प्रतिशत सफलता पाएकी छु। यसबाहेक मेरो चर्को रिसका सम्बन्धमा कमैलाई थाहा छ। रिस उठेपछि मलाई आफैंलाई थाम्न गाह्रो हुन्छ ।

**सभोना श्रेष्ठ, मिस अर्थ नेपाल–२००५**

गोप्य कुरा ? 'फ्लास आउट' गर्न नमिल्ने कुरा साप्ताहिकलाई भनेपछि सबैले थाहा पाइहाल्छन नि । नाइँ, म त मेरो गोप्य कुरा भन्दिनँ । एउटा कुरा, म जतिसुकै निराश भए पनि बाहिर (अरूसँग प्रस्तुत हुँदा) हाँसिरहेको अभिनय गर्न सक्छु ।

**सोनु पौडेल, लक्स सुपर मोडल– २००६**

# नेपाली तारा-२ को बुटवल अडिसन



**टोपराज शर्मा**

बुटवल– नेपाली गायन प्रतिभाहरूको खोजी गर्ने उद्देश्यले नीलबाराही फिल्म्स प्रा.लि.ले धरानबाट सुरु गरेको नेपाली तारा-२ को पहिलो चरणको छनौटका लागि गत शुक्रबार र शनिबार यहाँको सिन्दूर होटलमा सयौं युवा लाइन लागे । लुम्बिनी अञ्चलका ६ वटै जिल्लाका गायन प्रतिभालाई समेट्ने उद्देश्यले दुई दिनसम्म चलेको 'बुटवल अडिसन' बाट २० जना दोस्रो चरणका लागि छानिएका छन् । करिब ७ सय जना सहभागीमध्ये प्रि-अडिसन राउन्डबाट १ सय २८ जना छनौट भएका थिए भने तीमध्येबाट २० जना मात्र दोस्रो चरणका लागि छनौट हुन सफल भए ।

८ वर्षीय बालक, दृष्टिविहीन, गृहिणी, बसचालकदेखि रिक्साचालकसम्म सहभागी हुन आएको अडिसनबाट सुष्मा विक, इन्दिरा पुन, मायालक्ष्मी कुँवर, सुष्मा अधिकारी, सरिता पन्थी, सुमित्रा गुरुङ, सहिमा श्रेष्ठ, शारदा अधिकारी, हरिनारायण थारु, दीपक पाण्डे पुन, सुरज पुन, शिव थापा, मानबहादुर परियार, नारायण परियार, कीर्तन सापकोटा, कुमार धामी, अर्बिन शाक्य, सुरज खान, वासुदेव ज्ञवाली, श्रीनिवास चौधरी छनौट भएका छन् । महिला प्रतिभाको सहभागिता बढाउने उद्देश्य भए पनि यहाँ महिला सहभागिता न्यून रहेको तर युवा विद्यार्थी सहभागीको बाहुल्य रहेको निर्णायक राम थापाले बताए ।

पहिलो चरणमा देशभरबाट छनौट भएकाहरूले राजधानीमा सम्पन्न हुने पियानो (सेल्फ) राउन्ड, म्युजिक राउन्ड तथा जज राउन्ड पार गर्नुपर्ने हुन्छ । उनीहरूलाई दुई सातासम्म बन्द शिविरमा प्रशिक्षणसमेत दिइने कार्यक्रमका संयोजक राजेन्द्र सलभले साप्ताहिकलाई बताए ।

# मिस्टर इन्टरनेसनल उपाधि नेपालीलाई

अमेरिका अध्ययनका लागि गएका एक नेपाली युवाले त्यहाँ आयोजित 'मिस एन्ड मिस्टर इन्टरनेसनल' प्रतियोगितामा 'मिस्टर इन्टरनेसनल' को उपाधि जितेका छन् । धरानका कौशल मास्केले उक्त प्रतियोगितामा सहभागिता जनाउँदै शीर्ष उपाधिको ताज हात पारेका हुन् । इन्टरनेसनल स्टुडेन्ट अर्गनाइजेसनको आयोजनामा अमेरिकाको ओक्लोहामा युनिभर्सिटीको स्टुडेन्ट थियटरमा भव्य समारोहबीच सम्पन्न उक्त प्रतियोगितामा विश्वभरका आठ प्रतियोगीले सहभागिता जनाएका थिए । खेतीमा लाग्ने कीरासम्बन्धी अध्ययन गर्न छ महिनाअघि त्यहाँ पुगेका मास्केले आफूलाइ अन्य विदेशी प्रतियोगी सामु उत्कृष्ट सावित गरेका थिए ।

आयोजक अर्गनाइजेसन आइएसओका उपाध्यक्ष कास्सोन्ड्रा वाकरका अनुसार प्रतियोगिताले आइएसओको प्रतिनिधित्व गर्न सक्ने राम्रो



अनुहार खोजेको छ । आशा गरौं उनीहरूले विद्यार्थी संगठनको मर्मअनुसार आफ्नो भूमिका प्रस्तुत गर्नेछन् । प्रतियोगितामा नाइजेरियाकी लोरेटा इजाक्पोमेहले महिलातर्फको शीर्ष उपाधि हात पारेकी थिइन् । इजिप्सियन थिममा सजाइएको प्रतियोगितास्थलमा परम्परागत फेसन सो, ट्यालेन्ट सो तथा प्रश्नोत्तर राउन्ड राखिएको थियो ।

प्रतियोगिताको सुरुवातमा प्रतियोगीहरूले आ-आफ्ना संस्कृतिलाई झल्काउने प्रस्तुति दिएका थिए । स्टेजको पृष्ठभूमिमा पाम ट्रिलाई पिरामिड शैलीमा सजाइएको थियो । जतिबेला प्रतियोगीहरू स्टेजमा प्रदर्शन गरिरहेका हुन्थे, त्यसबेला प्रतियोगीहरूका आ-आफ्ना समर्थकहरूले उनीहरूको पक्षमा आफ्नो देशको झण्डासहित हुटिङ गरिरहेका हुन्थे । मास्केले कंगेनियालिटी अवार्ड पनि हात पारेका थिए । 'यो प्रतियोगितामा सहभागी भएर मुख्य ताज जितेपछि म अत्यन्तै हर्षित छु' अवार्ड हासिल गरेपछि हर्षविभोर भएका मास्केले भने- मेरो उद्देश्य शिक्षाको क्षेत्रमा पछि परेको आफ्नो देश नेपालको शैक्षिक क्षेत्रलाई उज्वल बनाएर विश्व सामु परिचित गराउनु हो । मास्केले प्रतियोगिताको ट्यालेन्ट सोमा गीतार बजाउँदै गीत गाएका थिए ।



# चिसो बिर्साउने डान्स



धरान- एक सातायता भित्री मधेस धरानमा पनि जाडो बढेको छ तर शनिबार ब्रिटिस गोर्खा कम्युनिटी हलको वातावरण हेर्दा मौसममा चिसोपन बढेको पत्याउन सकिंदैनथ्यो । डान्स पार्टीमा छोटा कपडामा युवतीहरू तथा गन्जी र हाफ पाइन्टमै युवाहरू मस्त नाचिरहेका थिए । डान्स फ्लोर हेर्दा गर्मीयाम नै चलिरहेको अनुभूति हुन्थ्यो । ज्याकेट र पूरा कपडामा हल पुगे पनि कतिपय डान्स गर्दा भित्री कपडामा मात्र देखिन्थे । दसैंयता सातैपिच्छे आयोजना हुँदै आएको डान्स पार्टीमा विगतमा जस्तै टिन-एजर्सकै बाहुल्यता थियो।

दिउँसो एक बजेदेखि लगातार पाँच घन्टासम्म चार सयभन्दा बढीले डान्स पार्टीको मज्जा लुटेका थिए । अंग्रेजी हिपहप तथा हाउस म्युजिकमा हात आकाशतर्फ फर्काउँदै कम्मर मर्काई-मर्काई नाच्नेहरूको त्यहाँ कमी थिएन । धराने डिजेद्वय मिराक तथा बाबाले अंग्रेजी, हिन्दी र नेपाली संगीत मिक्सिङ गर्दै डान्स फ्लोर तताएका थिए ।

# लभगुरु रेखा




**म १७ वर्षीया युवती हुँ। म दस कक्षामा पढ्दैछु। दुई वर्षदेखि म एक जना युवकसँग प्रेम गर्छु। ऊ पनि मलाई निकै मन पराउँछ। १० कक्षा उत्तीर्ण भएपछि उसले विवाह गर्ने कुरा गरेको छ। यसबीच मैले उसको अरू कसैसँग प्रेमसम्बन्ध भएको र ऊसँग टीकाटालो पनि भैसकेको कुरा सुनें। मेरो एक जना साथीले त्यो कुरा सुनाइन्। मैले त्यो कुरा उसलाई पनि सुनाएँ। ऊ सुनेको कुरामा होइन, देखेको कुरामा विश्वास गर भन्छ। वास्तवमा मैले त्यो कुरा सुनेकी मात्र हुँ। यो परिस्थितिमा मैले कस्तो कदम चाल्नुपर्ला ?**

**–म.**

सर्वप्रथम त तपाईंलाई त्यो कुरा सुनाउने र तपाईंलाई आफ्नो प्रेमीप्रति भ्रम सिर्जना गर्ने साथी कत्तिको विश्वासिलो छ जान्नु आवश्यक हुन्छ। भन्नलाई त जो-कसैलाई जे-जस्तो आरोप लगाइदिन पनि सकिन्छ, तर बिना प्रमाण र आधारहीन कुरालाई झट्ट विश्वास गरिहाल्नु पनि हुँदैन। तपाईको प्रेमीले पनि ठीकै भनिरहेका छन्। सुनेको कुरामा विश्वास गर्दा धेरै जनाको प्रेम असफल भएको छ। जबसम्म तपाईंले उसको अरू कुनै प्रेमिका भएको वा उनीहरूको टीकाटालो भएको प्रमाण (तस्बिर इत्यादि) आफ्नो आँखाले देख्नुहुन्न, तबसम्म शंका गर्नु र आफ्नो मन मैलो बनाउनुको कुनै अर्थ रहन्न।

**पाठकहरूको प्रेम जिज्ञासा समाधान गर्ने उद्देश्यले हामीले यो स्तम्भ सुरु गरेका हौं। आफ्ना प्रेमसम्बन्धी विभिन्न समस्या हामीलाई लेखिपठाउनुहोस्। ती समस्याको समाधान विभिन्न विशेषज्ञको राय–सल्लाहअनुरूप नायिका रेखा थापाले खोज्ने प्रयास गर्नुहुनेछ। यो स्तम्भका लागि कुनै शुल्क लाग्नेछैन। आफ्नो समस्या साप्ताहिकको ठेगानामा पठाउनुहोला।**

# फिल्मी खबर



-चलचित्र 'क्रोध'मा संगीतकार सुरेश अधिकारीले पनि एउटा महत्त्वपूर्ण भूमिका निर्वाह गरेका छन्। चलचित्रमा अधिकारीसहित लक्ष्मण शेषको पनि संगीत सुन्न पाइन्छ। चलचित्रका निर्माता, कथाकार तथा निर्देशक आकाश अधिकारी हुन् भने उनले नै चलचित्रका दुईमध्ये एक नायकको भूमिका निर्वाह गरेका छन्। नायक धीरेन शाक्यले खलनायकको भूमिका निर्वाह गरेको चलचित्र 'क्रोध'मा निखिल उप्रेती, जल शाह, रेखा थापा, दिनेश शर्मा, उषा पौडेल आदि कलाकार पनि छन्। 'क्रोध'मा सुरज सुब्बा 'नाल्बो'को लेखन, किशोर ढकालको छायाङ्कन, राजेन्द्र खड्गीको द्वन्द्व तथा राजु शाह तथा दिनेश पाखिनको नृत्य-निर्देशन हेर्न पाइन्छ।

-चलचित्र निर्माता संघका पूर्वअध्यक्ष युवराज लामा हालै गठित आदिवासी जनजाति चलचित्रकर्मी संघको अध्यक्ष भएर पनि सक्रिय छन्। उक्त संघले हालै सात दल तथा माओवादी सहमतिमा २ सय ३८ वर्षदेखि भोग्दै आएको विभेद र समस्याप्रति उपेक्षा गरिएको भन्दै एक प्रेस विज्ञप्ति प्रकाशित गरेको छ। संघमा अभिनेता मुकुन्द श्रेष्ठ, लेखक सुरज सुब्बा 'नाल्बो', निर्देशक सुचित्रा श्रेष्ठ, निर्माता डाक्टरसिंह गुरुङ तथा गायक रेशम चौधरी उपाध्यक्ष छन् भने महासचिवमा निर्देशक नवीन सुब्बा छन्। त्यसैगरी निर्माता राजकुमार राई प्रवक्ता रहेको २१ सदस्यीय कार्यसमितिमा विनोद शेरचन, भीम राना, पुजाना प्रधान, दीपक वान्तवा, प्रदीप सिंह आदि सदस्य छन्।

-सैन्यभर्ती तथा वैदेशिक रोजगारप्रति मगर समुदायको मोहलाई बुटवलका केही चलचित्रकर्मीले चलचित्रको रूपमा दिएका छन्। 'फेच्रह नमखाम' शीर्षक राखिएको मगर भाषाको उक्त चलचित्र निर्माणको अन्तिम चरणमा पुगेको छ। मुनोको मेनो फिल्म्सको ब्यानरमा चलचित्रको निर्देशन सञ्जय काउछा मगरले गरेका छन्। चर्चित गायक क्रान्ति आलेले समेत अभिनय गरेको उक्त चलचित्रमा स्थानीय कलाकारहरूलाई नै प्राथमिकता दिइएको छ। मगर भाषाको भनिए पनि चलचित्रमा नेपाली भाषा पनि समेटिएको छ।

-केही समयअघि निर्माण आरम्भ भएको चलचित्र 'घातक' छायाङ्कनको बीचतिर पुगेको छ। निर्देशक रामजी लामिछानेको निर्देशन रहेको उक्त चलचित्रमा पूर्व मिस्टर नेपाल जीवन लुइँटेलका साथै रमित ढुंगाना, रवि बस्नेत, जयकिशन बस्नेत, गरिमा पन्त, नन्दिता केसी, प्रेरणा शर्मा, शंकर घिमिरे, विजय देउजा आदि कलाकारले मुख्य भूमिका निर्वाह गर्दैछन्। खेलाडी बन्ने महत्त्वकांक्षा बोकेका युवाहरूमा केन्द्रित चलचित्र 'घातक'मा दिनेश न्यौपानेको लेखन तथा लक्ष्मण शेषको संगीत छ। राजु शाहको नृत्य, रत्न ढकालको छायांकन, राजेन्द्र खड्गीको द्वन्द्व निर्देशन रहने उक्त चलचित्र आईकोर फिल्मसको ब्यानरमा प्रभुशमशेर जबराले निर्माण गर्न लागेका हुन्।

-संगीतकार तथा निर्माता दीपक रमणको चलचित्र 'मृत्युञ्जय' प्रदर्शनका लागि तयार छ। विदेशमा काम गर्न गएका एक जना मानिसको उतै मृत्यु भएको खबर आएपछि उनको काजक्रिया गरिन्छ, तर पछि त्यो मानिस बाँचेर फर्किन्छ। यही कथामा निर्माण गरिएको उक्त चलचित्रमा रमित ढुंगाना, सञ्चिता लुइँटेल, मुकुन्द श्रेष्ठ, सुनील थापा, आनन्द थापा आदिले अभिनय गरेका छन्। चलचित्र मृत्युञ्जयको निर्देशन नारायण पुरीले गरेका हुन् भने यसमा राजेन्द्र खड्गीको द्वन्द्व, राजु शाह, प्रदीप श्रेष्ठ र दिनेश पाखिनको नृत्य, रत्न ढकालको छायाङ्कन तथा शिव पुरीको सम्पादन हेर्न पाइन्छ।

-निर्देशक सोभित बस्नेतको पछिल्लो चलचित्र 'चोर सिपाही' प्रदर्शनको अन्तिम तयारीमा पुगेको छ। छोटो समयमै निर्माण सक्ने निर्देशक बस्नेतको उक्त चलचित्रमा भुवन केसी, निखिल उप्रेती, रमित ढुंगाना, संचिता लुइँटेल तथा नव नायिका अर्पणा सिंह आदिले अभिनय गरेका छन्। उक्त चलचित्रमा पप गायक सञ्जय श्रेष्ठले संगीत दिएका छन्।

# जाडोमा र्‍याम्प तताउने तयारी



दसैं तिहार निकै व्यस्त देखिएको राजधानीको फेसन वातावरण त्यसपछि केही सुस्तायो। हरेक साता कम्तीमा पनि दुईवटा फेसन कार्यक्रमले रंगिने राजधानीको फेसन कार्यक्रमले तिहारपछि करिब तीन साता विश्राम लिएको महसुस भयो। डिसेम्बर महिनाको आगामनसँगै क्रिसमस, न्यू-इअर तथा जाडो मौसमको अवसरलाई सदुपयोग गर्दै आयोजनकहरू फेसन गतिविधिमा सक्रिय हुन थालेका देखिन्छन्। अगामी फेब्रुअरी महिनासम्मको लक्ष राखेर फेसन मोडलिङसम्बन्धी कार्यक्रमका आयोजकहरू तयारीमा जुट्न थालेका छन् भने केही कार्यक्रमको तयारीसँगै पूर्वाभ्यास एवं प्रशिक्षणसमेत प्रारम्भ भैसकेको छ। नेवार समुदायका युवतीहरूमा लुकेर रहेको प्रतिभा प्रस्फुटन, उनीहरूमा आत्मविश्वासको अभिवृद्धि, व्यक्तित्व विकासका साथै नेवार समुदायको कला, संस्कृति, भाषा, सहित्यकाका सम्बन्धमा नेवार युवतीहरूमा सचेतता जगाउने उद्देश्यले गत वर्षदेखि प्रारम्भ गरिएको मिस नेवा प्रतियोगिताको दोस्रो संस्करण यस वर्ष अगामी पुस ८ गते अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रमा सञ्चालन हुनेछ। नेपलिज फेसन होम तथा स्यस्य: समाजले संयुक्त रूपमा आयोजना गर्ने उक्त प्रतियोगिताका लागि सहभागिता जनाउने प्रतिस्पर्धीहरूको छनौट कार्यसँगै विभिन्न विषयमा कोरियोग्राफरद्वय रोजिन शाक्य र राज फैंजुको निर्देशनमा प्रशिक्षण कार्य प्रारम्भ भएको छ। यसैगरी केही सयमअघि राजधानी र पोखरामा 'मास्टर किङ एन्ड लिटिल क्विन नामक बालबालिकाको प्रतिभा र सौन्दर्यसम्बन्धी प्रतियोगिता आयोजना गर्ने संस्था द एरो मोडलिङ एजेन्सीले सोही शीर्षकमा प्रतियोगितालाई वीरगन्जमा पनि सञ्चालन गर्ने भएको छ। बालक-बालिकाहरू गरी ४० जना सहभागीबीच पुस महिनाको पहिलो साता प्रतियोगिता सञ्चालन गरिने कुरा कार्यक्रमका कोरियोग्राफर सिद्धान्त घिमिरेले साप्ताहिकलाई बताए। घिमिरेका अनुसार राजधानीमा आगामी माघ महिनाको अन्तितिर द एरो मोडलिङ ऐजेन्सीले 'मिस्टर एन्ड मिस राजधानी' नामक मोडल प्रतिस्पर्धा पनि सञ्चालन गर्नेछ।

प्रतियेगितात्मक कार्यत्रमकै निरन्तरतामा फेसन डिजाइनर क्षेत्रमा करिब एक दशक समयको अनुभव सँगालिसकेको आई.ई.सी. फेसन डिजाइनिङ संस्थाले प्रत्येक वर्ष आयोजना गर्दै आएको आई.ई.सी. डिजाइनर कन्टेष्ट अगामी डिसेम्बर महिनाको तेस्रो साता बौद्धस्थित ह्यात रिजेन्सीमा प्रस्तुत गर्ने भएको छ। फेसन डिजाइनरहरूको सिर्जनशीलता र कल्पनाशीलताको यो प्रतिस्पर्धामा यसपटक १ सय ५० भन्दा बढी प्रतिस्पर्धीहरूका सिर्जनालाई २० जना व्यवासयिक मोडलमार्फत् र्‍याम्पमा उतारिने कुरा आयोजक संस्थाकी शैलजा अधिकारीले साप्ताहिकलाई बताइन्। उक्त डिजाइनर प्रतिस्पर्धाको कोरियोग्राफी क्षितिजा शाक्यले गर्ने भएकी छिन्। फेसन कार्यक्रमले जाडो मौसममा तताउने क्रममा द फयुजन एरा पनि अघि सरेको छ। द फ्युजन एराले ठमेलस्थित एफ.टिभि बारमा केही नयाँ पुराना मोडलहरू समेटेर अगामी मंसिर २३ गते फ्युजन मेगा मोडल हन्ट शीर्षकको फेसन कार्यक्रम प्रस्तुत गर्ने भएको छ,। रोसी डंगोल तथा रोबर्ट डंगोलको संयुक्त कोरियोग्राफीमा सञ्चालन हुने फेसन सोपछि डान्स पार्टी परिवर्तन हुनेछ। अगामी फागुन महिनाको लक्ष राखेर द फ्युजन एउटा मोडल प्रतियोगिता प्रतिस्पर्धाको तयारी समेत जुटेको छ।

सानो परी-सानो बाबु शीर्षकमा राजधानी तथा मोफसलका विभिन्न क्षेत्रमा बालबालिकासम्बन्धी प्रतिस्पर्धा सञ्चालन गर्दै आएको जित हाम्रो प्रा.लि. ले बालबालिकासम्बन्धी नै 'लिटिल मिस्टर एन्ड मिस नेपाल' नामक प्रतियोगिता सञ्चालन गर्ने भएको छ। कार्यक्रममा केही नवीन तथा पृथक सोचाइ र प्रस्तुतिका लागि कार्यक्रमलाई दुई चरणमा सञ्चालन गरिने कुरा आयोजनक संस्थाका जित राघव बताउछँन्। राघवका अनुसार पहिलो चरमा राजधानीका कम्तीमा पनि १० वटा विद्यालयमा यो प्रतियोगिता सञ्चालन गरिनेछ। प्रतयेक विद्यालयको प्रतियोगिताबाट विजेता र उपविजेता गरी बालक र बालिकातर्फ ४ जना छनौट गरिनेछन्। यसै अनुसार १० वटा विद्यालयबाट ४० जना छनौट गरिनेछ। पहिलो चरणका विजेता उपविजेतालाई पुनः प्रशिक्षण दिए पश्चात लिटिल मिस्टमर एण्ड मिस नेपालको ग्राण्ड फाइनलमा उतारिनेछ र त्यसैबाट मुख्य उपाधि विजेताको छनौट गरिनेछ।

फेसन कार्यक्रमबाट केही नौलो प्रयास र पृथक प्रस्तुति दिने काममा एकसेल विजनेस लिंक पनि जुटेको छ। यस पटक डिजाइनर स्पर्धाको साथमा नेसनल डिजाइनर कन्टेस्ट २००७ शीर्षकमा प्रतियोगितालाई लगातार चार दिनसम्म अगामी जनवरी २२ देखि २५ तारिकसम्म अन्तर्राष्ट्रि सम्मेलन केन्द्रमा सञ्चालन गरिनेछ। अधिराज्यभरका २ सय जना फेसन डिजाइनरको सिर्जनशीलतालाई करिब १ सय जना मोडल मार्फत् प्रतिस्पर्धाको मैदानमा उतार्ने तयारी भैरहेको यो बृहत् डिजाइनर स्पर्धालाई फरक र रोमाञ्चक रूप दिन कार्यक्रममा फेसन सो, डिजाइनर स्टल, सांगीतिक कार्यक्रम, फूल फेस्टिबललाई पनि समेटिने कुरा कोरियोग्राफर महेश श्रेष्ठ बताउँछन्। बेष्ट डिजाइनर, फस्ट रनरअप, सेकेन्ड रनरअप, बेष्ट थिम, बेष्ट क्रिएटिभ डिजाइनर, बेष्ट मेटेरियलका साथै एसएमएस भोटिङबाट उत्कृष्ट हुने विजेतालाई पनि पुरस्कारका लागि छनौट गरिनेछ भने प्रतियोगिताका विजेताले नगद पुरस्कार एक लाख हात पार्नेछन्।

यसैगरी निरन्तर रूपमा फेसन गतिविधिमा संलग्न रहँदै आएको ग्यालेक्सी मोडलिङ एजेन्सी पनि यो जाडोमा आफ्ना कार्यक्रमहरू प्रस्तुत गर्ने तयारीमा जुटेको छ। ग्यालेक्सीका धिरज तण्डुकारका अनुसार आगामी न्यू इयर इभको अवसरमा ग्यालेक्सीले होटल याक एन्ड यतीस्थित रोयल क्यासिनोमा एउटा भव्य फेसन सो प्रस्तुत गर्नेछ। मोडल सृष्टि श्रेष्ठको कोरियोग्राफीमा सम्पन्न हुने उक्त फेसन कार्यक्रममा मोडलहरूले ११ वटा सिक्वेन्समार्फत् विविध पहिरनहरू प्रस्तुत गर्नेछन्। जनवरी महिनाका लागि भने ग्यालेक्सीले संजित श्रेष्ठको कोरियोग्राफीमा मिस इन्टरकलेज नामक कलेज युवतीहरूको प्रतिस्पर्धाका अतिरिक्त बाल-बालिकासम्बन्धी अर्को एउटा कार्यक्रमको पनि तयारी गरिरहेको छ। जहाँ मिस नेपाल २००७ को अन्तिम प्रतिस्पर्धा अगामी फेब्रुअरीदेखि मार्च महिनासम्ममा सञ्चालन गरिने कुरा चलिरहेको छ त्यहीं 'हिडन मिस नेपाल' शीर्षकमा युवतीहरूको सौन्दर्य प्रतियोगिता सञ्चालन हुने भएको छ। आराधना कल्चर सेन्टरले आगामी पुस १५ गतेको लक्ष राखेर तयारी गरिरहेको यो प्रतियोगिताको अन्तिम प्रतिस्पर्धा काठमाडौं मलको छतमा प्रस्तुत गरिनेछ।

जाडो मौसमलाई तताउने कुरामा विभिन्न डान्स एवं फेसन पार्टी पनि पछि पर्ने छैनन्। यसै क्रममा सिएनएन फेसन टचले डि.जे.को छनौटमा बज्ने सांगीतिक ट्र्याकमा मोडलहरूको उपस्थितिमा सांगीतिक वातावरणमा उफ्रने, नाच्ने साइत जुराउनेछ। गाजामेन्ट विथ सुपर मोडल्स नामक फेसन पार्टी आयोजना गरेर डिसेम्बर दुई तारिकमा दिउँसो १ बजेदेखि प्रारम्भ हुने उक्त फेसन पार्टीले ठमेलस्थित एफटीभी बारको डान्स फ्लोरलाई रंगाउनेछ। पार्टीलाई अझ रोमाञ्चक बनाउन आयोजकहरूले बेस्ट डान्स, बेस्ट ड्रेस तथा बेस्ट केश शीर्षकमा पुरस्कारसमेत व्यवस्था गरेका छन्।

–रोजिन शाक्य

Towels, towels

हातमुख पुछ्नलाई

जिउमा बेर्नलाई

towels नभई हुँदैन

हरेक दिन हामीलाई

कमजोर कपाल बलियो बन्छ

झर्ने चिन्ता छैन

नयाँ Sunsilk Thick & Strong ले

ढुक्क हुन्छ मन






अब हरेक 400ml Sunsilk Thick & Strong को साथमा पाउनुहोस् एउटा आकर्षक Towel सित्तैमा

NLL/900105/06

## rnlrq

### जमानत

रामराज कला मन्दिरको ब्यानरमा निर्माण भएको हिन्दी चलचित्र 'जमानत' आज सार्वजनिक हुँदैछ। बलिउड चलचित्र उद्योगमा राम्रो व्यापार गर्न सक्ने चलचित्रको सूचीमा रहेको जमानतको भाग्यपरीक्षण भने सिनेदर्शकहरूकै हातमा छ। विवाह भएपछि चलचित्र उद्योगबाट टाढा रहेकी करिश्मा कपुर यो चलचित्रमार्फत फेरि आफ्ना दर्शकहरूमाझ आएकी छिन्। विवाहअघिकी करिश्मा कपुरका फ्यानहरूले विवाहपछिकी करिश्मालाई कसरी ग्रहण गर्नेछन् भन्ने कुरा पनि यो चलचित्रको सफलतामा निर्भर हुनेछ। चलचित्र जमानतको अर्को आकर्षण हुन्, बलिउडका बादशाह अमिताभ बच्चन। पछिल्लो समयमा बादशाह बच्चन अभिनीत चलचित्रहरूले औसत व्यापार गरिरहेकाले पनि चलचित्रले ओरालो बाटोको यात्रा तय गर्नु नपर्ला। चलचित्र विश्लेषकहरूका अनुसार चलचित्र जमानत आम हिन्दी चलचित्रजस्तै भए पनि बीच-बीचमा प्रयोग गरिएका 'ट्वीस्ट' ले चलचित्र सफल हुने सम्भावना त्यत्तिकै छ। एस. रामानाथनले निर्माण तथा निर्देशन गरेको चलचित्र जमानतमा अमिताभ तथा करिश्माका अतिरिक्त अरसद वारसी, अनुपम खेर, विजयाशान्ती, अयुब खान, शरत सक्सेना, शिवजी सातम, टिनु आनन्द आदिले पनि मुख्य भूमिका निर्वाह गरेका छन्। चलचित्रमा बिजु शाहको संगीत छ भने स्क्रिन-प्ले प्रयागराज और एमडी सुन्दरको छ। चलचित्रमा करिश्मा अत्यन्तै सम्पन्न परिवारकी छोरी हुन्छिन्। उनीसँगै कलेजमा अध्ययन गर्ने अरसद गरिब परिवारका हुन्छन्। उनीहरू एक-अर्कालाई मन पराउँछन् तर सम्पत्तिकै कारण करिश्माको परिवारले उनको विवाह सम्पन्न परिवारको अर्को केटासँग गराइदिने निर्णय गर्छन्। करिश्मासँग विवाह गर्ने केटाले करिश्मा र अरसदको प्रेमसम्बन्ध थाहा पाउँछ। उसले अरसदलाई फसाउन एउटी केटीको हत्या गरेको आरोप लगाएर जेल पठाउँछ। करिश्मा अरसदलाई बचाउन सहरको चर्चित वकिल अमिताभ बच्चनकहाँ पुग्छिन्। दुर्घटनामा आँखा गुमाएपछि अदालती केस लड्न छाडेका अमिताभले सुरुमा केस लड्न नसक्ने बताए पनि पछि लड्न सहमति जनाउँछन्।

### दि नेटिभिटी स्टोरी (२००६)



हलिउड चलचित्र उद्योगमा आज नयाँ चलचित्र दि नेटिभिटी स्टोरी (२००६) अर्थात् नेटिभिटी सार्वजनिक हुँदैछ। चलचित्र शीर्षकको नेपालीकरण 'जन्मभूमि'को परिभाषाअनुसार पनि यो चलचित्रले जन्मभूमिप्रतिको माया-प्रेमलाई दर्साउन खोजेको छ। क्रिश्चियन धर्मावलम्बीहरूको महान् चाड क्रिसमस नजिकिँदै जाने क्रममा यो चलचित्र पनि धर्मको प्रभावबाट अछुतो छैन। चलचित्रको कथाको मुख्य आधार भगवान् जिसस हुन्। चलचित्रको क्लाइमेक्स पनि जिसस नै बनेका छन्। क्याथरिन हार्डविक, माइकल रिच तथा टिम भान रेलिमको निर्माणमा बनेको चलचित्र दि नेटिभिटी स्टोरी (२००६) को निर्देशन क्याथरिन हार्डविकले गरेका हुन्। केईसा कासल हगिज, शोरेह अग्दास्लो, ओस्कार आईज्याक, सियारन हिन्ड्स, साउन तोबलगायतका कलाकारको मुख्य अभिनय रहेको यो चलचित्रको कथा राजनैतिक, धार्मिक एवं नाटकीय शैलीमा आधारित छ। चलचित्रको प्रारम्भ सामान्य घटनाक्रमबाट भए पनि मध्यभागमा पुगेपछि त्यसभित्र नाटकीय परिवर्तन महसुस गर्न सकिन्छ। अमेरिकामा निर्माण भएको यो चलचित्रको छायांकन इटली र मोरक्कोमा भएको हो। चलचित्रको कथा मेरी र जोसेफले सँगै रहेर बिताएका दुई वर्षको समयमा केन्द्रित छ। मेरी र जोसेफ उनीहरू बस्दै आएको नाजरेथ सहर छोड्ने अन्तिम निर्णयमा पुग्छन्। त्यसपछि सयौं माइल पर रहेको बेथलेहमको यात्रा गर्छन्। उनीहरू बेथलेहम जानुको अर्थ भगवान् जिससलाई सुरक्षित जन्म दिनु हो। क्रिश्चियन धर्मका प्रवर्तक जिसस क्राइस्टको जन्मका लागि उनका आमाबाबुको भूमिका कत्ति महत्त्वपूर्ण थियो भन्ने कुरा चलचित्रले दर्साउन खोजेको छ। विश्वभरका अर्बौं क्रिश्चियन धर्मावलम्बीले हेर्न सक्ने यो चलचित्रले राम्रै व्यापार गर्ने हलिउड विश्लेषकहरूको अनुमान छ।

## रंगमञ्च

-रंगकर्मी तथा निर्देशक अनुप बरालको निर्देशन रहेको नाटक 'भर्च्युअल रियालिटी' मञ्चनका लागि भारतका विभिन्न सहर जाने भएको छ। नाटक टोली मंसिर १७ गते आइतबार त्यसतर्फ प्रस्थान गर्ने जनाइएको छ। टोलीमा निर्देशक बरालका अतिरिक्त नाटक लेखिका तथा कलाकार शिवानीसिंह थारू, कलाकार दिया मास्के, उषा रजक, राजबल्लभ कोइराला, विनोद पौडेल, रोहित भट्टराई आदि छन्। टोलीले पहिलो पटक मैसुर फेस्टिबलमा दुई सो नाटक मञ्चन गर्नेछ भने बेंगलोरमा चार सो नाटक मञ्चन गर्नेछ। त्यसबाहेक नयाँ दिल्लीमा आयोजना हुन लागिरहेको नवौं भारत रंग महोत्सवमा पनि एक सो नाटक मञ्चन हुनेछ। भर्च्युअल रियालिटी अर्थात् काल्पनिक यथार्थको कथा प्रविधिमा निर्भर अहिलेको पुस्ताको जीवनशैलीमा आधारित छ। नाटकमा अहिलेको साइबर शैलीमा रमाइरहेका युवायुवतीबीच देखाभेटबिनै च्याटमार्फत प्रेम सुरु हुन्छ। त्यो प्रेमले सार्थक रूप लिँदै विवाहसम्मको यात्रा तय गर्छ, तर विवाहपश्चात नाटकले अर्को मोड लिँदै अत्यन्तै उत्कृष्ट साथी छनौट गरेको भनेका उनीहरू एक-अर्काका कमजोरी अनुभव गर्न थाल्छन्। कथा अघि बढ्दै जाँदा उनीहरू एक-अर्कासँग सम्बन्धविच्छेद गर्ने स्थितिमा समेत पुग्छन्। त्यतिबेला उनीहरूले च्याटलाई नै माध्यम बनाएर फेरि नयाँ साथी खोजिसकेका हुन्छन्। पछिल्लो च्याटमा भेटिएका साथीहरू वास्तवमा उनीहरूका जीवनसाथी हुनलायक भन्ने उनीहरूको विश्लेषण हुन्छ। अचम्म त्यतिखेर हुन्छ, जब उनीहरू नै छद्म नाममा एक-अर्काका पछिल्ला साथी बनेका हुन्छन्। 'काल्पनिकतामा आधारित रहेर यथार्थताको जीवन बाँच्न खोज्नेहरूको कथा हो यो,' निर्देशक बराल भन्छन्- 'सूचना तथा सञ्चार प्रविधिको विकासले भूमण्डलीकरणमा परिणत भएको विश्वको नयाँपुस्ताको जीवनशैलीलाई यो नाटकले समेटेको छ।

## Sof;]6

### उत्साह




न्यू गण्डकी म्युजिक प्रा.लि.को प्रस्तुतिमा गायक-संगीतकार एलबी मुखियाले पप, लोक तथा आधुनिक गीतहरूको संग्रह 'उत्साह' बजारमा ल्याएका छन्। १० वटा गीत समावेश गरिएको यो गीतिसंग्रहमा प्रतिमा श्रेष्ठ, आशिक राई, गौरी शंकर, वीरेन्द्र राई, एलबी मुखिया तथा डोरेन्द्र निरौलाको शब्द सुन्न सकिन्छ। यसैगरी संगीत शक्ति बल्लभ, आशिक राई, डेनी निरौला तथा राजु सिंहको छ भने सबै गीतमा मुखियाकै स्वर सुन्न पाइन्छ।

### अलमष्ट



गायक मदन गोपालको पहिलो एकल संग्रह 'अलमस्ट' बजारमा आएको छ। डायमन्ड म्युजिकले बजारमा ल्याएको यो गीतिसंग्रहमा शब्द रचना सूर्यकिरण लामा, मदन गोपाल, विपिन किरण, बीआर मित्र, किरण घिमिरे माइकलको छ। यसैगरी संगीत मदन गोपाल र सूर्यकिरण लामाको छ।

## k':ts

### डम्बरकुमारी एटयाहु डटकम

दसवर्षे सशस्त्र द्वन्द्वका कारण माओवादी सेनादेखि 'क्याबिन गर्ल' सम्म बन्न पुगेकी किशोरीले आफ्नो कुमारीत्व जोगाइराख्न अनेक संघर्ष गर्छे। पैसाका खातिर अन्ततः उसले आफूलाई बेच्नुपर्ने हुन्छ। बचाइराखेको इज्जत त जान्छ, त्योसँगै उनको शरीरमा यौनरोगको संक्रमण हुन्छ। यो पापी दुनियाँबाट टाढा रहन ती युवतीले आत्महत्या गर्छिन्। यो पत्रकार शंकर खरेलद्वारा लिखित सत्य घटनामा आधारित उपन्यास 'डम्बरकुमारी एट याहुडटकम' को कथा हो यो।

विद्यालयको ब्याग बोकेकादेखि नाति-नातिनी भैसकेका हजुरबुबाजत्तिका मानिस डम्बरकुमारीका ग्राहक हुन्छन्। माओवादी जनयुद्ध सुरु भएयता समाजमा बढेको यौन व्यवसायलाई चित्रण गर्दै उपन्यासकार खरेलले माओवादी र सेनाको लडाइँले उब्जाएको समस्यालाई आफ्नो उपन्यासमार्फत केलाएका छन्। २ सय पृष्ठ लामो यो उपन्यास वाणी प्रकाशनले प्रकाशित गरेको हो।

## ;fgf] kbf{

-कान्तिपुर टेलिभिजनबाट प्रसारण हुने गरेको हास्यश्रृंखला 'हाउसफुल'की मुख्य पात्र ऋचा घिमिरेले एउटा चलचित्रमा केन्द्रीय भूमिका पाएकी छिन्। यसअघि एउटा चलचित्रमा सहनायिकाको भूमिका निर्वाह गरिसकेकी घिमिरेले हाल बेल्जियममा छायाँङ्कन भैरहेको चलचित्र 'सपनाको नौलो संसार'मा केन्द्रीय भूमिका पाएकी छिन्। ऋचाले गायिका रीमा गुरुङको गीत 'कसको आँखा लाग्यो बरै'को म्युजिक भिडियोमा अभिनय गरेर पनि चर्चा पाइसकेकी छिन्।




उक्त चलचित्रमा निर्देशकद्वयले पनि मुख्य भुमिका निर्वाह गरेका छन्। महेन्द्र थापाले छायाँङ्कन गरेको उक्त चलचित्रमा केशव सापकोटा तथा राजु केसीले पनि अभिनय गरेका छन्।

-नेपाल टेलिभिजनबाट प्रसारण भैरहेको छुट्टै प्रकारको बाल कार्यक्रम 'जाँदाजाँदै'ले प्रसारणको १ सय ७५ भाग पूरा गर्दा उक्त कार्यक्रममा झन्डै १ हजार ५ सय जना बालबलिकाले सहभागिता जनाएका छन्। कार्यक्रमका निर्माता हेमन्त गौतमका अनुसार उक्त कार्यक्रममा हरेक साता १० जना बालबालिकाले प्रत्यक्ष सहभागिता जनाउँछन्। बालसञ्चालिका साइनिङ लामाले सञ्चालन गर्ने उक्त कार्यक्रमको मुख्य भागको सञ्चालन भने हरेक साता सहभागी बालबालिकाले गर्छन्। कार्यक्रममा बालबालिकाहरूलाई शैक्षिक भ्रमण गराउँदै प्रतिभा प्रदर्शन गरिन्छ। साथै विभिन्न व्यक्तित्वसँग छलफल पनि गराइन्छ। कार्यक्रम उक्त च्यानलबाट हरेक साता सोमबार साँझ पाँच बजे प्रसारण हुने गरेको छ।

-हास्यश्रृंखला 'तीतो सत्य'का दुई कलाकार एक हास्य भिडियो चलचित्रमा नायक भएका छन्। श्रृंखलामा छन्देको चरित्र निर्वाह गरेका गोपाल ढकाल तथा सालोको भूमिकामा देखिएका नीराजन सिग्देलले सुवास गजुरेल तथा उत्तम केसीको संयुक्त निर्देशनमा निर्माण भएको भिडियो चलचित्र 'तोरी लाहुरे'मा नायकको भूमिका निर्वाह गरेका हुन्। भिसिडीका रूपमा सार्वजनिक गरिने डेढ घण्टाको

-कान्तिपुर टेलिभिजनको कार्यक्रम 'कल कान्तिपुर' तथा इमेज च्यानलको कार्यक्रम 'म्युजिक अफ योर च्वाइस'ले लोकप्रियता पाएपछि एनटिभी-टुमा पनि त्यही प्रकृतिको कार्यक्रम प्रसारण हुन थालेको छ। साँझ छ बजेदेखि प्रत्यक्ष प्रसारण हुने उक्त कार्यक्रममा दर्शकहरूको टेलिफोनका आधारमा म्युजिक भिडियोहरू प्रस्तुत गरिन्छ। 'डायल द नम्बर' शीर्षकको उक्त कार्यक्रमको सञ्चालन सोनाम लामाले गर्छन्।

-नेपाल वानमा प्रसारण हुने बिहानीको कार्यक्रम 'गुड मर्निङ'का सञ्चालक परिवर्तन भएका छन्। टिनाले सञ्चालन गर्ने उक्त कार्यक्रमलाई अहिले कमल श्रेष्ठले सञ्चालन गर्न थालेका छन्। बिहान साढे सात बजेदेखि नौ बजेसम्म प्रसारण हुने उक्त कार्यक्रममा नाम चलेका विभिन्न व्यक्तिसँग उनीहरूको जीवनशैलीका बारेमा प्रश्न सोधिन्छ। कार्यक्रममा कलाकार, बुद्धिजीवी, मोडल, फोटोग्राफर, पत्रकार आदिको अन्तर्वार्ता लिने गरिएको छ।

# विराटनगरमा मह सम्मानित



विराटनगर- वरिष्ठ कलाकार मदनकृष्ण श्रेष्ठ र हरिवंश आचार्य तथा संगीतकार विजयसिंह मुनाललाई शनिबार विराटनगरमा सम्मान गरियो। मह जोडी आउने भनेर भीड लागेका दर्शकलाई सम्मानित हुने जोडीले भने खुसी पार्न सकेनन्। बिजुली गएकाले सभागृह अन्धकार थियो। विना माइक उनीहरूले कराएर दर्शकलाई धन्यवाद दिए पनि उनीहरूको आवाज सुन्न नसकिएकाले दर्शकहरूको मन खिन्न भयो।

सप्तकोसी नृत्य प्रशिक्षण केन्द्रको वार्षिक उत्सवका अवसरमा आयोजित कार्यक्रम बिजुली पर्खाइका कारण झन्डै दुई घण्टापछि सुरु भएको थियो। निर्देशक माधव सापकोटाले दोसल्ला ओढाएपछि दर्शकलाई अभिवादन गर्न मञ्चअगाडि आएका हरिवंशले बिजुलीबिनाको माइक्रोफोन समातेर ठूलो स्वरमा चिच्याउँदै नेपालमा बिजुलीको वास्तविकता यही हो भन्दै दर्शकलाई हँसाए। उनीपछि आएका मदनकृष्णले माइक्रोफोन नै नभएको माइकगार्ड समाएर शान्ति सम्झौताले देशवासीमा खुसीयाली छाएको बताए।

बिजुली नआएकाले सम्मान थाप्नेबित्तिकै महजोडी हलबाट बाहिरिएका थिए। महजोडीलाई देखाउन तयार गरिएका जातीय विविधता झल्काउने नृत्य उनीहरूले हेर्न पाएनन्। कार्यक्रमका मुख्य आकर्षण हिँडेपछि आयोजकहरूले दर्शकलाई केही क्षण सांगीतिक वातावरणमा भुलाएर कार्यक्रम सकेका थिए। हतारमा हिँडेका महजोडीको अटोग्राफ लिन शुभचिन्तकहरूले गाडीसम्म पिछा गरेका थिए।

**-कमल रिमाल**

## Uofn/L

-कलाकार सुनीता राणा आफ्नो चौथो एकल चित्रकला प्रदर्शनी लिएर कमलादीस्थित सृजना आर्ट ग्यालरीमा प्रस्तुत भएकी छिन्। गत साता प्रदर्शित उक्त चित्रकला प्रदर्शनीको शीर्षक 'निरन्तर' राखिएको छ। शीर्षकअनुरूपकै मानवीय जीवनमा निरन्तर बहिरहने समयको प्रभावलाई 'थिम' बनाएर कलाकार राणाले कोरेका चित्र प्रदर्शनीमा राखिएका छन्। उज्यालो र अँध्यारो रङको संयोजनमा क्यानभासमा कोरिएका उनका आकृतिले प्रतीकात्मक सन्देश दिने प्रयास गरेका छन्। ती चित्रले मानव जीवनशैलीमा देखा पर्ने खुसी एवं दुःखका क्षणहरूलाई प्रतिविम्बित गर्छन्।

-नेपाल जापान दौत्य सम्बन्धको स्वर्ण महोत्सवका अवसरमा गत साता नेपालस्थित जापानिज राजदूतावासमा 'मेमोरिज अफ नेपाल' शीर्षकमा तस्बिर प्रदर्शनी सम्पन्न भयो। नेपालका लागि जापानी राजदूत चुतोमु हिराओकाले उद्घाटन गरेको उक्त तस्बिर प्रदर्शनीमा जापानका पूर्वप्रधानमन्त्री रियोतारो हासिमोतोले नेपाली परिवेशमा खिचेका तस्बिर समावेश गरिएका छन्। नेपालमा पाइने विभिन्न प्रजातिका फूल, प्राकृतिक सौन्दर्यका दृश्य, नेपाली जीवनशैली, कलासंस्कृति एवं मन्दिरहरूका तस्बिर हासिमोतोको उक्त प्रदर्शनीमा राखिएका थिए।

# मिस अर्थ चिली सुन्दरी




दक्षिण अमेरिकाको खुर्सानीजस्तो देखिने राष्ट्र चिलीको समुन्द्री टापु चिलोयकी २२ वर्षीया सुन्दरी हिल हर्नान्डेजले मिस अर्थ २००६ को उपाधि जितेकी छिन्। वातावरणीय सचेतताका लागि भनने नाराका साथ गत आइतबार फिलिपिन्सको राजधानी मनिलामा सम्पन्न उक्त सौन्दर्य प्रतिस्पर्धामा नेपालकी सुन्दरी आयुष्मा पोखरेल पनि सहभागी थिइन्। उनले कुनै पनि उपाधि जितिनन्। प्रतियोगितामा भेनेजुयला, भारत तथा फिलिपिन्सका सुन्दरीहरूले क्रमशः मिस फायर, मिस एयर र मिस वाटरको उपाधि जिते। यस पटकको मिस अर्थ हेर्नान्डेज हाल इन्जिनियरिङ तथा बिजनेस एडमिनिस्ट्रेसन विषयमा स्नातक गर्दै छिन्।

## साताको स्वर



## यम बराल

**माया माया तिम्रो माया कुन शैलीको गीत हो ?**

यो मेलोडियस आधुनिक गीत हो। यसलाई रोमान्टिक सेन्टिमेन्टल पनि भन्न सकिन्छ। प्रेममा रमाउने अहिलेको पुस्तालाई यसले समेटेको छ।

**गीतको आकर्षक पक्ष ?**

शब्द, संगीत र नेपालीपन

**गीतका लक्षित वर्ग ?**

अहिलेको युवा पुस्ता खासगरी भर्खरै विवाह गरेका जोडीको भावनालाई यो गीतले प्रतिनिधित्व गर्छ।

**यसको म्युजिक भिडियो कस्तो बनेको छ ?**

आकर्षक छ, त्यसैले होला दर्शक-श्रोताले मन पराउनुभएको छ। म्युजिक भिडियोको क्वालिटी पनि उत्कृष्ट छ।

**आधुनिक गायनको क्षेत्रमा यम बरालको स्थान ?**

यो क्षेत्रमा श्रोता, दर्शकले राम्रै स्थानमा पुऱ्याउनुभएको छ।

## अफबिट

-नेपाली चलचित्रका प्रथम नायक, गायक तथा संगीतकार स्व. शिवशंकर मानन्धरको स्मृतिमा एउटा पुस्तक तयार भएको छ। स्व. मानन्धरको जीवनी सँगालिएको उक्त पुस्तक 'नेपाली संगीतका अभियन्ता'को प्रकाशन उनका छोराहरू गौरीशंकर, रविशंकर तथा शशीशंकरले गरेका हुन् भने यसका सम्पादक संगीतकार बुलु मुकारुङ हुन्।

-दार्जीलिङका गायक सुरेशकुमार आफ्नो पाँचौं एल्बम निकाल्ने सुरसारमा छन्। त्यही सुरसारमा काठमाडौं आएका सुरेशकुमारका गीतहरू दार्जीलिङ तथा सिक्किममा निकै लोकप्रिय मानिन्छन्। उनको आगामी एल्बमलाई ओम म्युजिकले यसै साता सार्वजनिक गर्दैछ।

-पप गीतहरूको संग्रह 'ट्यालेन्टस् फोर'मा एउटा गीत गाएको भरमा निकै चर्चित हुन पुगेका गायक जबिकले हालसम्म एउटा पनि एकल एल्बम निकालेका छैनन्। उनी हाल आफ्नो पहिलो एल्बम 'जीरो किलोमिटर' निकाल्ने तयारीमा छन्। जबिक भने संग्रहको गीत 'आखाँभरि आँसु किन ?' का कारण विभिन्न टेलिभिजन च्यानल तथा एफएमहरूको काउन्ट डाउनमा पहिलो नम्बरमा पुगेका छन्। साथै त्यही गीतका कारण उनी विभिन्न कन्सर्टमा पनि व्यस्त हुन थालेका छन्।

-पहिलो एल्बम 'फेस' को दुईवटा गीत 'यो माया' तथा 'एक्लोपन' बाट चिनिएका बारा जिल्लाका गायक विवश पौडेलले हाल आफ्नो मुलपेशा म्युजिक रेकर्डिस्टबाट केही समयका लागि बिदा लिएका छन्। गायन तथा रेकर्डिस्टको दुवै पेशा एकसाथ अघि बढाउन गाऱ्हो हुने उनको ठहर छ। पौडेल अहिले आफ्नो दोस्रो एल्बमको रेकर्डिङको तयारीमा जुटेका छन्। आफ्नो पहिलो एल्बम रिबेल क्रिएसनमार्फत् बजारमा ल्याए पनि दोस्रो एल्बमका लागि उनले हालै म्युजिक डटकमसँग सम्झौता गरेका छन्।




जमघटमा रमाइलो। *तस्बिर : साइबर संसार डटकम*

-गायक मिग्मा शेर्पा आफ्ना गीतका कारण देश-विदेशमा लोकप्रिय भएका छन्। गतवर्ष प्रकाशित उनको एल्बम 'फिल' का दुई गीतहरू 'छमछम तिमीले पाउजु बजाउँदा' तथा 'नमुना बनाइदियौ' ले स्वदेशमा मात्र होइन विदेशमा बसोबास गरिरहेका नेपालीहरू बीच पनि चर्चा पाएको छ। गायन क्षेत्रमा नाम कमाएपछि एकपटक पनि विदेश नगएका यी गायक यसै साता अमेरिका गएका छन्। अमेरिकाबाट फर्किएपछि मिग्मा हङकङ जाने तयारीमा छन्।

-हास्यगायक श्रीकृष्ण लुइँटेल घाइते भएका छन्। एल्बम 'बोकेदाऱ्ही' को सफलतापछि निकै व्यस्त भएका लुइँटेलले अभिनय गरेको चलचित्र 'हिम्मत' ले व्यावसायिक सफलता पाएपछि उनलाई नायक लिएर बनिरहेको टेलिचलचित्र 'आयो बोकेदाऱ्ही' को छायाङ्कनका क्रममा रूखबाट लडेर उनी घाइते भएका हुन्। मोरङको मिगौलियामा छायाङ्कनका क्रममा करिब ३० मिटर अग्लो रुखबाट लडेर उनको अनुहारमा चोटपटक लागेको छ। चिकित्सकले उनलाई केही समय आराम गर्ने सल्लाह दिएका छन्।

-ग्यालेक्सी मोडलिङ एजेन्सीले म्युजिक भिडियो तथा विज्ञापनहरूमा मोडलहरू उपलब्ध गराउने कार्यलाई तीव्रता दिएको छ। डिजे सन्तोषको रिमिक्स गीत 'चियाबारीमा हो चियाबारीमा' मा मोडलिङ गरेकी उक्त एजेन्सीकी मोडल प्रेरणा हाल केही व्यस्त भएपछि एजेन्सीका अन्य मोडलहरूका लागि पनि म्युजिक भिडियोहरूमा अवसर मिल्न थालेको एजेन्सीका सञ्चालक तथा कोरियोग्राफर धिरज तण्डुकारले बताएका छन्। यसै साता तण्डुकार आफैं एजेन्सीकी अर्की मोडलका साथ गायिका पार्वतीको एउटा म्युजिक भिडियोमा मोडलिङ गर्दैछन् भने उक्त एजेन्सीबाट आयोजित मोडल हन्टमा विजयी भएका मोडल धिरज बज्राचार्यले एउटा भिडियो चलचित्रमा अभिनय गरेका छन्। यसका साथै मोडलहरू ज्योति गुरुङ तथा रचना महतले पनि यसैसाता एउटा रिमिक्स गीतमा मोडलिङ गरेका छन्। अनलाइन मोडलिङ एजेन्सी 'मोडलसंसार डटकम' मार्फत् पनि मोडलहरूलाई म्युजिक भिडियोमा मोडलिङ गराउन थालिएको उक्त साइटका संयोजक प्रमोद दासले साप्ताहिकलाई बताए। दासका अनुसार म्युजिक भिडियो तथा विज्ञापनमा मोडलिङका साथै चलचित्र आदिमा अभिनय गर्न चाहने भिजिटरहरूले आफ्ना तस्विर एवं व्यक्तिगत विवरण आफैं अफलोड तथा सम्पादन गर्न सक्ने सुविधा भएका कारण उक्त साइटमार्फत् मोडलिङ गर्नेहरूको संख्या दिनप्रतिदिन बढ्दो छ।

-विदेशी मुलुकहरूमा नेपाली चलचित्रको छायाङ्कन गर्ने कार्य बढिरहेको बेला नेपाली गीतका म्युजिक भिडियोहरूको छायाङ्कन पनि विदेशी मुलुकहरूमा गरिदैंछ। विगतमा विदेशमा आयोजना हुने सांगीतिक कार्यक्रमहरूमा भाग लिन जाँदा गायक/गायिकाहरूले मौकाको सदुपयोग गर्दै आफ्ना गीतको म्युजिक भिडियोको छायाङ्कन गरेको भए पनि म्युजिक भिडियो नै बनाउने उद्देश्य बोकेर भने हालसम्म कुनै पनि म्युजिक भिडियो निर्माण टोली विदेश गएको थिएन। यसै साता कान्तिपुर टेलिभिजनका कार्यक्रम सञ्चालक तथा म्युजिक भिडियो निर्देशक सुरजसिंह ठकुरी आफ्नो छायाङ्कन टोलीका साथ गायिका नलिना चित्रकारको एउटा गीतको छायाङ्कनका लागि बैंकक पुगेका छन्। उक्त म्युजिक भिडियोमा चलचित्र नायिका उषा पौडेलले अभिनय गर्दैछिन्।

-हास्यकलाकार तथा गायक हरिवंश आचार्यको चर्चित गीत 'बराबर तिम्रो मेरो माया बराबर' लाई महिला तथा पुरुष समानताको गीतका रूपमा लिन थालिएको छ। शनिबार महिला हिंसा विरुद्धको १६ दिने अन्तर्राष्ट्रिय अभियानका क्रममा परिवर्तनका लागि आयोजित दीप प्रज्ज्वलन कार्यक्रममा आचार्यले उक्त गीत गाउँदा उपस्थित महिला दर्शकहरूले उत्साहका साथ ताली बजाएर साथ दिएका थिए। कार्यक्रममा प्रमुख अतिथिका रूपमा निम्त्याइएका मदनकृष्ण श्रेष्ठ र हरिवंश आचार्यले दीप प्रज्ज्वलन गरेका थिए। नरेश भट्टराईद्वारा सञ्चालित उक्त कार्यक्रममा गायक प्रमोद खरेलले गीत सुनाएका थिए भने अपाङ्ग नृत्याङ्गना रश्मी खरेलले नृत्य प्रस्तुत गरेकी थिइन्।

-पोखराको पुरानो चर्चित समूह देउरालीले भोल्युम फोरका रूपमा 'निरन्तरता' श्रोतामाझ ल्याएको छ। 'ढुङ्गेसाँघुको मेलामा' जस्ता चर्चित गीतका कारण चिनिएको पोखराको यो सांगीतिक समूहका भोकलिस्ट आनन्द बज्रचार्य हुन्। भिसिडीका रूपमा आएको यो कलेक्सनमा नौवटा गीत समावेश छन्। गीतहरूको रचना नारायणप्रसाद अधिकारी, विनोद शाक्य, सन्ध्या विवश पथिक, सागर शाह आदिले गरेका छन् भने संगीत सुनील थापा, श्यामसुङ तामाङ, तेज केसीले दिएका छन्। यो एल्बमलाई ए.आर.बी. म्युजिक सेन्टरले बजारमा ल्याएको हो।

## लाइभ शो

-ठमेलको सञ्चयकोष भवन अगाडी विगतमा केटिभी बारका रूपमा सञ्चालित क्याराओके रेस्टुराँलाई फेसन रेस्टुराँका रूपमा एफटिभी बार बनाइएको छ। उक्त बारमा विशेष दिन अथवा सप्ताहान्तमा साँझ सात बजेपछि फेसन सो प्रस्तुत गरिन्छ।

## नजिकबाट — जुना प्रसाई

| | | |
|---|---|---|
| जन्ममिति | : | जेठ २० |
| घरमा बोलाउने नाम | : | जुनु |
| नामको अर्थ | : | खै उज्यालो हो कि □ |
| जन्मस्थान | : | झापा, शनिश्चरे |
| तपाईंको गोप्य कुरा | : | बिहान/बेलुकी पूजा नगरी केही खान्नँ |
| रुचि | : | गाउनु, नाच्नु, गितार बजाउनु |
| पहिलो गीत | : | कसले माया (जयनन्द लामासँग) |
| पहिलो एल्बम | : | नजिक |
| प्रकाशित भएका एल्बमहरू | : | उफान, सौगात, वाचालगायत १९ वटाजति कलेक्सन |
| सांगीतिक गुरु | : | प्रकाश गुरुङ, दिव्य खालिङ, रत्नबहादुर |
| पहिलो कन्सर्ट | : | सम्झना छैन |
| पहिलो प्रेम | : | अनुभव छैन |
| पहिलो डेटिङ | : | फ्यानहरूसँग गएँ होला, सम्झना छैन |
| पहिलो विदेशयात्रा | : | हङकङ |
| पहिलो प्रेमपत्र | : | नौ कक्षा पढ्दा एउटाले पठाएको थियो, केही नबुझेर उसैलाई फिर्ता गरिदिएँ |
| नजिकको साथी | : | प्राश्ना शाक्य |
| पहिलो पटक बजाएको इन्स्ट्रुमेन्ट | : | हार्मोनियम |
| मनपर्ने परिकार | : | खीर, फ्रेन्च फ्राई तथा आलुका परिकार |
| पढाइ | : | डिम्लोमा सकियो, अब डिग्री पढ्ने तरखरमा छ |
| मनपर्ने रंग | : | सेतो, कालो र नीलो |
| मनपर्ने पहिरन | : | जिन्स पाइन्ट, कुर्ता, साडी |
| मनपर्ने आफ्नै गीत | : | मायाले माऱ्यो मलाई... |
| मनपर्ने आफ्नै म्युजिक भिडियो | : | नदेखेको भए... |
| मनपर्ने उपहार | : | परफ्युम |
| मनपर्ने मौसम | : | दसैंको बेला |
| मनपर्ने खेल | : | फुटबल |




## रकसमा पप


**साप्ताहिक समाचार**



काठमाडौं– रक्स बारको दाहिनेपट्टि कुनामा रहेको मञ्चमा आएर इम्पल्स-२१ समूहका सदस्यहरूमध्ये एक नीरज स्थापितले आएर लिड गितार समाते। मिगेस स्थापित ड्रम बजाउन तम्तयार भए। बिजु कर्माचार्य र प्रज्ञान तुलाधर क्रमशः रिदम र बेस गीतारको तार मिलाउन थाले। नौ बजिसकेको थियो।

समूहका गायक नुरज स्थापित गाउन थाले– 'मीठो सपना..'। समूह बनाएर पप गीत गाउने 'इम्पल्स-२१' लाई इभेन्ट म्यानेज्मेन्ट संस्था ट्रेन्जले उक्त साँझ एकल कार्यक्रम गर्ने व्यवस्था मिलाइदिएको थियो। सयौं युवाका बीच केही अधबैंसे पनि गायक नुरजका गीत सुन्दै थिए। केही जोडी भने उनीहरूको गीतको तालमा फ्लोरमा नाच्न थाले। नुरज उनीहरूको एल्बम 'इम्पल्स-२१' एकपछि अर्को गीत सुनाउँदै गए– 'बिर्सूं भन्छु..', 'दैव तिमी..', 'कहिलेकाहीं..'। यो क्रम राति साढे १० बजेसम्म चल्यो।

त्यसपछि डिजेरुममा डिजे तेन्जिङ कानमा हेडफोन मिलाउँदै देखा परे। उनले सबैभन्दा पहिले एउटा अंग्रेजी हिपहप घन्काए। उपस्थित सयौं मानिस खुसीले चिच्याउँदै डान्स फ्लोरमा गएर नाच्न थाले। लाग्थ्यो, उनीहरू डिजे इङकै प्रतीक्षामा थिए। डिजे तेञ्जिङ पनि जोस्सिएर एकपछि अर्को हिन्दी रिमिक्स, अंग्रेजी हिपहप आदि बजाउन थाले। युवा-युवतीहरू नाचिरहे, अधबैंसेहरू बारमा बसेर उनीहरूको नाच हेर्दै जाडो भगाउन एकपछि अर्को पेग थपिरहे। यो क्रम राति दुई बजेसम्म चल्यो।



## जीतु'चाको hf]S;

jitendra_rajb@hotmail.com

बाटोमा भेटिएकी जितुचाकी प्रेमिकासँग रिसाउँदै बिकुराम : तेरो जितुचा आजकाल कता गायब छ हँ ? त्यसले मेरो नराम्रो धुलाइ खानेवाला छ ।

जितुचाकी प्रेमिका : किन त्यसरी रिसाउनुभएको बिकुराम दाइ, उसले के गऱ्यो र त्यस्तो रिस उठ्ने गरी ?

बिकुराम : त्यसले मलाई छ महिनाअगाडि गधा भनेको थियो ।

जितुचाकी पेमिका : छ महिनाअघि त्यसले तपाईंलाई गधा भनेको रे □ अनि छ महिनापछि आज आएर कसरी तपाईंलाई रिस उठ्यो त ?

बिकुराम : आज बिहान बल्ल पो थाहा पाएँ– गधा भनेको कस्तो हुन्छ भनेर ।

०००

टाई पसल साउजीसँग एक जना ग्राहक : साउजी, यो टाईको मूल्य कति हो ?

साउजी : यसको तीन हजार पर्छ।

ग्राहक : कस्तो महँगो टाई, तीन हजारमा त दुई जोर जुत्ता नै आउँछ।

साउजी : त्यसो भए तपाईं घाँटीमा टाईको सट्टा जुत्ता नै लाएर हिंड्नुस् न त ।

०००

बिकुराम श्रीमतीसँग कसले कति पढेको छ भन्ने कुरामा भनाभन गर्दै थियो । बिकुराम (रिसाउँदै) : तिमीले जति फुर्ती गरे पनि तिमीलाई भन्दा मलाई बढी थाहा छ कुनै पनि कुराका बारेमा, त्यसैले मैले भनेको कुरा खुरुक्क मान ।

श्रीमती : पढाइको हिसाबले तपाईंले भन्दा मैले धेरै पढेको छु बुझ्नुभो ? त्यसैले मलाई चानचुने नसोच्नु ।

बिकुराम (झन् रिसाउँदै) : ल त्यसो भए यो दुनियाँमा त्यस्तो के कुरा छ जो तिमीलाई थाहा छ, मलाई थाहा छैन, ल भन ।

श्रीमती : के तपाईंलाई थाहा छ त आज बिहानैदेखि तपाईंको पाइन्टको जिपर खुला छ भनेर ?

०००

सधैं ठट्टा गर्नुपर्ने जितुचाले बिकुरामले खाना खान बोलाएको दिन बिकुरामले घरमा पालेको कुखुराको खोरभित्रको सबै अन्डा सियोले प्वाल पारेर भित्रको सबै भाग निकालेर जस्ताको त्यस्तै खोरमा राखिदिएछ ।

०००

बुबा : परीक्षा नजिकै आइसक्यो, छोरा उठेर पढ ।

छोरा : राति त सुत्नुपर्छ होइन र ?

बुवा : होइन, उठ्ने गर छोरा ।

छोरा : तपाईंले नै भन्नुभएको होइन, राति त उल्लु मात्रै उठ्छ भनेर ?'

०००

रमेश- ए दिनेश □ तैंले गिलासमा किन चिया छाडेको हँ ?

दिनेश : भाँडा माझ्नेलाई टिप्स छाडिदिएको क्या ।

०००

## कविता

### बात लाग्छ

जीवनमा एउटा नटुङ्गिने खात लाग्छ
जिउँदा-जिउँदै नसोचेको बात लाग्छ
कहिलेकाहीँ जीवन
अन्धकारमय औंसीको रात लाग्छ
सोच जस्तो राख्छ मान्छे
उसलाई त्यस्तै-त्यस्तै क्षण हात लाग्छ
सिर्जनशील रचनात्मक ती कदमलाई
पलपलमा मिठास जीवनको ज्ञात लाग्छ ।

**–अमर इकवाल**

### हृदयमा अटाएनौ



तिमी परदेश जाँदै रहेछौ
खबर पनि पठाएनौ
विशाल तिम्रो दिल छ भन्थ्यौ
किन मलाई अटाएनौ ?
कति गर्थें माया तिमीलाई
लेखाजोखा छैन त्यसको
माया सागर होइन रहेछ
थोपै किन घटाएनौ ?
कति रोऊँ सम्झी तिमीलाई
बाँकी आँसु केही छैन
बिर्सी तिमीलाई बाँच्न सक्छु'
योचाहिं किन रटाएनौ ?
नसम्झ खोजेकै हो
जबरजस्ती तिमीलाई मैले
दिलमा तिम्रो तस्बिर बस्यो
त्यसलाई किन हटाएनौ ?
न त पढ्नु, खानु, पिउनु
न त भयो सुत्नु ठेगान
आखिर म त मरें जिउँदै
किन विष चटाएनौ ?

**–चन्द्रा ठकुरी**

### चिना मिलाइदेऊ

को हुन् कुन्नि मलाई चिनाइदेऊ न साथी
कुरा गर्नु थियो एकान्तमा भेटाइदेऊ न साथी
छेउ पर्न उनी भन्छिन् कि भन्दिनन्
सन्देश भनी उनलाई बेलाइदेऊ न साथी
माया बस्यो त्यै परदेशीमा भन्छन् साराले
अब चिठ्ठी लेख्न सिकाइदेऊ न साथी
धेरै भयो उनले खेलेको सपनीको लुकामारी
मेरा नामले पनि जिस्काइदेऊ न साथी
अब त काबुमा मुड राख्न भयो साह्रै गाह्रो
विवाह गर्छु चिना मिलाइदेउन साथी ।

**–डा. पी.पी. भट्ट**

### मुटुको चोट

बाँच्नेछु म एक्लै अब कसैलाई रोज्नेछैन
डोली चढी गयौ तिमी कहीं कतै खोज्नेछैन
बिरानो दुनियाँमा आफ्नो भन्ने कोही छैन
भेट हुने आशा गर्दै दिन गन्ने छैन ।
बाँच्नै गाह्रो जतातते ठग्ने रै'छन्
जसलाई आफ्नो माने अरू लग्ने रै'छन्
झूटको हुँदो रै'छ कसलाई आफ्नो ठान्नु
दुनियाँमा कसलाई आफ्नो मान्नु
पैसा रोजी, महल रोजी
रुवाएर जाँदा रै'छन् छोडी जानेहरू ।

**–नरेन्द्र 'अनुपम'**

### अन्तिम रात

आज अन्तिम रात मेरो जीवनको
आज अन्तिम मात मेरो यौवनको
साँच्चै केही बोल्नु छ त बोलिहाल
मनमा बचेका ती अवशेषहरू खोलिहाल
आज अन्तिम बात मेरो जीवनको
आज अनितम मात मेरो यौवनको
मसँगै दुख्ने त्यो मुटु अब दुख्नेछैन
म रुँदा झर्ने ती आँसु अब झर्नेछैनन्
आज अन्तिम साथ मेरो जीवनको
आज अन्तिम मात मेरो यौवनको
तिम्रो विश्वासलाई हरेकपल कुल्चिरहें
तिम्रो मायालाई हरेकक्षण लत्याइरहें
आज अन्तिम घात मेरो जीवनको
आज अन्तिम मात मेरो यौवनको

**–रञ्जितकुमार घले**

## लघुकथा



### बाध्यता

सन्देशले घरको चाहनाविपरीत अध्ययन गर्दागर्दै विवाह गरिसकेको छ । दाम्पत्य जीवन सफल पार्न, त्यो पनि अन्तरजातीय युवतीसँग अहिले उसलाई धौधौ परिरहेको छ । ऊ विवाहपूर्व एकपटक विदेश गएर फर्किसकेको थियो तर पनि ऊ पुन: विदेश जान चाहन्थ्यो, आ□नो परिवार पाल्नका लागि । विवाह गरेको एक वर्ष पनि नबित्दै अकस्मात कामको सिलसिलामा सहरबाहिर जाँदा ऊ बस दुर्घटनामा पर्छ र अस्पताल लाँदलाँदै बाटोमै उसको मृत्यु हुन्छ । त्यसपछि उसले चाहेका सबै सपना चकनाचुर भए । उसकी पत्नी गर्भवती छिन् । उनी बाध्यतामा छिन्, माइत गएर बसूँ कि आ□नै घरमा । आज उनलाई साथ दिने कोही छैन साथ दिनेले छोडेर गएपछि वरिपरि सन्देशका आवाजहरू गुञ्जिरहन्छन् तर सम्झिन्छिन् मात्र उसको स्मृति.... ।

**– रचिन्द्र श्रेष्ठ**

### परोपकार

यात्रुवाहक बस आ□नै गतिमा अपार भीडका साथ गुडिरहेको थियो । वैशाख महिनाको टन्टलापुर घाम, यात्रीहरूको भीड र चुरोट, बिंडीको धूवाँका कारण बसभित्र निस्सासिँदो र कहालीलाग्दो वातावरण थियो । मनजिकै बसेको एकजना युवक सर्ट, पाइन्ट, कोट, जुत्ता-मोजा, टाई, चस्मा, सिक्री लगाएको हेर्दै सम्भ्रान्त परिवारको सदस्यजस्तो लाग्थ्यो । उक्त युवकको छेउमा अरू एकजनाका लागि सिट खाली थियो। नजिकैबाट एक सत्तरी वर्षीया बूढीआमैले विनम्र स्वरमा सोधिन् 'बाबु □ अलि पर सरिदिनुहोस् न' युवकले झर्किंदै जवाफ दिए, 'यहाँ ठाउँ छैन, दुईजना बस्दा असजिलो हुन्छ ।'

अर्को स्टेन्डबाट चढेकी आधुनिक श्रृङ्गारले सजिएकी १८-१९ वर्षीया युवतीले सोही युवकलाई सोधिन् 'हजुर □ यहाँ बस्न सकिएला ?' युवकले युवतीको अनुहार हेरेपछि मुस्कुराउँदै भने, 'सक्नुहुन्छ, खाली नै छ, खाली नभए पनि मिलेरै जाँदा पनि भैहाल्छ नि ।' युवकले प्रश्न गरे, 'अहिले के गर्दै हुनुहुन्छ ?' युवतीले जवाफ दिइन्, 'एक उपकारी संस्थामा काम गर्दैछु ।' युवकले आ□ना बारेमा पनि जानकारी गराउँदै भने, 'म पनि त त्यस्तै उपकारी संस्थाको केन्द्रीय प्रतिनिधि भएकाले तपाईंलाई सिट रोकिदिएर परोपकार गरेको ।'नजिकै अर्को सिटमा बसेका भद्र पुरुषले मूल्यांकन गर्न सकेनन्– ती युगल जोडीको परोपकार ?

**– प्रकाशकुमार बराल**

# दुर्लभ जातिको खुला संग्रहालय दोलखा

**शिव मुखिया**

चरीकोट– नेपाली समय मापनको आधारशिला गौरीशंकर हिमालका कारण प्रसिद्ध दोलखालाई सगरमाथा आरोहीहरूको वेदिङ गाउँ, च्छो रोल्पा हिमताल तथा सम्भावित अनिष्टको पूर्वसंकेत दिने भीमेस्थान मन्दिरका लागि पनि चिनिन्छ। यसका अतिरिक्त दोलखालाई विश्वमै दुर्लभ मानिएको लोपोन्मुख जनजातिहरूको बसोबास भएको दोलखालाई दुर्लभ जातिहरूको खुला संग्रहालयका रूपमा पनि लिन सकिन्छ ।

निकै अनौठो अनि रोचक संस्कृति अँगालेका दोलखाका सुरेल, थामी र जिरेल जाति लोपोन्मुख अवस्थामा छन् । आफ्नै भाषा, संस्कृति तथा परम्परागत जीवनशैली अँगाल्दै आएका यी जातिहरू नेपालको जातीय इतिहासमा अति पौराणिक एवं ऐतिहासिक जाति मानिन्छन् ।

सुरी गाउँमा बसोबास गर्ने सुरेल जाति र जिरीमा बसोबास गर्ने जिरेल जातिको जातीय एवं भौगोलिक नाममा समानता पाइन्छ। कला र संस्कृतिले सम्पन्न यी जातिहरू शैक्षिक एवं आर्थिक रूपले निकै पछाडि छन् । सुरेल जातिमा त एसएलसी उत्तीर्ण गर्ने पनि भेटिएका छैनन् ।

**सुरेल जाति**

दोलखा जिल्लाको सुरी गाविसमा सुरेल जातिको बसोबास छ । पुग-नपुग २ सय जनसंख्या रहेको यो जातिका ४५ जना साक्षर छन् भने ३० जना नियमित विद्यालय जाने गरेका छन् । जिरेल जातिको समानान्तर एवं हाँगा जातिका रूपमा सुरेलको उत्पत्ति भएको बताइन्छ। किंवदन्तीअनुसार जिरीमा गएर बसेका किराँतका केही सन्तान जिरेल भए भने सुरीमा गएर बस्नेहरू सुरेल भए । सुरेलहरूको जन्मदेखि मृत्युसम्मको आफ्नै जातीय संस्कार छ। सुरेलहरूले जन्म, विवाह एवं मृत्यु संस्कारलाई विशेष महत्त्वका साथ अँगाल्दै आएका छन् ।

कुनै दम्पतीबाट नयाँ सुरेल शिशुको जन्म भएपछि उनीहरूकै शब्दमा धासिंगे गरिन्छ । धासिंगे गरेकै दिन पुरोहितले शिशुको नाम पनि राखिदिन्छन् । सुत्केरी भएको १६ दिनपछि मात्र धसिंगे गरिन्छ । धासिंगे नगरेसम्म सुत्केरीलाई भण्डारमा पसेर कुनै पनि काम गर्न दिइँदैन। शिशुको नाक-कान छेड्ने काम दुई वर्षपछि गरिन्छ।

मुख्यत: आफ्नै जातिभित्र विवाह गर्ने सुरेलहरूमा चोरी र भागी विवाह गर्ने चलन छ। फुफु चेला, मामा चेलामा विवाह नचल्ने सुरेल जातिमा बाहुनद्वारा पारस्पारिक धार्मिक संस्कारसहित पच्चैबाजा बजाएर अभिभावकद्वारा उपहार साटासाट गरी विवाह सम्पन्न गरिन्छ। सुरेलहरूको विवाह संस्कारको रोचक पक्ष भनेको बहुविवाह हो । लोग्नेले स्वास्नी छोड्दा बाबुआमालाई रक्सीको घैंटो र केही रकम दिनुपर्छ। स्वास्नीले अर्कैसँग विवाह गरे एक सयदेखि हजार रुपियाँसम्म जारी उठाउने चलन छ ।

सुरेलहरूको जन्म एवं विवाह संस्कारभन्दा मृत्यु संस्कार निकै अनौठो छ । परिवारका सदस्यको मृत्यु भएमा मृतक जति उमेरको हो त्यति नै संख्याको दाउराले लास जलाउने चलन छ । मृतक १० वर्षभन्दा मुनीको भए गाड्ने र माथिको भए जलाउने गरिन्छ । मृत्यु भएको १२ दिन सम्म



मृतकको हाड-नातागोता पर्ने आफन्तले जुठो बार्छन् ।

**जिरेल जाति**

जिरीमा बसोबास गर्ने जिरेल जातिको जनसंख्या सन् १९६१ को तथ्यांकअनुसार ३ हजार भए पनि अहिले २० हजारजति पुगेको अनुमान छ । जिरी क्षेत्रमा उत्पत्ति र विकास भएको जिरेल जाति हाल सिन्धुपाल्चोकलगायत पूर्वी एवं मध्यतराईमा समेत फैलिएका छन् ।

जिरेलहरूको उत्पत्तिका सम्बन्धमा एउटा किंवदन्ती प्रचलित छ, जसअनुसार सात-आठ पुस्तापहिले एक जना सुनुवार सिकार खेल्दै जिरीको एउटा डाँडा चेदुङ पुगेछन् । सिकार खेल्ने क्रममै जिरीढुंगेकी एउटी शेर्पेनीसँग निज सुनुवारले यौनसम्पर्क राखेछन् । पछि शेर्पेनीको गर्भबाट सन्तान जन्मियो । उक्त शिशुको नाम नैदार राखियो । नैदार नाम गरेको उक्त बालकलाई बौद्ध धर्मावलम्बीहरूले त्यही बाटो भएर आउँदा भेटेपछि जिरीमा ल्याएर राखेछन् । पछि तिनै बालकका सन्तान जिरेल भएछन् । जिरेलहरू मुख्यत: बौद्ध र हिन्दू धर्ममा आस्था राख्छन् । तर, जिरेलहरूको वास्ताविक धर्म तन्त्रवादमा आधारित छ। उनीहरूका पुरोहितलाई फोम्बो भनिन्छ।

जिरेलका सन्तान जन्मिदा सातौं दिनसम्म कुनै पुरोहितको आवश्यकता पर्दैन । तेस्रो दिन गहुँत र दुईवटा पात गाँसिएको १२ प्रकारको हरियो बिरुवाको पात ल्याएर उक्त गहुँतलाई शिशुको टाउको, घरको गोठ र अन्यत्र छर्कने काम गरिन्छ। सुत्केरी चोखो नभएसम्म पानी तथा अन्य चीजहरू छुन दिइँदैन । सात दिनसम्म आफ्नो तथा नातेदारको घरमा खेतीबारीको काम बन्द गरिन्छ। सात दिनपछि फोम्बोले शिशुको नाम राख्छन् ।

जिरेलहरूमा गन्धर्व विवाह बढी हुने गरेको छ। विवाह गर्दा एउटै गोत्रभित्र विवाह हुँदैन । जिरेलहरूमा विधवा विवाहलाई समेत मान्यता दिएको पाइन्छ। मागीविवाह गर्दा पहिले केटीको परिवारलाई खबर गरिन्छ र पछि केटाको बुबा र एक जना साथी रक्सीको बोतल लिएर बेलुकीपख केटीको घर जाने चलन छ । कुरा मिल्यो भने केटा र केटीको बाबुले त्यो रक्सी खान्छन् ।

जिरेल जातिको मृत्यु भए सकेसम्म लामा नै खोजिन्छ । यदि त्यो सम्भव नभए शेर्पा तामाङलाई ग्रन्थ पढ्न लगाइन्छ तर शव छुन भने दिइँदैन । शवलाई ५ मिटर लामो कपडा ओढाइदिएर ठूलो तामाको भाँडामा राखिन्छ । जिरेलहरू लासलाइ जलाउँछन् । मृत्यु संस्कार ४५ दिनमा पूरा हुन्छ ।

**थामी जाति**

एउटा जीवित सम्पदाका रूपमा रहेको थामी जातिको पुर्ख्यौली थलो र मुख्य बसोबास पनि दोलखा नै हो । त्यसका अतिरिक्त रामेछाप, सिन्धुली, सिन्धुपाल्चोक तथा भारतको दार्जीलिङमा पनि थामीहरूको ठूलै बसोबास पाइन्छ ।

दोलखाको सुक्पा क्षमावती, सुन्दावती, सुनखानी, लापिलाङ्ग आदि गाविसहरूमा थामीहरूको मुख्य बसोबास छ । यस क्षेत्रका थामीहरू विपन्न छन् तर आफ्नो धर्म, संस्कृति, परम्परा एवं भाषाप्रति सचेत र पोख्त छन् । दार्जीलिङका थामीहरू आर्थिक रूपले त सम्पन्न छन् तर जातीय संस्कृतिप्रति भने अनभिज्ञ नै छन् । किंवदन्तीअनुसार दोलखाका राजा सिकार खेल्दै जाँदा थामीहरूलाई धान काटिरहेको देखेर थामी भनेको पाइन्छ । अर्को किंवदन्तीअनुसार आफ्नो पैत्रिक सम्पत्ति जतिसुकै आपत्-विपत् पर्दा पनि अरूलाई नदिने स्वभाव भएकाले यिनीहरूलाई थामी भनियो ।

थामीहरूको उत्पत्तिका सम्बन्धमा थामी भाषामा पीएचडी गर्न आएका बेलायती नागरिक मार्क टुरीनको भनाइ अर्कै छ । टुरिनका अनुसार- यिनीहरू तिब्बतका सीमावर्ती बस्तीहरूवाट बसाइँ सर्दै आई दोलखा जिल्लामा थामी भएर बसे । उनको अनुसन्धानमा तिब्बती भाषामा थङ भनेको सिमाना र मी भनेको मान्छे हुन्छ, अर्थात् सिमानाका मान्छे बसाइ सर्दै आएर थङमी भयो र पछि त्यही अपभ्रंश भै थामी भयो ।

थामीहरू पुरुष भए अल्लोको भाङ्ग्रा बुनी घुँडामुनीसम्म आउने दौरा-सुरुवाल, इष्टकोट, पटुका र टोपी लगाउँछन् भने महिलाहरू भाङ्ग्राकै गुन्यूचोली तथा पटुका लगाउँछन् । अहिले समयसँगै थामीहरूले पनि आफ्नो वेशभूषामा परिवर्तन गरेका छन् । थामीहरू मूर्ति पूजा गर्दैनन् तर दसैं-तिहारजस्ता चाड भने मनाउँछन् । थामीहरू घरको कुलदेवता विश्वकर्मा तथा भूमे देवताको विशेष पूजा गर्छन् । थामीहरूको आफ्नो छुट्टै भाषा पनि छ । थामीको भाषा दोलखाको नेवार तथा राई-लिम्बुको भाषासँग मिल्दोजुल्दो छ ।

थामीहरूको शिशुको न्वरान छोरा भए सात दिनमा र छोरी भए पाँच दिनमा गरिन्छ । थामीहरू पन्ध्र दिनसम्म सुत्केरी र शिशुलाई घरबाट निस्कन दिँदैनन् । थामीहरूमा प्राय: मागी विवाह गर्ने चलन छ । उनीहरू पाँच-सात वर्षकै केटीलाई कुरा चलाएर उपयुक्त समयमा विधिवत् विवाह गर्छन् । थामी जातिमा दस-वर्षभन्दा मुनिको मान्छे मरे डाँडामा लगेर गाडिन्छ भने अरूलाई जलाइन्छ । थामीहरूको मृत्यु क्रिया झाँक्रीद्वारा गराइन्छ ।



नेपालका खेलाडीहरूलाई मेरो सन्देश छ कि अबदेखि उनीहरू डोपिङ केशमा नफसून्। प्रशिक्षक, खेल अधिकारी, विदेशी कसैको पनि सल्लाह वा दबाबमा कुनै दबाई प्रयोग नगरून्, त्यसले आफ्नो खेल जीवन समाप्त पार्छ नै, राष्ट्रलाई नै बदनाम तुल्याउँछ।

**महादेव राजवंशी**

प्रिय, जलन दिलमा छ, अनुहारमा त के छ र ☐ म तिम्रो इन्तजारमा छु। आशा छ निराश पार्नेछैनौ। च्याटमा देखा पर्दै गर, म आफ्नो मनका गाँठाहरू फुकाउँदै जान्छु तिमी मलाई बुझ्ने प्रयास गर।

**दीपेश**

प्रेम गर्ने हो भने पहिले खल्ती र आफ्नो रूप हेर्नुपर्ने रहेछ, मैयाँ, तिमीले यो भनाइलाई सत्य सावित त गरेरै छाड्यौ, म पनि संकल्प गर्छु। म तिम्रो भावी श्रीमान्भन्दा धनी मात्र हुनेछैन, तिमीभन्दा राम्री श्रीमती पनि ल्याउनेछु। इट इज माइ च्यालेन्ज। कमसेकम तिम्रो श्रीमान् जँड्याहा नपरोस्, मेरो शुभकामना।

**ससीम**

बेली, तिमीभन्दा पर मेरो कुनै संसार छैन, म जति पनि खुसीहरू सँगाल्छु केबल तिम्रै लागि हो र तिम्रो उपस्थितिमा सारा मेरा लक्ष्यप्रद सपनाहरू रंगीन बनाउँछु म तिम्रो बाहेक अरू कसैको हुन सक्दिन, अनि धोका अहँ।

**नितन**

साँझ अन्दाजी चार बजे कपन (मिलन चोक) मा बाटो बिराउनुभयो कि ? भनी आत्मीयता प्रकट गर्दै नजिक आउने र चिन्नुभएन भन्दै छुट्टिने अपरिचित मित्रलाई यो सन्देश पढ्नेबित्तिकै axlerose_4u@hotmail.com मा मेल गर्न आग्रह छ।

**राज**

अंकिता, जन्मदिनको बधाइ तथा जीवनमा उच्च सफलताको कामना।

**प्रेरित**

जय, म तिमीसँग माफी चाहन्छु। मलाई बिर्सिदेऊ, बरु मलाई जति गाली गर्न सक्छौ गर, जति सराप्न सक्छौ सराप, यो मेरो अन्तिम फैसला हो किनकि यसमै तिम्रो, मेरो अनि हाम्रो परिवारको भलो छ।

**पराजिता**

**अनुरोध** साप्ताहिकले यो वर्षदेखि अंग्रेजी क्यालेन्डरको नयाँ वर्ष तथा क्रिसमस डेका अवसरमा पनि पाठकहरूले आफन्तहरूसम्म शुभकामना सन्देश पठाउन सक्ने व्यवस्था मिलाएकोले २५ डिसेम्बरमा मनाइने क्रिसमस डेका अवसरमा शुभकामना पठाउन चाहने पाठकले पुस २ गते आइतबारसम्म तथा नयाँ वर्ष २००७ का लागि पुस ९ गते आइतबारसम्ममा आफ्ना शुभकामना सन्देश उपलब्ध गराइदिनुहुन अनुरोध छ। –

## कुपन सन्देश

पाउने :

सन्देश :

पठाउने :

प्रति सन्देश रु. २०/– अनिवार्य

~~सम्पादक~~

## साप्ताहिक साथीका लागि फर्म

नाम : ......................................................

उमेर : ........................ उचाइ : ........................

पेसा : ........................ शिक्षा : ........................

स्वभाव : ........................ वैवाहिक स्थिति : ........................

अभिरुचि : ......................................................

वर्ण : ........................

इमेल : ......................................................

ठेगाना : ......................................................

तपाईं कस्तो साथीको खोजीमा हुनुहुन्छ ?

......................................................

......................................................

gf]6 M तस्विर र नगद रु. ५०।- अनिवार्य छ। आफूले उल्लेख गर्न चाहेको थप विवरण छुट्टै पानामा पठाउन सकिनेछ।

## जीवनको गोरेटो

### शीर्षक के दिऊँ ?

केही दिनपहिले मेरो साथी हरिश नयाँदिल्लीबाट मलाई भेट्न आएको थियो। उसका बुबा पनि भारतका नागरिक हुनुहुन्छ। उसका बुबा नेपालमा बिजनेस गर्नुहुन्छ। म मेरो साथीलाई एयरपोर्टमा लिन गएँको थिएँ। हामी ट्याक्सीमा एयरपोर्टबाट निस्क्यौं। त्यतिबेला ट्याक्सीमा हिन्दी गाना काँटा लगा... बजिरहेको थियो। ड्राइभर पनि रमाई-रमाई गुनगुनाइरहेको थियो। त्यसपछि हरिशले मलाई सोध्यो- यो गाना त हिन्दी हो ? मैले हिन्दी नै हो भनें। ऊ पहिलोपटक नेपाल आएको थियो। नेपालमा हिन्दी गीत सुन्दा उसलाई अचम्म लाग्यो।

त्यसपछि ड्राइभरले एफ.एम. रेडियोको ट्युनरलाई बिस्तारै घुमायो। नेपालमा जति पनि एफ.एम. रेडियो थिए ती सबै च्यानलमा हिन्दी गीत नै बजिरहेका थिए। त्यसपछि उसलाई अझ अचम्म लाग्यो। हरिशले फेरि सोध्यो- नेपालमा नेपाली गीत नै छैनन् ? कि कसैले मन पराउँदैनन् ? मैले भनें- राम्राराम्रा नेपाली गीत पनि छन्। हाम्रो ट्याक्सीको यात्रा सकियो। त्यसपछि हामी काठमाडौंका एउटा भीडभाड छेउँ खाजा खान गयौं। जहाँ ऐसा जादू डालारे.... बजिरहेको थियो। मसँग जवाफ थिएन। ऊ दिनभरि त्यही प्रश्न सोध्दासोध्दै हैरान भैसकेको थियो। खाजा खाएर हामी बजारतिर घुम्न निस्क्यौं जहाँ ठूल्ठूला क्यासेट पसल, घडी पसल लगायत प्रायः सबै पसलमा हिन्दी गीत मात्र बजिरहेका थिए।

हामी घुम्दै चलचित्र हल पुग्यौं। त्यहाँ पनि हिन्दी चलचित्रमात्र चलिरहेका थिए। एउटै हलमा चार, पाँचवटा चलचित्र चल्ने हलमा पनि हामी पुग्यौं जुन हलमा सानो हलमा एउटा नेपाली चलचित्र चलेको थियो। अन्य सबै हलमा हिन्दी चलचित्र चलिरहेका थिए। त्यसपछि उसले अझै उत्साहित हुँदै भन्यो- यहाँ त हिन्दी चलचित्र पनि चल्दोरहेछ। म नाजवाफ भएँ। त्यहाँबाट हामी उसका बुबा बस्ने ठाउँमा गयौं। एकक्षण बसेँ म पनि, ऊ बुबालाई अचम्म मान्दै नेपालमा हिन्दी गीत, चलचित्र चलेको, बजेको भन्दै थियो। म उसलाई त्यहीं छाडेर घरतिर लागें। ऊ फर्कने दिन पनि म उसलाई एयरपोर्टमा छोड्न गएँ। बाटोमा ऊ भन्दै थियो– म कहिले नेपाल आएर कहिले फर्किए पत्तै भएन। यहाँको वातावरणले मलाई नेपाल आएजस्तै लागेन।

ऊ भन्दै थियो- माधुरी दीक्षितले नेपाललाई भारतको प्रान्त भन्नु, जुही चावलाले म नेपाल कहिले गएँ ? भन्नुलाई नेपालीहरूले ठूलो कुरा बनाउनु ठीक छैन। यहाँको वातावरण नै यस्तो छ। आ☐नो मौलिकता र नेपालीपन बिर्सनुहुँदैन ऊ यस्तै-यस्तै भन्दै थियो। मलाई आफैलाई नरमाइलो लाग्यो। म उसलाई प्लेन चढाएर घर फर्किएँ र मनमनै सोच्न थालें- 'के हामीले आ☐नो मौलिकता छाड्दै गएका हौं।'

**– एक सच्चा नेपाली**

### चोखो माया चिन्न नसक्दा

म मेरा दिदी-भिनाजुसँग धादिङमा बस्थें। म नजिकैको होटलमा भुइँ पुछ्ने काम गर्थें। यसै क्रममा मेरो नजर त्यहीं नजिकै बस्ने एक जना व्यक्तिमा पर्न गयो। म सानैदेखि केटासँग बोल्न हिचकिचाउने भएका कारणले गर्दा ऊसँग पनि बोल्दिनथें। हामीबीच ६ महिनासम्म हेराहेर मात्र भयो। बिस्तारै मलाई त्यो केटा मन पर्न थाल्यो। म गरिब भएकाले आफ्नो तर्फबाट प्रेमप्रस्ताव राख्न डराउँथें भने अर्कातर्फ दिदी-भिनाजुसँग बस्नुपर्ने मेरो बाध्यता थियो, तर एक दिन अप्रत्याशित रूपमा उसले मसमक्ष प्रेमप्रस्ताव राख्यो। मैले त सोच्न पनि सकिनँ– ऊजस्तो धनाढ्य केटाले मलाई मन पराउँछ। त्यसको पर्सिपल्ट ऊ फेरि आयो र चिया खान जाऊँ भनेर प्रस्ताव राख्यो। चिया पिएर हामी नजिकैको बौद्ध मन्दिरमा गयौं। पहिलो भेट भए पनि हामीबीच राम्रोसँग गफ भयो। उसले आफ्नो मनमा भएका सबै कुरा व्यक्त गर्‍यो। पछि गएर मलाई छोड्छ भन्ने पीर मनमा भए पनि मैले उसलाई आफ्नो मनमन्दिरमा राखें र उसको प्रस्ताव स्वीकार गरें। त्यसपछि हाम्रो भेट नियमित हुन थाल्यो। वास्तवमा ऊ मलाई माथि उठेको हेर्न चाहन्थ्यो। यही कारणले गर्दा उसले आफूले गरेको काम पनि छोडिदियो र मेरा लागि एउटा कोल्ड स्टोर खोलिदियो अनि मलाई सम्झाउने-बुझाउने काम गर्न थाल्यो। म पनि उसले सोचेको जस्तो गर्न मेहनत गरेर काम गर्न र केही गरेर देखाउने अठोट गर्न थालें। उसले मलाई आमा-बाबुले भन्दा बढी माया गरेको थियो तर एक्कासि मेरो मन परिवर्तन भयो, किनकि मसँग पैसा पनि भयो र साथीभाइ पनि। कोल्ड स्टोरबाट मैले दुई वर्षमा डेढ लाखजति कमाइसकेकी थिएँ। बिस्तारै मलाई उसको काम नभएकोमा घृणा लागेर आयो।




सानो-सानो कुरामा पनि म ऊसँग झगडा गर्न निहुँ खोज्थें। मैले आफूले गल्ती गर्दासमेत उसले मसँग माफी माग्थ्यो। पैसाको घमन्ड बढ्दै जाँदा मेरा लागी त्यत्रो त्याग गर्ने र मलाई आमाबाबुले भन्दा पनि बढी माया गर्ने व्यक्तिको मायालाई वास्ता गर्न छाडेर म आफ्नो भविष्यका बारेमा मात्र सोच्न थालें।

उता उसले मेरा लागि घरमा आएको विवाह प्रस्ताव अस्वीकार गरिदियो। वास्तवमा उसले मलाई दुःख भनेको के हो भनेर अनुभव नै गर्न दिएन। मसँग लागेदेखि उसले आफ्नो लागि एक जोर लुगा पनि किनेन र पैसा भयो कि मलाई उपहार ल्याइदिन्थ्यो। उसको यही मायामा मात्तिएर मैले मेरी दिदी र दिदीको एउटा छोरालाई हेर्न थालें। मेरी दिदीले मसँग नसोधी मेरो विवाहको कुरा अर्कै एक जना केटासँग पक्का गरिदिनुभयो। त्यसपछि पनि म ऊसँग झगडा गर्दै हिंड्न थालें। एक दिन उसले सानो गल्ती गर्‍यो र मैले पनि त्यो गल्तीलाई पहाडझैं ठूलो बनाइदिएँ। उसले मलाई गरेको सहयोग र माया अनि मेरा लागि गरेको त्यागलाई समेत लत्याइदिएँ। किनकि मसँग धन, प्रतिष्ठित व्यक्ति र अरू साथी पनि थिए। यता मेरा साथीहरूले पनि तिमीलाई ऊ सुहाउँदैन भनेर भड्काउन थाले। त्यतिबेला झगडा पर्दा उसले मलाई धेरै सम्झायो र माफी पनि माग्यो। विवाह गरेर जानुभन्दा एक दिन अघिसम्म पनि ऊ मेरो अगाडि आएर मलाई छोडेर नजाऊ भनेर रोयो तर म आफ्नो अडानबाट एक इन्च पनि पछाडि नहटी दिदीले खोजेको केटासँग विवाह गरेर गएँ। मलाई उसको याद आयो तर मैले पैसाको मुख हेरेर उसले गरेको त्याग र मायालाई बिर्सिदिएँ। विवाहपछि पनि ऊ धेरै पटक मेरो अगाडि आएर रुन्थ्यो र मसँग हिँड भन्थ्यो। यसै क्रममा एक दिन मेरो साथी मेरो घरमा आयो र मलाई एउटा खबर सुनायो जुन खबर सुनेर म बेहोस भएँ। कुरा के रहेछ भने दुई साताअघि उसले खोलामा डुबेर आत्महत्या गरेको र उसको शरीर पानीमा तैरिरहेको अवस्थामा फेला परेको रहेछ।

त्यस दिनदेखि म विक्षिप्त अवस्थामा छु र म छिन-छिनमा बेहोस हुन्छु। मैले कल्पनासम्म गरेकी थिइनँ, उसले यसरी आत्महत्या गर्छ। मैले केही महिनाको अन्तरालपछि उसले मलाई बिर्सिदिन्छ भन्ने सोचेकी थिएँ। यसरी मरेर गए पनि उसले मेरो बेइज्जत हुने केही काम गरेन। ऊ मरेपछि मलाई यति पछुतो भयो कि अहिले मलाई उसको धेरैभन्दा धेरै सम्झना आउन थालेको छ। आज परिस्थिति अर्कै भएको छ। मेरो स्वास्थ्यस्थितीले गर्दा मेरो श्रीमान्ले पनि अर्कै विवाह गरिसकेका छन्। यता मसँग राजन त छैन तर ऊसँग बिताएका क्षणहरू मात्र मेरो मानसपटलमा छ। त्यही कारणले गर्दा म विक्षिप्त अवस्थामा छु। हाल म एउटा महिला आश्रममा छु। अरूको मन दुखाउँदा आफ्नै दुर्गति हुन्छ भन्ने भनाइ मेरो जीवनमा यथार्थमा परिणत भयो। मैले आफ्नो साँचो प्रेम गुमाएँ।

**–सिर्जना**

## साप्ताहिक साथी



'असफल यात्री' उपनामले चिनिने भरतसिंह ठकुरी सशस्त्र प्रहरीबल संखुवासभामा कार्यरत छन्। प्रवेशिका उत्तीर्ण गरेर जागीरे जीवन सुरु गरेका ठकुरी ५ फिट ३ इन्च अग्ला छन्। नम्र स्वभावका एवं अविवाहित ठकुरी जातभातको वास्ता नगर्ने आदर्श जीवन साथीको खोजीमा छन्। उनलाई संखुवासभाको तुम्लिङटार विमानस्थलमा पत्राचार गर्न वा सम्पर्क राख्न सकिन्छ।



शान्त स्वभावका प्रवीणता प्रमाणपत्र तहका छात्र सन्तोष गहुँगोरा वर्णका छन्। मादक पदार्थ सेवन एवं जातीय भेदभाव नगर्ने मानिस मन पराउने सन्तोषलाई ram_shreta@hotmail.com मा सम्पर्क राख्न सकिन्छ।



दलबहादुर महतरा क्षेत्री १९ वर्षका छन्। ५ फिट ३ इन्च अग्ला महतरा जागिरे हुन्। प्रवेशिका उत्तीर्ण गरेका महतरा पत्रमित्रता गर्न रुचाउँछन्। दुःख-सुखमा साथ दिने, जातधर्मको भेदभाव नगर्ने एवं इमान्दार साथीको खोजीमा रहेका महतरालाई सशस्त्र प्रहरी बल तुम्लिङटार, संखुवासभामा पत्रचार गर्न सकिन्छ।



## टिनएर्जसलाई तान्यो रिडर्स क्याफेले

**शिव शर्मा**

पोखरा- तपाईं अध्ययनका लागि सौम्य र शान्त वातावरणको खोजीमा हुनुहुन्छ ? तपाईंले खोजेजस्तै, चाहेजस्तै पुस्तकहरू नपाएर भौतारिँदै हुनुहुन्छ ? घरमा बसेर पढ्दापढ्दै दिक्क हुनुभएको छ ? अब विल्कुलै धन्दा मान्नु पर्दैन। नेपालमै पहिलो पटक खुलेको 'रिडर्स क्याफे' ले उपरोक्त सबै समस्याको समाधान खोजेको छ। राजन गोदार तथा वाटिका देवकोटाले पोखराको न्युरोडमा खोलेको रिडर्स क्याफे यतिबेला हरेक युवायुवतीदेखि पढन्तेहरूको जमघट हुने स्थल बनेको छ। रिडर्स क्याफेमा चिया र कफीको चुस्की लिँदै अंग्रेजी उपन्यासमा एकाग्र हुने युवाहरूको संख्या बाक्लै छ। उनीहरू साथीभाइसँग छलफल गर्दै पढ्न पाउँदा रमाइलो अनुभूति गर्छन्। चिप्लेढुङ्गाका गौतम बान्तवा क्याफेका नियमित पाठक हुन्। कफीको चुस्की लिँदै अंग्रेजी उपन्यासमा घोत्लिरहेका वान्तवाले भने- 'रिडर्स क्याफे हामीजस्ता युवाहरूका लागि ज्ञानको भण्डार नै भएको छ।'

अहिले बरालिएर हिंड्नेहरूलाई पनि केही नयाँ कुरा सिकौं भन्ने भावनासहित रिडर्स क्याफेले तानेको छ। बिहानै पूर्वमा लालीमा छरिएपछि चिया र कफीको चुस्कीसँगै एक-आपसमा गफ चुट्दै अनि पुस्तकहरूमा छलफल गर्दै पढ्ने युवायुवतीको ताँती नै लाग्छ यहाँ। यो क्रम राती ९ बजेसम्म निरन्तर चल्छ। साँझ ढल्कँदै गएपछि क्याफेमा वाइन र बियरको चुस्की लिँदै रोमान्टिक उपन्यास पढ्नेहरू पनि भेटिन्छन्। यहाँ आएपछि वातावरणले पुस्तक पल्टाएर पढूँ-पढूँ बनाउँछ, -क्याफे पुग्ने टिनएर्जसहरू आफ्नो अनुभव बताउँछन्। अधिकांश टिनएर्जसहरू क्याफेमा 'लभ फिक्सन' खोज्न र पढ्न आउने गरेका छन्। त्यसो त रिडर्स क्याफेका अधिकांश पाठक नै टिनएर्जस हुन्।

क्याफेमा राति नौ बजेसम्म बसेर पढ्न पाइन्छ। बसेर पढेको कुनै शुल्क लाग्दैन। एउटा पाठकले ७ घण्टासम्म पढेर बिताएको हामीकहाँ रेकर्ड छ, -सञ्चालिका वाटिका देवकोटाले साप्ताहिकसँग भनिन्- 'यहाँ आएपछि धेरैले पढ्दापढ्दै लामो समय नै बिताइदिन्छन्।'

# विवाहपूर्वको यौनसम्बन्ध कतिको उचित हो ?

## अब हाम्रो पालो

यो स्तम्भमा हामीले राखेका प्रश्नको ३० शब्दमा नबढाई उत्तर पठाउनुपर्नेछ । प्रत्येक उत्तरका साथमा आफ्नो पूरा नाम, ठेगाना र उमेर लेख्न नबिर्सिनुहोला । प्रश्न नम्बर एक सधैं आगामी प्रश्नका रूपमा रहनेछ । एउटा पानामा एउटा उत्तर मात्र स्वीकार गरिनेछ ।

१. के गरे पैसा कमाइन्छ ?
२. सफल मान्छे हुन के गर्नुपर्छ ?
३. पुरुषको व्यक्तित्व केमा हुन्छ ?
४. रक्सी र युवतीमध्ये के को लत (नसा) खतरनाक ? किन ?
५. तपाईंलाई केले सुखी र सन्तुष्ट बनाउँछ ?
६. के रक्सी वा नशाले दुःख भुल्न सकिन्छ ?
७. नेपालमा खेलकुदको विकासका लागि के गर्नुपर्छ ?
८. महिलाहरूलाई ३३ प्रतिशत आरक्षण कति उचित हो, किन ?
९. तपाईं प्रधानमन्त्री भए के गर्नुहुन्छ ?
१०. केटा र केटीका लागि विवाह गर्ने उचित उमेर कुन हो ? किन ?

उचित नै होला, किनकि पछि आइपर्ने समस्या हल गर्न सजिलो हुन्छ ।

**बाबुराम पाण्डे, घोराही**

बडो गाह्रो प्रश्न पो गर्नुभयो, जो यौन व्यवसायमा लागेर बसेका छन्, तिनीहरूसँग नै सोध्नुपर्छ । यस्तो प्रश्न आखिर उनीहरू यो कार्यमा अनुभवी हुन्छन् ।

**विपिन राई**

यो पनि सोध्ने कुरा हो ? उचित सोच्नेलाई उचित नै हुन्छ, अनुचित सोच्नेलाई अनुचित हुन्छ । किनकि यो मान्छेअनुसार भर पर्ने कुरा हो ।

**प्रकाश गौतम, बुटबल, देवीनगर**

विवाहपूर्व आफ्ना इच्छा-चाहनालाई मनमा दबाएर बस्नुभन्दा सुरक्षित यौनसम्बन्ध कायम गर्दा के असर पर्छ र ?

**राजन सुवाल** (२१), **भक्तपुर**

बेलैमा बुद्धि पुऱ्याई गर्भबाट टाढा रहनुपर्छ ।

**रवीन्द्र भण्डारी, धुम्बाराही**

हुन त समाजले यसलाई अझै पनि सजिलै पचाउन सक्दैन, तर पनि पाए उचित हो तर खै आफूले त अहिलेसम्म पाएको छैन । पाएको भए थाहा हुन्थ्यो ।

**आर.पी.** (२१), **काठमाडौं**

यदि दुई जनाको समझदारी र सुरक्षित रूपमा यौनसम्बन्ध राख्यो भने उचित नै हो जस्तो लाग्छ मलाई, किनभने यौनसम्बन्ध भनेको दुई व्यक्तिबीच हुने कुरा हो, यसका लागि विवाह नै पर्खनुपर्छ भन्ने छैन ।

**कैलाश लामा** (२२), **हरिहरपुर, धनुषा**

केटाले त अनुचित भन्ने कुरै छैन, केटीहरूसँग सोधी हेर्नुहोस् त ?

**वाई.आर. न्यौपाने** (२०)

खै सम्पादकज्यू, तपाईं-हामीलाई अनुचित लागेर के भो र ? उचित लाग्नेलाई चलिरहेकै छ । बेकारमा हामीलाई केको टाउको दुःखाइ ?

**सोमराज गुरुङ** (२१), **सानेपा**

उचित होइन, छाडापन हो ।

**सुन्दर कायस्थ**

पाश्चात्य शैलीको युनिफर्म लगाएर तिघ्रे ठिटाहरू पछिपछि लगाएर हिंड्ने, बन्द कोठामा गोप्य खासखुस गर्ने, दिनमा पचास चोटि ऐना हेर्ने, बैंसले मात्तिएका कोरेलीहरूले नै विवाहपूर्वको यौन सम्बन्धको राम्रो परिभाषा दिन सक्छन् ।

**सागर ज्वलन्त, कमलपुर, सप्तरी**

सेक्स प्रकृति (माया) को घुम्टो हो, त्यसैले सबैले ओढ्न चाहन्छन् । फरक यति हो– कसैले छिटो ओढ्छन्, कसैले ढिलो । यसलाई उचित-अनुचित भन्न मिल्दैन ।

**शालिग्राम पत्थर, धादिङ**

एकदमै उचित छ, किनकि दक्ष र अनुभवी भए मात्र कुनै पनि काम गर्न सजिलो हुन्छ ।

**मनोज अधिकारी**

जबसम्म कुनै पनि युवा-युवती परिपक्व हुँदैनन्, उनीहरूले जीवनका बारेमा प्रशस्त रूपमा बुझ्नुपर्ने हुन्छ । आजकालका टिनएजरहरूले शारीरिक आकर्षणले प्रेम गर्ने गरेको प्रशस्त पाइन्छ । स्कुले जीवनमा माया-प्रेम गर्नेहरूले केवल शारीरिक सम्पर्कतिर बढी जोड दिएको पाइन्छ । जब कुनै प्रेमी-प्रेमिका आपसमा माया-प्रेम, सद्भाव, आस्था राख्छन् भने समझदारीमा सुरक्षित तबरले यौनसम्पर्क गर्न सक्छन् । विवाहअघिको यौनसम्पर्कले झन् विश्वासलाई गाढा बनाउँछ ।

**मनिक न्यौपाने** (२४), **गोरखा**

उचित हो, कुण्ठित मनले भन्दा खुला हृदयले क्रिएटिभ काम गर्न सकिन्छ ।

**प्रकाश श्रेष्ठ** (२०), **सिन्धुली**

नारी अस्मितामा रमाउने नरपिचासलाई नभै नहुने कुरा हो यो ।

**mamam_mona@hotmail.com**

यौनसम्बन्ध मानवजीवनको आवश्यकता भएकाले जो-कोही पनि यसबाट अलग रहन सक्दैन । विवाह अघिपछि भन्दा पनि सक्षम व्यक्तिहरूद्वारा सुरक्षित रूपले सम्बन्ध स्थापना गरे नराम्रो मान्ने कुरै छैन ।

**राना रमेश, हरिवन**

उचित छैन, किनकि विवाहपूर्वको यौनसम्बन्ध हाम्रो समाजले पचाउन सक्दैन । यसले भावी जीवनलाई तनावग्रस्त बनाउन सक्छ ।

**प्रतिमा श्रेष्ठ** (१९), **पोखरा**

किन र सम्पादकज्यू, तपाईंबाट पनि विवाहपूर्ण यस्तै भूल भयो कि ?

**सम्पूर्ण प्रजापति, मध्यपुर ठिमी**

उचित छैन । किनभने यदि गर्भ रह्यो, लत बस्यो भने त्यसबाट छुट्न गाह्रो छ, तर राम्रोसँग बुझेर सम्बन्ध राखे खासै फरक पर्छ जस्तो लाग्दैन ।

**प्रेम बराइली**

पाउनेलाई त उचित नै होला, तर आफूलाई त उचित लाग्दैन किनकि यसको सुइँको अरूले पाए भने त बेइज्जत नै हुन्छ नि ।

**एस.बी.रोदन, पथरी**

किन ? सम्पादकज्यू दोधारमा पर्नुभयो कि क्या हो, ढुक्क हुनुहोस्, उचित हो, उचित ।

**रमेश खड्का, झापा**

होइन, किनभने आकाशलाई रित्तो नमान्नु, त्यहाँ त लाखौं तारा बसिरा'छन् । एड्स रोगलाई सामान्य नठान्नु त्यसमा लाखौं व्यक्ति फसिरा'छन् ।

**प्रफुल्ल भण्डारी** (२७), **धरान, विजयपुर**

उचित हो, तर युवतिको इच्छाविपरीत होइन, यदि उनीहरूको इच्छा छ भने राम्रै हो ।

**विनय केसी** (२२), **पाल्पा**

बेला पुगिसकेपछि के विवाहअघि गर्ने के विवाहपछि, तर आ-आ□नो भविष्य र परिणाम आफैंले सोच्नुपर्छ है ।

**सुजित खतिवडा, जनकपुर**

उचित हुँदैन, किनभने विवाहपूर्व यौनसम्बन्ध राख्नु आफ्नो जिन्दगी बर्बाद गर्नु हो ।

**राजीव खड्का, सप्तरी**

त्यसरी अगाडि नै यौनसम्बन्ध राख्नेहरूलाई त उचित नै लाग्ला, तर मेरा लागि भने उचित होइन, किनकि यस्तो कार्य भनेको घृणित काम हो ।

**गोकर्ण लामिछाने** (१७)

अहिले पछुताएर के गर्नुहुन्छ सम्पादकज्यू ?

**अकांक्षी एम.के.** (२१), **प्यूठान**

जब दुई मन एक हुन्छन् भने, जब एक-अर्काले दुःख सुखमा साथ दिन्छन् भने, यो कुनै ठूलो हो जस्तो लाग्दैन, तर पनि भविष्यका बारेमा भने विचार गर्नुपर्छ नि, नत्र । ...

**ज्ञान राई**

सम्पादकज्यू, गहन प्रश्न राख्नुभयो । कतै अतीतको स्मरण त होइन ?

**कृष्ण कँडेल**

युवा अवस्थामा व्यवस्थित तरिकाले, समझदारीमा गरिने यौनसम्पर्कलाई सकारात्मक लिनुपर्छ । किनभने यो प्राकृतिक आवश्यकता हो । सावधानीपूर्वक सम्पर्क गर्दा खासै केही बिग्रँदैन ।

**हिमाल अमगाईं** (२०), **बाग्लुङ**

खै, पाए उचित नपाए अनुचित ।

**जयराम भट्टराई, जनकपुर**

शारीरिक वासनाको भूत चढेकाहरूले प्रेममा यस्तै गर्छन् । गोप्य र सुरक्षित नै किन नहोस्, विवाहपूर्वको यौनसम्बन्ध अनुचित हो ।

**अमृत मगर, पाल्पा**

उचित नै हो । यदि तिनीहरूबीच समझदारी छ भने मात्र, किनभने मानिसको आ-आफ्नो इच्छा हुन्छ ।

**पवन त्रिपाठी** (१७)

छ्या सम्पादकज्यू पनि उचित हो नि, प्याक्टिस पनि त गर्नुपऱ्यो नि ।

**टीकाराम, स्याङ्जा**

---

**प्रश्न : म २५ वर्षीय युवक हुँ । म एक युवतीसँग गहिरो प्रेम गर्छु । केही साताअघि मात्र उनीसँग मेरो पहिलो यौनसम्पर्क भयो जुन बेला मैले कन्डम प्रयोग गरेको थिएँ तर अहिले कन्डम किन्न लाज लाग्छ । कन्डम नै नलगाई यौनसम्पर्क गर्छु । वीर्य योनिमा स्खलित नहोस् भन्ने हेतुले स्खलित हुनुभन्दा एक मिनेटअघि नै लिंग बाहिर निकाल्छु र स्खलित गर्छु । सेक्स गर्नुअघि नै उत्तेजित लिंगबाट पानीजस्तो हल्का च्याप–च्याप लाग्ने रस निस्कन्छ । के यसबाट गर्भ रहन्छ ? सुझाव पाए ढुक्क हुने थिएँ ।**

**– स.**

**उत्तर : कन्डमको प्रयोग किन ?**

हामी सबैलाई थाहा भएकै कुरा हो कि कन्डम पुरुषहरूले यौनसम्पर्कका बेला एक विशेष किसिमको रवरले बनेको लिङ्गमा लगाउने पातलो खोल हो । विशेष गरेर एच.आई.भी. संक्रमणको महामारी फैलिएपछि संसारभरि कन्डमको उपयोगिताका सम्बन्धमा फेरि चर्चा हुन थाल्यो । गर्भनिरोधको साधनका रूपमा मात्र नभै यो एच.आई.भी. तथा अन्य यौनरोगको संक्रमणबाट सुरक्षाका लागि एक प्रमुख उपाय सावित भयो । कन्डम सुरक्षाको एक प्रभावकारी उपाय भएकाले यसले मानिसहरूलाई यौनसम्पर्क राख्ने र यौनसुख प्राप्त गर्ने अवसर प्रदान गरेको छ । त्यसैले यसलाई यौनसुख प्रदान गर्ने एक विशेष साधनका रूपमा पनि लिन सकिन्छ । तपाईंलाई थाहै होला, यस्तो सम्बन्धमा जोखिम कसरी कम गर्ने भन्ने कुरालाई विचार गर्नुपर्ने हुन्छ ।

तपाईंकी प्रेमिकालाई कुनै यौनरोग वा एच.आई.भी. जस्ता संक्रमण छैनन् भनेर विश्वास भए पनि यकिन गर्न नसकिने भएकाले त्यसबाट बच्न कन्डमको प्रयोग गर्नु आवश्यक हुन्छ । यही कुरा तपाईंका सन्दर्भमा तपाईंकी महिला मित्रमा पनि लागू हुन्छ । यसले एच.आई.भी. वा यौनरोगजस्ता संक्रमण मात्रै होइन गर्भ रहनबाट पनि बचाउँछ । कन्डमको प्रभावकारिता राम्रो होस् भनेर नियमित रूपमा त्यसको सही ढंगले प्रयोग गर्नुपर्छ ।

**प्रयोगमा लाज किन ?**

सायद यौनसम्पर्कसँग प्रत्यक्ष सम्बन्ध भएकाले नै होला, धेरैलाई यस विषयमा खुला र स्पष्ट रूपमा चर्चा गर्न असजिलो लाग्छ । त्यसमा पनि कन्डम किन्नुपऱ्यो भने अझ बढी लाज लाग्छ । कतिपय स्थितिमा साहस गरेर पसलमा पुग्दा पनि पसलेले देखाउने व्यवहारका कारणले अझ असजिलो हुन्छ । कतिपयले पसलेले के सोच्ला भनेर पनि किन्ने आँट गर्न सक्दैनन् ।

तपाईंले विचार गर्नुपर्ने कुरा के भने आ□नी प्रेमिकासँग यौनसम्पर्कसम्मको सम्बन्ध स्थापित गर्न तपाईंलाई पक्कै पनि सहज भएको थिएन । यहाँ पनि लाज लागेको वा असहज लागेको पक्कै हुनुपर्छ तर तपाईं र तपाईंकी प्रेमिकाको अठोटले त्यस्तो लाजलाई जित्यो । कुनै अर्को व्यक्तिका सामु यौनाङ्ग नै देखिने गरेर लुगा खोल्नु अनि यौनसम्पर्कमा संलग्न हुनुभन्दा त कन्डम किन्न कम लाज लाग्नुपर्ने हो । यौनसम्पर्क नै राख्ने भैसकेपछि कन्डम किन्न लाज मान्नुपर्ने कुरा केही छैन । यो इच्छाशक्तिको कुरा पनि हो । लाजका कारण कन्डम नलगाई यौनसम्पर्क गर्दा गर्भ रहन गयो वा एच.आई.भी. तथा यौन रोग सऱ्यो भने अन्ततः अझ ठूलो लाजको भुमरीमा परिन्छ नि, होइन र ?

**बाह्य स्लखन विधि कति प्रभावकारी ?**

वीर्य स्खलन हुनुभन्दा अघि लिङ्ग झिक्ने र बाहिर नै वीर्य स्खलन गराउने प्रविधि निकैले प्रयोग गरेको देखिन्छ । उत्तम तरिकाले प्रयोग गरे यसमा ४ प्रतिशत गर्भ रहने सम्भावना हुन्छ भने सामान्य तरिकाको प्रयोगमा १९ प्रतिशत भन्ने कुरा अहिलेका अध्ययनहरूले देखाएका छन् ।

यो विधि अपनाउँदा पुरुषले वीर्य स्खलन हुन लागेको कुरा पहिले नै थाहा पाउनु र त्यसै अनुसार लिङ्ग झिक्नु आवश्यक छ । चरम सुखमा पुग्नै लागेको बेलामा पुरुष (अनि महिलाको पनि) चेतनशीलता केही रूपमा भए पनि धमिलिन सक्छ र त्यति बेलाको क्रियाकलापमा चेतनमनको नियन्त्रण नहुन सक्छ । चरमसुख पाउन लागेका बेला अझै भित्र लिङ्ग प्रवेश गराउने चाहना हुन्छ । त्यसैले पर्याप्त समय हुँदै लिङ्ग बाहिर निकालेर योनि वा योनिक्षेत्रमा वीर्य झर्न नदिन 'भन्न जति सजिलो छ गर्न त्यति नै गाऱ्हो' छ । चरमसुखका बेलातिर पुग्न लाग्दा लिङ्ग अझै भित्रतिर पसाउने चाहनालाई छोडेर बाहिरतिर निकाल्नु र यौनसम्पर्कलाई रोक्नु कतिपय व्यक्तिका लागि सजिलो कुरा होइन । त्यसैगरी कतिपय व्यक्ति त्यसमा पनि विशेष गरी किशोरहरूलाई आ□नो वीर्य कतिखेर स्खलन हुन्छ भन्ने कुरा समेत थाह पाउन गाऱ्हो हुन सक्छ । यस्ता कुरामा अनुभव वा अभ्यस्त भएपछि मात्र ठीक समयमा लिङ्ग निकाल्न सकिन्छ ।

अर्को कुरा हामीले यो कुरा पनि बिर्सनु हुँदैन कि यो विधिले यौन रोग तथा एच.आई.भी.जस्ता संक्रमणबाट बचाउँदैन ।




**के लिंग उत्तेजित हुँदा निस्कने रसबाट पनि गर्भ रहन्छ ?**

उत्तेजनाको स्रोत जेसुकै भए पनि यौन उत्तेजना भएपछि अलिकति रस लिङ्गको टुप्पामा देखिन्छ । पौरुष ग्रन्थिको मुनितिर मूत्रनलीसँग जोडिएको केराउका दानाजस्ता दुई ग्रन्थी हुन्छन् जसलाई अंग्रेजीमा Cowper's gland भनिन्छ । यौन उत्तेजनाका बेलामा त्यही ग्रन्थिबाट निस्किएको रस केही थोपाका रूपमा नै वीर्य स्खलनभन्दा पहिले लिङ्गको टुप्पामा देखिन्छ । केही व्यक्तिमा यो रस निस्कने कुरा नै थाहा नपाउने गरी थोरै हुन्छ भने केहीमा चियाचम्चा वा त्यसभन्दा बढी पनि निस्कन्छ । यसको खासै कार्य वा उपयोगिता यकिन भन्न नसकिए पनि यसले मूत्रनलीको अम्लीयपनलाई तटस्थ पार्छ भन्ने कुरामा विश्वास गरिन्छ । यसरी आउने तरल पदार्थमा सामान्यतया शुक्रकीट हुँदैनन्, त्यसैले सामान्य अवस्थामा यस रसको सम्पर्कबाट गर्भ रहँदैन तर कतिपय स्थितिमा यदि केही समय पहिले मात्रै हस्तमैथुन गरेर वा यौनसम्पर्क गरेर वीर्य स्खलन गरेको भए सो वीर्य स्खलनका कारणले मूत्र नलीमा रहेका केही शुक्रकीट यो रसमा आउने सम्भावना रहन्छ ।

Language & Computer
Own course books, Audio-visual, Trained teachers
English, Chinese, Japanese, German, French
Hebrew, Korean, Spanish
TOEFL/IELTS
& Computer Basic to Diploma
Osish Language Centre
Adwait Marg, Bag bazar, Kathmandu, 4-232866

* Applying for a visa? Complete the Application form, Questionnaire, Sponsorship letter etc correctly and effectively.
* Faithful TRANSLATION/ Simplified TRANSLATION.
* Visa refused? Appeal strongly.
* Responsible COPYREADING.
* Writing a THESIS? Refine it.
* Compact 15-day preparation for scoring high in SAT, IELTS & TOEFL
T.N. Ghimire
9803017843, 2021677

सुखी विवाहित जीवनको लागि
सेवाको १३ वर्ष
विवाहको पहिलो वा विवाहपछि भएका यौन रोग, शीघ्रपतन, स्वप्न दोष, पिसावसित धातु खस्ने, नपुंसकता, सन्तान नहुने र कमजोरी आदिको सफल उपचारको लागि आज नै भेट्नुहोस् ।
भेट्ने ठेगाना: फोन नं. : ४-४६०७८५
पापुलर आयुर्वेद औषधालय
ज्ञानेश्वर, रातोपुल पारिपट्टि, काठमाडौं

JOB GUARANTEE @ SBS
We provide to you Professional Education in
▶ Computer, Language, Hotel Training
▶ Abroad Study: (USA, UK, GERMANY, CANADA, JAPAN & more)
▶ Visa Preparation Classes
▶ Travel Information, Email Internet
Language Computer
FREE Hotel Training
Contact:
SBS
Computer Language
Thamel - 4423932, 9841488766
Video Editing Programme Job Guarantee Graphic Design

**कला क्षेत्रमा तपाईंको प्रवेश कसरी भयो ?**
रेडियो नेपालको दिन-प्रतिदिन कार्यक्रममा काम गर्ने क्रममा मेरो भेट जितु नेपाल र दमन रूपाखेती जस्ता कलाकारहरूसँग भयो। उनीहरूले एउटा हास्य टेलिश्रृंखलामा अभिनयका निम्ति प्रस्ताव राखे।

**पहिले के गर्नुहुन्थ्यो ?**
मैले आर. एन्ड आर.पी. नामक प्रोजेक्टमा ७ वर्ष काम गरें, त्यसपछि क्यासिनोमा पनि काम गरें। ब्युटिपार्लर पनि खोलें, तर अभिनय यात्रालाई निरन्तरता दिने सोचले अरू काम छोडें।

**पहिलो पटक क्यामेरा फेस गर्दा कस्तो लाग्यो ?**
सुरु-सुरुमा डर लाग्यो र गाह्रो पनि भएको थियो। क्यामेराको कोणसँग त म अन्धो जस्तै थिएँ, तर जितु नेपाल र शिवहरि पौडेल जस्ता कलाकारको सहयोगले त्यति गाह्रो भने भएन।

**तपाईंको अभिनय हास्य टेलीश्रृंखलाहरूमा मात्र केन्द्रित देखिन्छ नि ?**
हास्य टेलीश्रृंखलामा हास्य र छुच्चो पात्रबाट सुरु गरेकाले पनि यसैमा धेरै प्रस्ताव आए। म टाइप कास्ट ब्रान्ड त बन्न चाहन्न तर पनि यही विधामा निपुण हुन चाहन्छु।

**अन्य विधामा हात नहाल्ने ?**
म सबै विधामा क्षमता प्रदर्शन गर्न सक्ने कलाकारमा गनिन चाहन्छु। अन्य भूमिकाहरू आए अवश्य काम गर्छु।

**अबको योजना के छ ?**
म भविष्यको योजना कहिल्यै बनाउँदिनँ, गर्दै, हेर्दै जाँदा के गरिन्छ भोलिका दिनले नै देखाउला। बरु ब्युटिपार्लरलाई थप व्यवस्थित बनाउने सोचमा भने छु।

**ब्युटिसियन पेसालाई तपाईंले कस्तो पाउनुभएको छ ?**
यो सहरकेन्द्रित पेसा हो तर पनि नयाँ मान्छे नयाँ प्रविधिसँग घुलमिल हुनुपर्ने भएकाले रमाइलो छ।

**अभिनय गर्दा कुन कुरामा प्रमुख रूपमा ध्यान दिनुपर्छ जस्तो लाग्छ ?**
मुख्य रूपमा कथावस्तुसँग डुब्न अनि पात्रमा ढल्न सके राम्रो अभिनय प्रदर्शन गर्न सकिन्छ।

**यो क्षेत्रमा नयाँ अनुहारको प्रवेश कत्तिको गाह्रो छ ?**
पहिलेको परिप्रेक्षमा अहिले हरेक टेलीचलचित्रदेखि चलचित्रहरूले नयाँ अनुहार खोजिरहेकाले कला के हो राम्रोसँग बुझेका मानिसलाई गाह्रो छैन।

**बिर्सनै नसक्ने कुनै क्षण ?**
जिरे खुर्सानीको दसैं भागदेखि सविता गुरुङजस्ती वरिष्ठ कलाकारले पनि अभिनय गर्ने कुरा थाहा पाएर म रातभरि सुत्न सकिनँ।

**तपाईंको विवाह कसरी भएको थियो ?**
हाम्रो भेटघाट 'सजाय' फिल्मको सुटिङका क्रममा भएको थियो। अन्तरजातीय विवाह गर्नुपर्ने भएकाले पहिले घरबाट मञ्जुरी नआए पनि पछि हाम्रो कुरा बुझेपछि परम्परागत विवाह गरिएको हो।

**तपाईंको उमेर विवाहका निम्ति उपयुक्त थियो ?**
मेरो उमेर कमै थियो। त्यसैले सुरुमा घुलमिल गर्न गाह्रो पनि भयो। तैपनि आफूले सही मानिस भेटेको र भविष्य राम्रो हुन्छ भन्ने कुरामा चाहिं ढुक्क थिएँ।

**जीवनमा विवाह कति आवश्यक छ ?**
तपाईं म नारी भन्नुहुन्छ। म आफैं तगडा छु, कसैको साहारा चाहिंदैन पनि भन्नुहुन्छ तर अप्रत्यक्ष रूपमा भने सहारा खोजिरहनुभएकै हुन्छ। त्यसैले जीवनमा नारी-पुरुष दुवैलाई जीवनसाथीको आवश्यकता पर्छ।

**यस क्षेत्रमा लाग्न घर-परिवारको सहयोग पाउनुभएको छ ?**
मलाई त बुहारी होस् बाहिर गएर काम नगर भन्ने कुनै रोकटोट छैन। मेरा नन्द, देबर पनि यसै क्षेत्रमा भएको र बरु छोरी सरह कार्य गर भनेकाले नै म आज यहाँसम्म आइपुगेकी हुँ।

**श्रीमान्लाई वैवाहिक जीवनमा कस्तो पाउनुभएको छ ?**
एउटा राम्रो मिल्ने साथी जोसँग म कुनै पनि विषयमा खुलस्त कुराकानी गर्न सक्छु र उहाँ पनि मसँग हरेक कुरा गर्नुहुन्छ।

**आफू जन्मिहुर्किएको संस्कृतिभन्दा छुट्टै संस्कृतिमा आउँदा कस्तो लाग्यो ?**
पहिले त अलग परिवेशबाट छुट्टै वातावरणमा आउँदा केही पनि आउँदैन्थ्यो तर नौ वर्षको समयले मलाई पर्याप्त सिकाएको छ र अहिले त यसैमा बानी परेको छ।

**उसो भए नेवारी भाषा पनि मजाले बोल्न सक्नुहुन्छ ?**
यो सन्दर्भमा भने म अलि कमजोर छु। म भाषाचाहिं सबै बुझ्छु तर आफूले प्रष्ट बोल्न भने सक्दिन।

**श्रीमान् आफैं द्वन्द्व निर्देशक, घरमा चाहिं कत्तिको झगडा गर्नुहुन्छ ?**
अचम्म नै मान्नुपर्छ, उहाँ जति झगडा गर्नु छ सुटिङमै सकेर आउनुहुन्छ। त्यसैले झगडा पर्दैन।

**फुर्सदको समयमा के गर्न मन लाग्छ ?**
घरमा बसेर घरका काम गर्न र चलचित्र हेर्न।

**पर्दामा निकै मोटी देखिन्नुहुन्छ किन होला ?**
(हाँस्दै) क्यामेरामा देखिन्छु तर हेर्दा त छैन नि, जिरे खुर्सानी सुरु नहुँदा मोटी थिइनँ, तर त्यो समूहले मलाई शिशु सरह स्याहार गरेर पो हो कि ?

**विवाह भएको नौ वर्ष बितेछ, आमा बन्न मन लागेको छैन ?**
पहिले क्यारियर बनाउनेतिर लागियो, अब विस्तारै यसतर्फ सोच्न थालेकी छु।

**रमाइला क्षणहरू बिताउन के गर्नुहुन्छ ?**
हामी दुई-चार हप्ता व्यस्त भयौं भने एक दिन परिवारसँग बसेर रिफ्रेस हुन खोजिहाल्छौं।

**सबैभन्दा मनपर्ने ठाउँ ?**
मेरो आफ्नो जन्मस्थल मलाई ज्यादै राम्रो लाग्छ। त्यसैले बेला-बेलामा गैरहन्छु।

**यस क्षेत्रमा लाग्न चाहने महिलाहरूलाई के भन्नुहुन्छ ?**
कुनै पनि क्षेत्रमा राम्रो-नराम्रो भन्ने कुरा आफैमा भरपर्छ। यस क्षेत्रमा पुरुषहरूले जति गरिरहेका छन् महिलाले पनि गर्न सक्छन्।

**-संगीता कटुवाल**

अञ्जु महर्जन विगत तीन वर्षदेखि नेपाल टेलिभिजनबाट प्रसारित हास्य टेलिश्रृंखला 'जिरे खुर्सानी' मा कान्छी श्रीमती अर्थात् हात्तीको भूमिका निर्वाह गरिरहेकी कलाकार हुन्। रौतहटमा जन्मिएर हाल चक्रपथमा बसोबास गर्ने महर्जनले एसएलसीसम्मको अध्ययन गरेकी छिन्। नौ वर्षअघि द्वन्द्व निर्देशक कुमार महर्जनसँग वैवाहिक जीवनमा बाँधिएकी महर्जन यस क्षेत्रमा सक्रिय रहन निकै उत्सुक देखिन्छिन्।



**बालकृष्ण साह**

स्टप एड्स, किप द प्रमिस एकाउन्टब्लिटी अर्थात् 'एड्सलाई रोकौं, वाचा पूरा गरौं' भन्ने नाराका साथ आज शुक्रबार यस वर्षको पच्चीसौं विश्व एड्स दिवस मनाइँदैछ। एड्स रोगी तथा एड्स रोक्न चलाइने विभिन्न कार्यक्रममा सहयोग पुऱ्याउँदै आएको अन्तर्राष्ट्रिय संस्था यूएनएड्सले गरेको अनुमानका आधारमा भन्नुपर्दा विश्वमा करिब चार करोड मानिस एचआईभी पोजेटिभ छन्, जसमा करिब २३ लाख बालबालिका छन्।

**के हो एचआईभी/एड्स ?**

एचआईभी अर्थात् ह्युमन इम्युनो डिफिसेन्स भाइरस एक किसिमको सूक्ष्म जीवाणु भाइरस हो। यसले हाम्रो रोग प्रतिरोधात्मक शक्तिलाई कमजोर बनाउँछ। एचआईभीको संक्रमण भएपछि दिनदिनै हाम्रो रोग प्रतिरोधात्मक शक्ति कमजोर हुँदै जान्छ। फलतः विभिन्न सरुवा रोग लाग्ने सम्भावना बढ्दै जान्छ। रोग प्रतिरोधात्मक शक्ति निकै कमजोर भएपछि साधारण रोग पनि निको पार्न सकिँदैन र त्यस्तो अवस्थालाई नै एड्स अर्थात् 'एक्वाइड इमुना डिफिसेन्सी सिन्ड्रोम' भनिन्छ।

**कसरी थाहा पाउने ?**

एचआईभी जीवाणु शरीरमा प्रवेश गर्नेबित्तिकै कुनै लक्षण देखा पर्दैन। एचआईभी संक्रमण भएको ४५ देखि ९० दिनमा रगतमा उक्त भाइरसको एन्टीबडी बन्ने हुन्छ। कसैकसैलाई त्यस अवधिमा ज्वरो आउने, राता डाबरहरू देखा पर्ने, जोर्नीहरू दुख्ने तथा लिम्फ नोडहरू जुन काखीमा, तिघ्राको काप आदि ठाउँमा हुन्छ, सुन्निन सक्छ। ९० दिनपछि रगतमा एन्डीबटी बनिसक्ने भएकाले रगतको जाँच गरेपछि एचआईभी पोजेटिभ भएको थाहा पाउन सकिन्छ। यस्तो अवस्थामा रोगको कुनै लक्षण सामान्यतया हुँदैन, तर यस्ता संक्रमित व्यक्तिले रोग सार्नचाहिँ सक्ने हुन्छ।

रोग प्रतिरोधात्मक शक्ति निकै कमजोर हुन एकदेखि दस वर्षसम्म पनि कुनै लक्षण नदेखिने हुन्छ। रोग प्रतिरोधात्मक शक्ति निकै कमजोर भएपछि लिम्फनोडहरू सुन्निने, राति पसिना आउने, ज्वरो आउने, पखाला चल्ने, शरीरको वजन घट्ने अर्थात् दुब्लाउँदै जाने, कमजोर महसुस हुने तथा अन्य रोगको संक्रमण हुने हुन्छ। यस्ता एड्सका रोगीलाई अन्य रोगजस्तै क्षयरोग, मलेरिया आदिको संक्रमण भएर मृत्युसमेत हुनसक्छ। एड्स रोगीलाई विभिन्न किसिमका



क्यान्सर जस्तै क्यापोसिस सारकोमा, लिम्फोमा आदि हुन सक्छ।

**एचआईभी/एड्सबाट कसरी बच्ने ?**

एचआईभी/एड्स एक किसिमको सरुवा रोग हो। यो रोग एचआईभीले संक्रमित व्यक्तिबाट सर्छ। असुरक्षित यौनसम्बन्धको माध्यमबाट मुख्य रूपमा यो रोग सर्ने भए पनि रगत, सुई तथा आमाबाट गर्भस्थ शिशुमा सालनालको माध्यमबाट यो रोग सर्न सक्छ।

कुपन्डोलकी एक २२ वर्षीया महिलाले आफूले कहिल्यै यौनसम्पर्क नगरेको र आफूलाई ड्रग्स अर्थात् लागूऔषधी सुई लिएकै कारण एचआईभी भएको दावी गरिन्। राजधानीको एक पुनःस्थापना केन्द्रमा भएको सेयरिङ कार्यक्रममा उनीजस्तै धेरै महिला तथा पुरुषले आफूलाई सुईको माध्यमबाट एचआईभी भएको दावी गरे। राष्ट्रिय स्वास्थ्य सेवा विभागको वार्षिक प्रतिवेदनअनुसार करिब १३ प्रतिशतलाई सुईको माध्यमबाट एचआईभी भएको र तीमध्ये धेरै १५ देखि १९ वर्षका रहेको देखिएको छ। २० देखि ४० वर्षका युवाहरू नै सबैभन्दा बढी प्रभावित भएको एचआईभीले कुल रोगीको १० प्रतिशत गृहिणी, १६ प्रतिशत महिला यौनकर्मी, ६० प्रतिशतभन्दा बढी यौन सौखिन तथा अन्य यौनरोगीहरू रहेको देखाएको छ।

असुरक्षित यौनसम्पर्क नगर्नु, ड्रग्स अर्थात् लागूऔषधी नलिनु, सुई साटासाट गर्नु, परीक्षण नगरिएको रगत नलिनु, सुरक्षित रेजर, ब्लेड प्रयोग गर्नु तथा एड्सका रोगीले सन्तान नपाउनु आदि सावधानीले हामीलाई एचआईभी/एड्सबाट बचाउँछ।

**एचआईभी/एड्सको औषधी छैन ?**

एचआईभी पोजेटिभ भएका बिरामीको रगतमा भाइरसको संख्या (भाइरल लोड), रगतमा सिडी-४ को संख्या तथा बिरामीको इच्छाका आधारमा विभिन्न किसिमका औषधी सेवन गर्न सकिन्छ। दुई-तीन किसिमका औषधी मुख्यतः डेला भिरडिन, एटा जेनाभिर, इन्डिनाभिर नेभीरापाइन आदि संयुक्त रूपमा सेवन गर्न दिइन्छ। तर दुर्भाग्य □ यी औषधीले एड्सलाई निको बनाउन सक्दैनन्। यी औषधीले रोग विस्तार हुने गतिलाई कम मात्र गर्छन्। औषधी खाँदाखाँदै पनि पूर्ण रूपले विकसित भएको एड्सका रोगी दुई-देखि चार वर्षमा मृत्युका सिकार बन्न सक्ने हुन्छ।


**एड्सका लागि नयाँ प्रयोग**

डा. कार्ल जुनले गरेको एक अध्ययनले जेनेटिक इन्जटिङको मद्दतले एड्सविरुद्ध लड्न सक्ने एक अर्को भाइरसको उत्पादन गरेको छ। उक्त भाइरसले मानिसको सिडी-४ कोष अर्थात् रोगविरुद्ध लड्न सक्ने शक्तिलाई बलियो बनाउनुका साथै रोगीको रोग प्रतिरोधात्मक शक्ति पनि बलियो बनाउनेछ। पाँच व्यक्तिमा मात्र परीक्षण गरिए पनि उक्त भाइरस एड्सविरुद्धको खोप सावित हुने डा. कार्ल जुनको तर्क छ।

डा. जुनको यो प्रयोग नयाँ हो, तर यस्तै प्रयोगहरू धेरै अघिदेखि नै भैरहेको छ, तर शतप्रतिशत सफल भैसकेको छैन। त्यसैले रोगी भएर उपचार पाउने आशा राख्नुभन्दा रोग लाग्नै नदिनु बुद्धिमानी हुन्छ।

*(लेखक एमबीबीएस (अन्तिम वर्ष) का छात्र हुन्।)*

## एड्सरोगीलाई कस्तो रोग लाग्ने सम्भावना हुन्छ ?



एड्स रोगीमा रोग प्रतिरोधात्मक शक्ति कमजोर हुने हुँदा जुनसुकै सरुवा रोगले च्याप्न सक्छ, तर हालसम्म भएको अध्ययनले तिनीहरूको रगतमा सिडी-४ कोषको मात्राकै अनुपातमा रोग लाग्ने गरेको देखिएको छ। सिडी-४ कोष प्रतिघनमिलिमिटर पाँच सय वा सोभन्दा बढी भएसम्म त्यति धेरै रोगले दुःख दिन सक्दैन। त्यस्तो अवस्थामा लिम्फनोडहरू (काखी, काप आदि) सुन्निने तथा योनिमार्ग चिलाउने, फन्जाइको संक्रमण आदि हुनसक्छ।

सिडी-४ कोष प्रतिघनमिलिमिटर दुई सय देखि पाँच सयसम्मको अवस्थामा फोक्सोको क्षयरोग लाग्ने सम्भावना तीव्र हुन्छ। विकासोन्मुख देशहरूमा यो अवस्थामा क्षयरोग नहुने प्रायः कमै हुन्छ। त्यसबाहेक छाला अनि घाँटीमा अन्य भाइरस तथा फन्जाईका संक्रमण हुने सम्भावना बढी हुन्छ। कसैकसैलाई जिब्रोमा फन्जाइको संक्रमण तथा क्यान्सरसमेत हुनसक्छ।

सिडी-४ कोष प्रतिघनिमिलिमिटर रगतमा २ सयभन्दा कम भएमा विभिन्न किसिमका निमोनियाँ, छालाका घाउहरू, खाना जाने नली (ओसोफेगस) मा फन्जाइको संक्रमण हुने, शरीरका तौल घट्ने तथा हातखुट्टाका नशाहरू कमजोर भएर छोएको, पोलेको थाहा नपाउने आदि हुनसक्छ।

सिडी-४ कोष प्रतिघनमिलिमिटर ५० भन्दा पनि कम भएमा आँखाको भित्री भाग रेटिनामा तथा पेट र आन्द्रामा संक्रमण हुन्छ। यस अवस्थामा पुगेको मानिसको बाँच्ने आयु सकिन्छ।

सिडी-४ कोष एक किसिमका रगतका कोष हुन्। यसले रोगविरुद्ध लड्न मद्दत गर्छ। एचआईभी भाइरसले यस सिडी-४ कोषलाई खत्तम बनाउने हुनाले यो रोग खतरनाक भएको हो। हाल विभिन्न मुलुकमा प्रचलनमा रहेका एड्सका औषधीहरूले रगतमा सिडी-४ कोषको मात्रा कम हुन अवरोध गर्ने भएकाले रोगीको आयु बढ्दै गएको हो।

# सद्भावको खोजी

**सन्दर्भ एड्स दिवस**

आफूलाई सुईको माध्यमबाट एचआईभी भएको बताउने सुमन (नाम परिवर्तन) हेटौंडाका बासिन्दा हुन्। २० वर्षका सुमन खराब संगतका कारण कक्षा ८ मा पढ्दादेखि नै ड्रग्स लिन थालेका हुन्। 'आमा-बुबाको रामो व्यवहार भए मलाई एचआईभीको संक्रमण हुँदैनथ्यो होला,' उनको भनाइ छ। हाल पुनर्स्थापना केन्द्रमा रहँदै आएका सुमनले एचआईभी पोजेटिभ भएकै कारण आफूलाई घरबाट निकालिदिएको बताए।

हाल सिनामंगलमा बस्दै आएका अमिन गुरुङ (नाम परिवर्तन) दुई सन्तानका पिता हुन्। उनलाई एचआईभी पोजेटिभ भएको धेरै दिनपश्चात् मात्र श्रीमतीको रगत परीक्षण गराए। एचआईभी पोजेटिभ भएको थाहा पाएर पनि सामाजिक अवहेलनाका कारण उनले श्रीमतीबाट तथ्य लुकाए।

वीरगन्जका एक व्यापारी बारम्बार ज्वरो आउने र औषधी गर्दा पनि निको नभएपछि राजधानीमा आएर विभिन्न परीक्षण गराउँदा उनमा एचआईभी पोजेटिभ देखियो। उक्त व्यापारीकी श्रीमतीलाई पनि एचआईभी पोजेटिभ छ। पारिवारिक तिरस्कार तथा सामाजिक अवहेलनाका कारण उनीहरूले पनि आ□नो घरपरिवारलाई एचआईभी पोजेटिभ भएको बताएका छैनन्। यिनीहरू मात्र होइन, धेरै एचआईभी पोजेटिभ भएकाहरू थाहा पाएर पनि आफूलाई लुकाएका छन्। रोग लुकाएर यौन गतिविधिमा संलग्नहरूको संख्या पनि कम छैन। एचआईभी संक्रमितले एचआईभी सार्न सक्ने हुनाले यस्ता यौन सौखिनहरू समाजका लागि खतरनाक हुन्। तर दुर्भाग्य, लुकाउनेलाई सम्मान र लुकाउन नसक्नेलाई तिरस्कार गर्छ हाम्रो समाजले।

अज्ञानता, अशिक्षाका कारण यो रोग कसरी लाग्छ ? यो कस्तो रोग हो ? आदि थाहा नभएकाले एड्सका रोगीलाई छिःछिः-दूरदूर गर्नु स्वाभाविक पनि हो, तर एड्सलाई राम्ररी बुझेका स्वास्थ्यकर्मीद्वारा पनि छिःछिः र दूरदूर गरिँदा, मृत्युसँग जुधिरहेका, सीमित समय भएका एड्सका रोगीलाई कस्तो महसुस होला ? सजिलै अनुमान लगाउन सकिन्छ।

एड्सका रोगीहरूको नियमित स्वास्थ्य-परीक्षण गर्नुपर्ने हुन्छ। विशेष गरी रगत, खकार परीक्षण गर्नुपर्ने भएकाले राजधानीमा रहेका पुनर्स्थापना केन्द्रहरूले शुक्रराज सरुवा रोग अस्पतालमा आ□ना रोगीहरूलाई लान्छ। 'स्वास्थ्यकर्मीहरूले गर्ने व्यवहारले साँच्चै नै हामीलाई नराम्रो महसुस गराउँछ,' अस्पतालमा एड्स रोगीहरूले बताए।

विभिन्न कार्यक्रम एवं सञ्चारमाध्यमले जनतामा एड्सप्रति जनचेतना निश्चित रूपमा बढाएको छ तर एड्सरोगीहरूको संख्या घट्दो छैन, दिनहुँ बढ्दै गएको, विशेषगरी लागूपदार्थको दुर्व्यसनीमा अझ बढी भएको छ। हात मिलाउँदैमा, अँगालो मार्दैमा, एउटै चर्पी प्रयोग गर्दैमा, एउटै ओछ्यान, एउटै तौलिया प्रयोग गर्दैमा, साथै सँगै खाना खाँदैमा एड्स सर्दैन भन्ने ज्ञान बाँड्न सकिए पनि मानिसको व्यवहारमा अझै परिवर्तन गराउन सकिएको छैन।

रातो रंग अर्थात् रगतको रंगलाई चिकित्साशास्त्रमा 'आकस्मिक' भनेर बुझिन्छ। 'रातो रंगको रिबन' अन्तर्राष्ट्रिय एड्सको लोगो हो। एड्स दिवसका दिन यो लोगो विभिन्न ठूल्ठूला व्यक्तित्वको छातीमा झुन्ड्याइएको हुन्छ। एड्स रोगीलाई माया गरौं भन्ने आशय बोकेको भावना हामी व्यक्त गर्छौं, तर हाम्रा व्यवहारले त्यसलाई साथ दिइरहेको हुँदैन।

एक महिलाले आफूलाई एड्स भएको विगत तीन वर्षदेखि गोप्य राखेकी छिन्। विगत दुई महिनादेखि क्षयरोगका औषधी खाइरहेकी उक्त महिलाले रुँदै भनिन्– 'मेरो अन्त्य त निश्चित नै छ, तर मेरा यी दुई सन्तानलाई एड्स रोगीका सन्तान भनेरसबैले घृणा त गर्दैनन् ?' ओखलढुंगा स्थायी घर भएकी उक्त महिलाले प्रेमविवाह गरेकी थिइन्। आफूसँगै रहेका श्रीमान्बाट उनलाई यो रोग सरेको उनले बताइन्।



# विवाह प्रेम र यौन

संस्कृत भाषामा विवाहको अर्थ हुन्छ 'लगन' अर्थात् एउटा यस्तो गठबन्धन, जसमा प्रेम वा आफ्नोपन समावेश हुन्छ। विवाहलाई दुई विपरीत लिंगका व्यक्तिबीचको अन्तरंग बन्धन मानिन्छ, त्यो केवल कानुनी वा सामाजिक औपचारिकतामात्र होइन। विवाहले श्रीमान्-श्रीमती दुवैलाई आ-आफ्नो प्राकृतिक क्षमताका अतिरिक्त एकसाथ रहेर आफ्नो व्यक्तित्व विकास गर्नेसुनौलो अवसर समेत प्रदान गर्छ। एकजुट भएर गरिने प्रयासले दाम्पत्य जीवनमा मधुरताको संचार गरी सुन्दरता पैदा गर्छ जुन आजीवन कायम रहन्छ। विवाहमा 'हामी भन्ने' भावनाको अनुभव गर्नु अत्यन्त महत्त्वपूर्ण एवं आवश्यक मानिन्छ। आपसी सम्बन्धलाई सफल, सुमधुर, बलियो एवं दिगो बनाउने प्रयास गर्नुपर्छ।

भनिन्छ- एउटा व्यक्ति आधा वा अधूरो हो र दुईको मिलनपछि मात्र व्यक्तिको अस्तित्वले पूर्णता पाउँछ। जब श्रीमान्-श्रीमती विवाह बन्धनमा बाँधिन्छन् तब माथिका कुरा केही हदसम्म सत्य प्रमाणित हुन्छन्। सफल विवाहका लागि दुवै (वर-वधू) शारीरिक, मानसिक र भावनात्मक रूपमा सक्षम एवं पूर्ण हुनुपर्छ। वैवाहिक सम्बन्ध कायम गर्न श्रीमान्-श्रीमती दुवैको प्रयास र सहभागिता बराबर हुनुपर्छ। यदि विवाहको धरातल सबल छ भने बाहिरी कारणले त्यसलाई असर पार्न सक्दैन। त्यसका लागि श्रीमान्-श्रीमती दुवैबीच समझदारी, आपसी माया, सद्भाव, सम्मान र साझेदारी हुनुपर्छ भने दुवैले एक-अर्काको व्यक्तिगत विकासमा सहयोग पुर्‍याउनु पनि उत्तिकै आवश्यक छ।

विवाह एउटा गठबन्धन हो, बन्धन होइन। दाम्पत्य जीवनमा यौनिक आकर्षणलाई कायम राख्नु वा विवाहलाई जीवनभर सुमधुर राख्नु त्यति सरल कार्य होइन। जुन दम्पतीले आफ्नो यौनजीवनलाई सुखमय बनाउने प्रयास गर्छन् त्यो जोडीमा बढी आत्मीयता पाइन्छ। विवाह सम्बन्ध टुट्नुको कारण यौनसम्बन्धमा नकारात्मक प्रवृत्ति बढ्नु पनि मानिन्छ। कुनै एकजनामा प्रेम वा भावनात्मक सम्बन्धमा कमी आउनेबित्तिकै अर्कोमा त्यसको असर देखापर्न थाल्छ। बेन्जामिन फ्रेंकलिन भन्छन्-आफ्नो बगैंचाको भन्दा छिमेकीको बगैंचाको फूल सधैं राम्रो र सुन्दर लाग्छ र त्यसले आकर्षित पनि गर्छ। यो तब मात्रै सम्भव हुन्छ जब तपाईं आफ्नो बगैंचालाई नै उपेक्षा गर्नुहुन्छ।

दाम्पत्य जीवनमा तपाईं जे चाहनुहुन्छ, त्यसलाई प्राप्त गर्नु नै सुखी जीवन होइन। वास्तविक सुख त्यो हो जब तपाईं विद्यमान कुराहरूबाटै सन्तुष्टि प्राप्त गर्नुहुन्छ। मनोवैज्ञानिकहरूका अनुसार असल पत्नी एक राम्रो मित्र साबित हुन सक्छिन् तर राम्रो साथी असल पत्नी नहुन सक्छिन्। त्यो पुरुष भाग्यमानी हो जसले एउटी स्त्रीमै असल पत्नी र राम्रो साथीमा हुनुपर्ने गुणहरू प्राप्त गर्छ। कुनै पनि पुरुषलाई जीवनमा अघि बढ्न समय, परिस्थितिअनुसार असल मित्र र राम्री पत्नी दुवैको आवश्यकता पर्छ।

पति-पत्नी दुवैले आफ्नो दाम्पत्य जीवनमा यौनलाई उत्तिकै महत्त्व दिँदै कुनै पनि समस्यालाई आ-आफ्नो जिम्मेवारी मानेर प्रेमपूर्वक समाधान गर्नुपर्छ। स्वयंलाई अलग-अलग मानेर काम गर्न थालियो भने परिणाम सकारात्मक नहुन सक्छ। पति-पत्नी एकजुट भएर सकारात्मक परिणामका लागि प्रयास गर्नुपर्छ। नारी-पुरुष एउटै सिक्काका दुई पाटा हुन्। यी दुवै विपरीत लिंगी भएर पनि एक-अर्काको अस्तित्वलाई पूर्णता प्रदान गर्ने संवाहक हुन्। प्रकृतिले तिनीहरूलाई अलग-अलग शारीरिक संरचना प्रदान गरेको छ। त्यसैले दुवैको मिलनबाट प्रजनन सम्भव हुन्छ। तैपनि विवाहलाई मात्र शारीरिक आकर्षणका रूपमा लिनु हुँदैन।

साँचो प्रेम भावनात्मक सम्बन्धबाट फल्छ, फुल्छ र हुर्कन्छ। आत्मीय अन्तरंगता एक-अर्काप्रति प्रतिबद्धता, इमान्दारिता, प्रेम र स्वतन्त्रताबाट मात्र जन्मन्छ। यौनसम्बन्ध प्रेमको पराकाष्ठा, इमान्दारिता, प्रेम र स्वतन्त्रताबाट उत्पन्न हुन्छ। यौनसम्बन्ध प्रेमको पराकाष्ठा हो तर प्रेम यौनसम्बन्धको अन्तिम विन्दु हुन सक्दैन तथापि पुरुष यौनसम्बन्धका लागि प्रेम गर्छन् भने महिलाहरू प्रेम प्राप्तिका लागि शारीरिक सम्बन्ध राख्न तयार हुन्छन् भन्ने यथार्थलाई भुल्न सकिँदैन। जीवनभरि चल्ने वैवाहिक सम्बन्धमा अनेकौं चुनौती छन्, धेरै मतभेद विद्यमान हुन्छन्। समस्या, कठिनाइ र बाधाको दबाबलाई व्यवहारको लचिलोपन, सल्लाह, सहयोग एवं दृढ संकल्पका माध्यमबाट हरेक दम्पतीले सहज रूपमा सामना गर्न सक्छन्। व्यक्ति स्वयं र अरुसितको उसको सम्बन्ध विभिन्न चुनौतीको अग्निपरीक्षाबाट गुज्रेर त्यसरी नै निखार पाएर सामुन्ने आउँछ जसरी भट्टीमा पग्लेर सुन।

वैवाहिक सम्बन्ध गहिरो समुद्र हो त्यसलाई पार गर्नका लागि अहिलेसम्म कुनै साधनको आविष्कार भएको छैन। सुखी र सुमधुर दाम्पत्य जीवनका लागि सबैभन्दा महत्त्वपूर्ण कुरा एक-अर्काका लागि तपाईं कुन हदसम्म परिवर्तन हुन तयार हुनुहुन्छ भन्ने हो। त्यो विवाह नै उदाहरणीय हुन्छ जुन दम्पती एक-अर्काका कमी-कमजोरीलाई स्वीकार मात्र गर्दैनन्, ती कमी-कमजोरीलाई सुधार गर्न एक-अर्कालाई सहयोग पनि गर्छन्। सफल विवाह त्यसलाई मानिन्छ जहाँ जीवनमा आइपरेका हरेक समस्यालाई दम्पतीले कुशलतापूर्वक समाधान गर्नसक्छन्।

# संयमित यौन-व्यवहार आवश्यक

**शीघ्र पतन**

यौन क्रियामा शीघ्रपतन सम्भोग असमर्थताको संकेत हो। सम्भोग गरेपछि चरमसुख प्राप्त गर्नु अगावै पुरुषको वीर्य पतन ( स्खलन) हुनुलाई शीघ्र पतन भनिन्छ तर यदाकदा राम्रो तयारी नभई अर्थात् पाकक्रीडाको अभावमा हतारमा सहवासमा सहभागी हुँदा उत्पन्न शीघ्रपतनको अवस्थालाई स्वाभाविकरूमा लिइन्छ। बारम्बार यस्तो कार्य दोहोरिरहनुचाहिं सम्भोग असमर्थताको लक्षण हो। यौन विशेषज्ञहरूका अनुसार खासगरी यौनसम्बन्धी ज्ञान नभएका, आत्मविश्वासको कमी भएका व्यक्तिहरू नै यसबाट प्रभावित भै चरम यौनसुखबाट वञ्चित हुन्छन्। शीघ्रपतनको असरबाट बच्न यौनक्रियालाई सामान्य एवं स्वाभाविक रूपले ग्रहण गर्दै प्रशस्त प्राकक्रीडा गरी अन्तरमनदेखि नै सम्भोगप्रति इच्छाशक्ति प्रबल बनाई (वास्तविक यौनेच्छा जागृत गराई) अत्यन्त निश्चिततताका साथ त्यसमा संलग्न हुनु आवश्यक छ। यसलाई वासना तृप्ति मात्र नमानी यौनसम्बन्धी कुराकानी, प्रेमलाप आदिद्वारा आत्मीय र भावनात्मक सम्बन्ध बनाउनुपर्छ। यदि यौनक्रियाको प्रारम्भिक चरणमै शीघ्रपतनको सम्भावना देखिए ध्यान अन्यत्र केन्द्रित गर्ने, यौन क्रियालाई रोक्नेजस्ता उपाय अवलम्बन गरेर पनि यसको समयावधि बढाउन सकिन्छ।

**अप्राकृतिक मैथुन**

सम्भोग असमर्थताको अर्को प्रमुख कारण अप्राकृतिक मैथुनलाई मानिन्छ। यो विशेषगरी पुरुषहरूमा देखिने समस्या हो। मानिसलाई यौन आनन्दका लागि प्रकृतिप्रदत्त कामक्रिडा बाहेक अन्य कृत्रिम तथा पशुप्राणीको सहायतामा गरिने यौनक्रिडा अप्राकृतिक मैथुन अन्तर्गत पर्छ। यौन साधन र हस्तमैथुन आदिको अत्यधिक प्रयोगले धेरैजसो पुरुषमा यो समस्या बढेको पाइन्छ। दुई विपरीत लिङ्गी स्त्री-पुरुषबीच प्राकृतिक यौन सम्बन्ध बाहेक अन्य सबै प्रकारका अप्राकृतिक मैथुनमा बानी परेका युवा-युवतीबीच पर्याप्त काम उत्तेजनामा कमी र सक्रिय यौन क्रियामा अभाव भई सम्भोग असफल बन्छ।
हस्तमैथुनलाई यौनउत्तेजना वा काम वासना ( प्राकृतिक मैथुनको प्रतिकूल अवस्थामा) शान्त पार्ने वैकल्पिक उपायका रूपमा लिइए पनि पछि कतिपय युवा, युवतीमा यो अनिवार्य लत वा नशाका रूपमा परिवर्तन भै सम्भोग कार्यमा अनिच्छा एवं असमर्थताको समस्यका रूपमा देखापर्ने गरेको पाइन्छ। अतः अति कामोत्तेजना र यौनकुण्ठाको अवस्थाबाहेक यस्ता कार्यबाट टाढै बस्ने तथा प्राकृतिक यौन सम्बन्धमा लागि अनुकूल परिस्थिति सिर्जना गर्ने प्रयत्न गरे सम्भोग सफल मात्र हुँदैन, जीवन पनि आनन्दायी बन्छ।

यौन असमर्थताको अर्को महत्त्वपूर्ण कारण हो- उत्ताउलोपन अर्थात् छाडापन। भनिन्छ कामक्रिडा अर्थात् सम्भोग पनि एक यस्तो रमाइलो खेल हो जुन एक जोडी (दुई) स्त्री-पुरुषबीच एकान्तमा खेलिन्छ। कुनै पनि खेल उद्देश्य प्राप्त गर्न केही निश्चित नीति नियम वा अनुशासनको पालना गर्नु अपरिहार्य भएझैं अधिक आनन्द प्राप्तिका लागि यौन व्यवहार अनुशासित एवं संयमित हुनु आवश्यक छ। कामक्रिडा अत्यधिक उपलब्धिमूलक तथा आनन्ददायी बनाउन सहभागी दुवै पात्र ( खेलाडी) ले अति छाडापन त्यागेर धैर्यतापूर्वक आफ्नो खेल अनुशासन र मर्यादाको सीमाभित्र रहेर अगाडि बढाउनु आवश्यक छ, अन्यथा मर्यादा र अनुसशासनको उल्लंघनमा यौनसुख घट्नुका साथै असफल हुने सम्भावना हुन्छ। यो खेल जति मर्यादित र गुप्तरूपमा सम्पन्न हुन्छ त्यति नै आनन्ददायी हुन्छ। यो कार्यमा लज्जा हटाई अन्तर हृदयदेखि नै कामेच्छा जागृत गराई खुलेर उत्तेजनात्मक र सक्रिय सम्भोगका लागि यौन विषयक कुराकानी गर्नु स्वाभाविक हुन्छ। अप्राकृतिक व्यवहारबाट काम वासनाका इन्द्रियहरू वसिभूत भई प्रकृतिप्रदत्त स्वस्थ एवं स्वाभाविक कामसुख गुमाउने मात्र होइन मानिसले विवेक शक्ति र चेतना गुमाउन पुग्छ। आजभोलि समाजमा जति पनि यौन विकृति (यौन अपराधका घटना) देखिएको छ त्यसको मुख्य कारण यौन अनुशासन र नियमको उलंघन नै हो। यौन सुखका लागि सम्भोगको क्षणमात्र होइन अघिपछिको दैनिक कार्य वा दिनचर्या कस्तो रूपले व्यतित भैरहेको हुन्छ त्यसको प्रभाव अप्रत्यक्षरूपले परिरहेको हुन्छ। समय, स्थान र पात्रको विचारै नगरी स्वाभाविक लज्जापन र नैतिकता छाडेर यत्रतत्र यौनक्रिया एवं यौनाङ्गसँग सम्बन्धित छाडा र अश्लील शब्द बोल्ने वा व्यवहार गर्नाले एकातिर मान, इज्जत घट्छ भने अर्कातिर तुच्छरूपले यौनभाव अभिव्यक्त भई यौन शक्ति र क्षमतामा ऱ्हास आउँछ।

**मानसिक चिन्ता**

कुनै पनि कार्य सिद्ध गर्न वा सफलतापूर्वक सम्पन्न गरी त्यसबाट पूर्ण सन्तुष्टि र तृप्ति प्राप्त गर्न चिन्ता, तनाव, आशंका अविश्वास जस्ता मनोविकारबाट मुक्त हुनु आवश्यक छ। हाम्रो मनमा उत्पन्न हुने चिन्ता, तनाव होस् वा प्रशन्नता, प्रफुल्लताको विचारको प्रभाव शरीरका इन्द्रियमा तत्काल देखिने कुरा विज्ञानले प्रमाणित गरिसकेको छ। जसको प्रत्यक्ष असर यौनक्रिया वा कामोपभोगमा पनि पर्छ। चिन्तित र व्यथित मनले यौनमा अरुचि र अनिच्छा पैदा भै आनन्द नभई दुःख हुन्छ। इच्छा (तीव्र) बिना कुनै पनि वस्तु प्राप्त नहुने वा प्राप्त भए पनि महत्त्व नहुने शाश्वत नियम छ। यौन सक्षमता र सफलताका लागि यौनेच्छाको ठूलो महत्त्व छ। करले होइन इच्छा वा रहरले नै गरिने सहवासबाटै बढी सुख प्राप्त हुन्छ। कामवासनाको वास्तविक मिठास त्यही हुन्छ जहाँ दुई यौन जोडी निर्भय र निश्चिन्त भै प्रेमपूर्ण र प्रफुल्ल हाँसी-खुसी मनले एक-अर्कामा समर्पित हुँदै कुनै बाधा व्यवधान बिना खुलेर सम्भोग क्रिया सम्पन्न गर्छन्। यसका लागि हाम्रो दैनिक कार्य तथा व्यवहार शुद्ध र संयमित बनाई सत्य र सन्तोषको आश्रय लिएर चिन्तामुक्त बनी यौन व्यवहार सुरुचिपूर्ण एवं सरस बनाउने उपाय अपनाउनुपर्छ। स्वस्थ मनोरञ्जन र अध्ययनले पनि स्थिर एवं एकाग्रतायुक्त चित्तको निर्माण गरी चिन्ता एवं तनावबाट टाढा रहन मद्दत पुर्‍याउँछ भन्ने तथ्यलाई पनि बिर्सनु हुँदैन।

**–रत्नबहादुर बस्नेत**



# अन्तर्राष्ट्रिय हात्तीपोलोको रमझम

**प्रवीण दत्त**

चितवन– प्रत्येक वर्ष आफ्नै देशमा आयोजना हुने हात्तीपोलोका बारेमा कतिपय नेपालीलाई थाहा नहुन सक्छ ? विगत २४ वर्षदेखि सञ्चालन हुँदै आएको हात्तीपोलो यो वर्ष रजत वर्ष मनाउँदै सञ्चालनका क्रममा छ । गत सोमबारदेखि पश्चिम चितवनको मेघौलीमा सञ्चालन भैरहेको यस पटकको हात्तीपोलोमा नेपाललगायत विभिन्न मुलुकले भाग लिइरहेका छन् ।

मानिस मात्र नभएर हात्ती-हात्तीबीच हुने प्रतिस्पर्धाले दर्शकहरूलाई रोमाञ्चित बनाउनुका साथै सबैलाई सहभागी गराई खेलिनु नै हात्तीपोलोको विशेषता हो । 'नेपालमा शान्ति स्थापना भएकाले गत वर्षभन्दा यस वर्ष राम्रै सन्देश जाने र अर्को वर्ष हात्तीपोलो खेल हेर्न बढी पर्यटक र टिम पनि बढी सहभागी हुन आउने विश्वास लिएका छौं,' -खेल व्यवस्थापन संस्था टाइगर टप्स जंगल लजका प्रबन्ध निर्देशक क्रिस्टनबहादुर इडवर्ड्सले *साप्ताहिक*लाई बताए ।





विगत २४ वर्षदेखि सञ्चालन भैरहेको अन्तर्राष्ट्रिय हात्तीपोलो प्रतियोगिताको उपाधि गत वर्ष स्कटल्यान्डको सिभास रिगलले जितेको थियो । सोमबारदेखि सञ्चालनमा आएको प्रतियोगिताको फाइनल आज शुक्रबार हुनेछ । विश्वमा पहिलो पल्ट हात्तीपोलो प्रतियोगिता सन् १९८१ मा टाइगर टप्स अन्तर्राष्ट्रिय एसोसियसनको आयोजनामा मेघौलीमै खेलाइएको थियो । यो प्रतियोगिता वर्षको एक पटक आयोजना गरिन्छ । 'पृथ्वीको सबैभन्दा ठूलो जनावर र मानिसले सँगै खेल्ने भएकाले दुर्लभ वन्यजन्तु संरक्षणको संन्देश संसारभरि फैलिएको छ'- नेसनल पार्क टिमका क्याप्टेन तथा पूर्व चिफ वार्डेन रामप्रीत यादव भन्छन्- 'यो खेलले पर्यटन वृद्धिमा मात्र सहयोग पुऱ्याएको छैन, नेपालको पहिचानलाई अन्तर्राष्ट्रीय स्तरमा समेत पुऱ्याएको छ ।'

दुई पक्षबीच खेलिने यो खेल चार-चारवटा हात्तीमा प्रतियोगी र माउते चढेर लामो लट्ठीले भुइँमा रहेको बललाई विपक्षीको गोलपोष्टमा छिराउनुपर्छ । बीस मिनेट लामो यो प्रतिस्पर्धामा बढी गोल गर्ने टिम विजयी हुन्छ । खेलमै एक जना निर्णायक पनि हात्तीमै सवार भएर खेलको निरीक्षण गरिरहेका हुन्छन् । अन्तर्राष्ट्रिय हात्तीपोलो संघको आयोजना तथा मेघौलीस्थित टाइगर टप्स जंगल लजको व्यवस्थापनमा यो प्रतियोगिता सम्पन्न हुँदै आएको छ । संसारका एक सयभन्दा बढी टेलिभिजन च्यानलले यो खेलको प्रत्यक्ष प्रसारण गर्छन् ।

# लङ टेनिसमा पाँच सय डलर

**शिव शर्मा**

पोखरा– यहाँ सञ्चालित अन्तर्राष्ट्रिय स्तरको टेनिस प्रतियोगिता आइतबार सम्पन्न भएको छ । बी एन्ड बी कोलोनीको सक्रियतामा आयोजना गरिएको यस किसिमको प्रतियोगिताका लागि सिंगल्सतर्फ प्रथम हुनेलाई ५ सय, द्वितीय हुनेलाई २ सय ५० र डबल्सतर्फ प्रथमलाई ३ सय, द्वितीय हुनेलाई १ सय ५० यूएस डलर तथा ट्रफी वितरण गरिएको थियो ।

एक साताअघि सुरु भएको प्रतियोगिताको आइतबार सम्पन्न फाइनलमा पुरुष सिंगलतर्फ नेपालका अग्रपंक्तिका खेलाडी श्रीराम थापामगरले भारतका कृष्ण करसोलियालाई पराजित गरेर उपाधि हात पारेका थिए ।

त्यस्तै पुरुष डबलतर्फ कुमार अधिकारी र जितेन्द्र परियारको समूह श्रीराम थापामगर र कृष्ण घलेको जोडीलाई हराएर प्रथम स्थान हासिल गरे ।

महिला सिंगलतर्फको खेलमा भारतकी नैना करसोलियाले लिन्डा एमसी दुगललाई पराजित गरिन् । ३५ पल्स भेट्रान सिंगलतर्फ कृष्ण घलेले राजेश क्षेत्रीलाई तथा ३५ पल्स भेट्रान डबल्सतर्फ मनोज राणा र राजेश क्षेत्रीको जोडीले छब्वा डोनडुप र चन्द्र शाहीको जोडीलाई पराजित गरे ।

पुरस्कारमा लेडिज सिंगलतर्फ प्रथम तथा द्वितीय हुनेलाई २ सय र १ सय युएस डलर प्रदान गरिएको थियो । त्यस्तै भेट्रान सिंगलतर्फ प्रथम र द्वितीय हुनेलाई १ सय र ५० यूएस डलर प्रदान गरियो । सबै विजेता एवं उपविजेता खेलाडीलाई शिक्षासेवी जर्जजोनले पुरस्कार वितरण गरेका थिए ।

## ५ प्रश्न



*ओम मास्के, नेपालका चर्चित बक्सिङ प्रशिक्षक, अन्तर्राष्ट्रिय रेफ्री एवं पूर्व अन्तर्राष्ट्रिय खेलाडी । पछिल्लो २२ वर्ष बक्सिङमै विताएका मास्के सन् १९८४-९४ बीच भएका राष्ट्रिय प्रतियोगिताहरूमा सबैभन्दा सफल खेलाडीमध्ये एक हुन् । सन १९९७ मा एसियाली बक्सिङ महासंघको अन्तर्राष्ट्रिय निर्णायक बनेका मास्के शनिबारदेखि कतारको दोहामा सुरु हुने एसियाली खेलकुदमा नेपालको प्रतिनिधित्व गर्ने एक मात्र बक्सिङ निर्णायक हुनेछन् ।*

**एसियाडको निर्णायकमा कसरी छनौट हुनुभयो ?**

एसियाली बक्सिङ महासंघले निर्णायकका लागि राष्ट्रिय संघहरूमा पत्र पठाउँछ, सोही क्रममा रविराज थापा अध्यक्ष रहेको नेपाल बक्सिङ संघले मलाई मनोनयन गऱ्यो र एसियाडका ४४ जना बक्सिङ निर्णायकमध्ये म पनि एक भएको छु जुन मेरा लागि भाग्यको कुरा हो । साथमा ठूलो उपलब्धि पनि ।

**यसअघि निर्णायकका रूपमा अन्तर्राष्ट्रिय प्रतियोगिताहरू सञ्चालन गर्नुभएको छ ?**

यति ठूलो प्रतियोगितामा निर्णायक बन्न लागेको यो पहिलो अवसर हो । यद्यपि मैले गोवा अन्तर्राष्ट्रिय आमन्त्रण प्रतियोगितालगायत अरू धैरै अन्तर्राष्ट्रिय आमन्त्रण प्रतियोगिता खेलाइसकेको छु । पछिल्लो दशकमा नेपालमा भएका सबैजसो प्रतियोगिता खेलाउने मौका पाएको थिएँ, तर एसियाली खेलकुद जस्तो ठूलो खेलमेला मेरा लागि नौलो अनुभव हुनेछ ।

**यो मौकाको सदुपयोग कसरी गर्नुहुन्छ ?**

नेपालबाट आधिकारिक र व्यक्तिगत रूपमा धेरै जनाले अन्तर्राष्ट्रिय खेल खेलाउने मौका पाएका छन् । यस पटक मैले पाएँ । यो अवसरलाई मैले अन्तर्राष्ट्रिय सम्बन्ध विस्तार गरेर अन्तर्राष्ट्रिय निर्णायकका रूपमा आफ्नो क्यारियरलाई माथि उठाउने कसीका रूपमा उपयोग गर्नेछु । फेरि म एसियाली स्तरको मात्र रेफ्री हुनाले यस पटक विश्वस्तरको निर्णायक बन्ने आधार तयार गरेर दोहाबाट फर्कने विचार छ ।

**बक्सिङमा निर्णायकहरूले निकै धाँधली गर्छन् भन्छन् नि ?**

हो, बक्सिङमा पनि मार्सल आर्ट्स खेलहरूमा जस्तो धाँधली हुन्छ तर मैले जजमेन्ट गर्दा आफूले देखेको मात्र गर्नेछु, कसैको प्रभावमा पर्दिनँ । म आफैंले दुःख गरेर खेलें, त्यसैले मलाई थाहा छ बक्सिङ खेल्नेले कति पसिना चुहाउनुपर्छ ? त्यस कारण पनि आफ्ना कारणले कसैको वर्षौंको मेहनत खेर नजाओस् भन्ने कुरामा म गम्भीर छु ।

**यसमा छनौट हुनका लागि राष्ट्रिय खेलकुद परिषद् र नेपाल ओलम्पिक कमिटीबाट कस्तो सहयोग पाउनुभएको छ ?**

परिषद्-ओलम्पिक कमिटी दुवैबाट मैले कुनै किसिमको सहयोग पाएको छैन । म मात्र होइन अन्य खेलका निर्णायकहरूले पनि पाएका छैनन् । खेलकुद परिषद्मा मैले सहयोगका लागि अनुरोध गरे पनि त्यसमा कुनै कारबाही भएको छैन । जाने-आउने र बस्ने-खाने व्यवस्था एसियाली खेलकुद आयोजक कमिटीबाट भए पनि पकेट मनी म आफैंले खोज्नुपर्छ ।

# एसीसी प्रिमियर लिग फाइनलमा नेपाल

**साप्ताहिक समाचार**

काठमाडौं– टेस्ट क्रिकेट नखेल्ने एसियाका पाँच राष्ट्रबीच आयोजना भैरहेको एसीसी प्रिमियर लिगमा नेपालले मलेसियासँग बराबरीमा खेल समाप्त गरेर फाइनलमा आफ्नो स्थान सुरक्षित गरेको छ । नेपालले फाइनलमा आफ्नो स्थान सुरक्षित गर्न मलेसियालाई कम्तीमा बराबरीमा रोक्नुपर्ने अवस्था थियो । अन्तिम दिनको खेलमा नेपालले मलेसियासमक्ष जितका लागि २ सय २५ रनको चुनौती दिएको थियो । नेपालको चुनौती पच्छ्याउँदै मलेसियाले निर्धारित समयमा ७ विकेटको क्षतिमा १ सय २२ रन मात्र बनाउन सक्यो ।

नेपाल र मलेसियाबीचको खेल बराबरीमा सकिएपछि नेपालले १६ दशमलव ५ अंक बटुलेर लिग चरणमा आफूलाई शीर्ष स्थानमा उभ्याउन सफल भएको छ भने मलेसियाले १३ अंक बटुलेर तेस्रो स्थानमा चित्त बुझाएको छ । अहिलेसम्मको अंकतालिका हेर्दा नेपालपछि फाइनलमा पुग्ने सम्भावना संयुक्त अरब इमिरेट्सले मात्र देखाएको छ । २ खेल मात्र खेलेको युएईले अहिलेसम्म ४५ अंक बटुलेको छ । लिग खेलमा संयुक्त अरब इमिरेट्सले नेपाललाई पराजित गर्दै ३० दशमलव ५ अंक बटुलेको थियो । संयुक्त अरब इमिरेट्सले २ खेल खेल्न बाँकी नै छ । यो प्रतियोगितामा पहिलो पटक नेपालले आफूलाई शीर्ष स्थानमा उभ्याउने क्रममा लिग चरणमा खेलेको चार खेलमध्ये हङकङ र सिंगापुरलाई पराजित गर्दै मलेसियासँग बराबरी खेलेको छ भने संयुक्त अरब इमिरेट्ससँग पराजित भएको छ । चार खेलबाट नेपालले ९५ दशमलव ५ अंक हासिल गरेको छ ।



क्वालालम्पुरमा सम्पन्न पछिल्लो प्रतियोगितामा मलेसियाविरुद्ध नेपालले पहिले ब्याटिङ गर्दै पहिलो इनिङमा २ सय २६ रन बनाएको थियो, जसको प्रतिउत्तरमा मलेसियाले १ सय ६२ रन मात्र बनाएको थियो । नेपालले दोस्रो इनिङमा ६ विकेटको क्षतिमा १ सय ८० रन बनाएर इनिङ समाप्तिको घोषणा गरेको थियो । दोस्रो इनिङमा नेपालका लागि शक्ति गौचनले ४७ रन, परेश लोहनी र ज्ञानेन्द्र मल्लले २७-२७ रन बनाएका थिए भने वसन्त रेग्मीले २२ रन तथा महेश क्षेत्रीले११ रन बनाएका थिए ।

**वर्षाले प्रभावित भएको यो खेलमा नेपालले आफ्नो पहिलो इनिङमा फितलो प्रदर्शन गरेको थियो, तर दोस्रो इनिङमा भने तुलनात्मक रूपमा राम्रो खेलेको थियो । अन्तिम दिनको खेलमा नेपालका बलर पारस खड्काले ३, महबुब आलमले २ र कप्तान विनोद दासले १ विकेट लिएका थिए ।**

वर्षाले प्रभावित भएको यो खेलमा नेपालले आफ्नो पहिलो इनिङमा फितलो प्रदर्शन गरेको थियो, तर दोस्रो इनिङमा भने तुलनात्मक रूपमा राम्रो खेलेको थियो । अन्तिम दिनको खेलमा नेपालका बलर पारस खड्काले ३, महबुब आलमले २ र कप्तान विनोद दासले १ विकेट लिएका थिए । यो सफलतापछि नेपालका प्रशिक्षक रोय डायस भन्छन्– 'मलेसियामा नेपाली खेलाडीहरूले गरेको प्रदर्शनबाट म खुसी छु । उनीहरूबाट मैले यस्तै सफलताको आशा राखेको थिएँ ।'

लिगमा आफूलाई शीर्ष स्थानमा राखेपछि अहिले नेपालको ध्यान युएईको खेलमा केन्द्रित भएको छ । लिगको नियमअनुसार कुनै टिमले स्पष्ट विजय हात पारेमा सर्वाधिक ३४ अंक पाउँछ । यो नियमअनुसार युएईले कुनै एक टिमलाई पराजित गरेर अर्कोसँग बराबरीमा खेल समाप्त गरे पनि फाइनलमा पुग्ने देखिन्छ ।

# कसैलाई काखा, कसैलाई पाखा

दोहा एसियाडमा भाग लिन नेपाली तेक्वान्दो खेलाडी दीपक विष्ट अमेरिकाबाट आउँदैछन् । दीपकबाहेक अन्य तेक्वान्दो खेलाडीहरू शनिबार दोहा पुग्दैछन् । यसै वर्ष श्रीलंकामा सम्पन्न दसौं दक्षिण एसियाली खेलकुदमा स्वर्णपदक हात पारेका भारोत्तोलक कमलबहादुर अधिकारी इरानको तेहरानबाट दोहा पुग्दैछन् ।

तर तेक्वान्दोजत्तिकै पदकको आशा गरिएको कराँते खेलाडीहरू एक सातापछि काठमाडौंबाट सोझै दोहा पुग्दैछन् । दक्षिण एसियाली खेलकुदमा तेक्वान्दो र कराँतेसँगै दुई स्वर्ण पदक हात पारेको नेपाली उसुलाई प्रतिनिधित्व गर्न लागेका सात जना उसु खेलाडी पनि काठमाडौंबाटै दोहा जाने कार्यक्रम छ । एकै किसिमका खेलका खेलाडीहरूमा यस्तो प्रकारको भेदभाव किन ?


दसौं सागमा स्वर्णपदक जित्ने सबै खेलाडीलाई एसियाडको तयारीका लागि वैदेशिक प्रशिक्षणमा पठाउने वाचा गरेको नेपाल ओलम्पिक कमिटी तथा राष्ट्रिय खेलकुद परिषद् पछिल्लो समयमा आएर यो विषयमा मौन बसेका छन् । सागका स्वर्ण पदकधारी नेपाली खेलाडी तेक्वान्दोका दीपक विष्ट तथा उसुकी बीना लामा यतिबेला अमेरिकामा प्रशिक्षणरत रहे पनि दीपकले मात्र दोहामा भाग लिने भएका छन् । बाँकी टिमलाई तेक्वान्दोको जन्मभूमि दक्षिण कोरिया पठाइए पनि दीपक एक्लैले मात्र अमेरिकाका छुट्टाछुट्टै ठाउँमा प्रशिक्षण लिने अवसर पाए ।

उनको अमेरिका भ्रमणमा नेपाल ओलम्पिक कमिटीले सम्पूर्ण खर्च बेहोरेको छ । उता बीनाले भने एसियाडमा भाग लिने-नलिने भन्ने कुराको अन्यौल कायमै छ । आफ्नै खर्चमा अमेरिका पुगे पनि दोहा आउने टिकट दिन ओलम्पिक कमिटीले आनाकानी गरेपछि बीनाले भाग नलिने मुड बनाएको बताइन्छ । लामो समयदेखि अमेरिका बसे पनि दसौं दक्षिण एसियाली खेलकुदमा स्वर्ण पदक हात पारेकी बीनाले इमेलमार्फत आफू दोहा आउन असमर्थ रहेको जानकारी गराइसकेकी छिन् ।

नेपाल ओलम्पिक कमिटीका अध्यक्ष रुक्मशमशेर राणा आफैं नेपाल तेक्वान्दो संघका अध्यक्ष पनि हुन् । नेपाल ओलम्पिक कमिटीको कसैलाई काखा र कसैलाई पाखा राख्ने व्यवहारले अन्य खेलाडीको मनोबल कमजोर भएको कराँतेका प्रशिक्षक नारायणदेव राणा बताउँछन् । 'सबै पदकको आ-आफ्नै महत्त्व छ । पहिले सागमा स्वर्णपदक जित्नेलाई वैदेशिक प्रशिक्षणका लागि पठाइने भनेपछि खेलाडीहरूले त्यही अनुसारको मनस्थिति बनाएका थिए, तर यतिबेला कराँते खेलाडीहरूप्रति कसैको ध्यान जान नसकेपछि उनीहरूको मनोबल खस्कनु स्वाभाविक नै हो,' राणा बताउँछन् ।

# एसियाली खेलकुद आजदेखि





एसियाको सबैभन्दा बृहत् खेलमेलाको पन्ध्रौं संस्करण आज शुक्रबारदेखि कतारको राजधानी दोहामा प्रारम्भ हुँदैछ। एसियाडको इतिहासमा प्रतियोगिता दोस्रो पटक मध्यपूर्वमा आयोजना हुँदैछ। यसअघि सन् १९७४ मा इरानमा सातौं एसियाडको आयोजना भएको थियो। १५ औं एसियाली खेलकुद प्रतियोगिताको उद्घाटनलाई अविस्मरणीय बनाउन आयोजक समितिले विश्वस्तरमा विभिन्न उद्घाटन प्रदर्शनी गरेका एक हजारभन्दा बढी अनुभवी व्यक्तिहरूलाई सहभागी गराएको छ।

दोहाको स्पोर्ट्स सिटीस्थित खलिफा रंगशालामा हुने उद्घाटन समारोहमा ६ हजार ५ सयभन्दा बढी कलाकारले विभिन्न झाँकी प्रदर्शन गर्नेछन्। आयोजक समितिले आज हुने उद्घाटन समारोहको तयारी विगत दुई वर्षदेखि गरेको जनाएको छ। यो झाँकीमा कतारको ऐतिहासिक परम्परा प्रस्तुत गरिनेछ।

सन् १९७६ मा निर्माण गरिएको स्पोर्ट्स सिटीलाई १५ औं एसियाली खेलकुद प्रतियोगिताकै लागि भनेर पुनः निर्माण गरिएको हो। विभिन्न ढाँचामा परिवर्तन गर्न सकिने यो स्पोर्ट्स सिटीमा उद्घाटन र समापन समारोहका साथै एथलेटिक्स, स्विमिङ, जिम्न्यास्टिक लगायत अन्य खेलकुद प्रतियोगिता सञ्चालन हुनेछन्। यो रंगशालामा आवश्यकता अनुसार २० हजारदेखि ५० हजार दर्शकले एकसाथ कुनै पनि खेल वा कार्यक्रम हेर्न सक्छन्।

नेपाली समय अनुसार साँझ पौने १० बजे हुने उद्घाटन समारोहमा प्रज्वलित गर्ने टर्चलाई गत मंगलबार कतारको राजधानी दोहा ल्याइसकिएको छ तर फुटबल खेल भने गत मंगलबारदेखि नै प्रारम्भ भैसकेको छ।

सन १९५१ मा भारतको नयाँदिल्लीबाट सुरु भएको एसियाली खेलकुद मेला गृष्मकालीन ओलम्पिक खेलकुदपछिको सबैभन्दा बृहत् खेलकुद मेला मानिन्छ, तर केही खास कारणले १५ औं एसियाली खेलकुदलाई ओलम्पिक खेलकुदभन्दा केही ठूलो देखाएको छ।। यसपटक दोहामा ४६ खेलका ४ सय २४ इभेन्टमा पदकका लागि भिडन्त हुनेछ, जबकि पछिल्लो ओलम्पिक खेलमा ३५ खेलका ४ सयभन्दा कम इभेन्ट मात्र समावेश गरिएका थिए।

१५ दिनसम्म चल्ने दोहा एसियाडमा एसियाका ४५ राष्ट्रका १० हजार ५ सय खेलाडीले प्रतिस्पर्धा गर्दैछन्। दोहा एसियाडमा खेलिने खेलहरू संसारभरका ३ अर्ब दर्शकले प्रत्यक्ष तथा टेलिभिजनमार्फत हेर्ने अनुमान गरिएको छ।

५५ वर्षअघि एसियाली खेलकुद सुरु हुँदा धेरै कमले मात्र यो प्रतियोगिता यति महत्त्वपूर्ण बन्ने अनुमान गरेका थिए। पहिलो एसियाडमा नेपाल लगायत ११ राष्ट्रले मात्र सहभागिता जनाएका थिए। नयाँदिल्लीमा पहिलो पटक छ वटा खेल एथलेटिक्स, एक्वाटिक्स, बास्केटबल, साइक्लिङ, फुटबल तथा भारोत्तोलन समावेश गरिएका थिए। त्यसपछि एसियाडले क्रमैसँग सफलताको यात्रा प्रारम्भ गर्‍यो। फिलिपिन्सको राजधानी मनिलामा सम्पन्न एसियाडको दोस्रो संस्करणमा १९ राष्ट्रले आठ खेलमा भाग लिएका थिए। मनिलामा साइक्लिङलाई हटाएर सुटिङ, बक्सिङ तथा कुस्तीलाई समावेश गरिएको थियो। हालसम्म दुई पटक एसियाली खेलकुदको पदक तालिकामा शीर्षस्थान ओगटिसकेको कोरियाले फिलिपिन्सबाट आफ्नो एसियाली खेलकुद यात्राको सुरुवात गर्‍यो र तेस्रो स्थानसमेत हात पार्‍यो।

सन् १९५८ मा जापानको राजधानी टोकियोमा सम्पन्न तेस्रो एसियाली खेलकुदले १ हजार ४ सयभन्दा धेरै खेलाडीको स्वागत गर्‍यो। टोकियो एसियाडमा टेनिस, भलिबल, टेबलटेनिस, साइक्लिङ र हक्की थपिए। टोकियोबाटै एसियाडमा टर्च र्‍यालीको परम्परा पनि सुरु भयो। पहिलो पटक एसियाली खेलकुदको आयोजना गर्ने अवसर पाएको जापानले पदक तालिकामा आफूलाई शीर्षस्थानमा राख्यो।

एसियाडको चौथो संस्करण इन्डोनेसियाको राजधानी जकार्ताले आयोजना गर्‍यो। उक्त एसियाडमा सहभागी राष्ट्रहरूको संख्या १६ मा झरेपछि यसका सदस्य राष्ट्रहरू केही चिन्तित देखिए। पहिलो एसियाडमा जस्तै चौथो एसियाडमा भारत पदकतालिकाको दोस्रो स्थानमा उक्लियो। जकार्ता एसियाडमा देखिएको एसियाडको खस्कँदो लोकप्रियताको अन्त्य गर्ने काम सन् १९६६ र सन् १९७० मा थाइल्यान्डको राजधानी बैंककमा सम्पन्न पाँचौं र छैटौं एसियाली खेलकुदले गर्‍यो। ती दुवै संस्करणमा आयोजक थाइल्यान्डले तेस्रो स्थान हात पार्दा जापान र कोरिया क्रमशः पहिलो र दोस्रो स्थानमा थिए। सन् १९६६ को पाँचौं एसियाडमा १८ राष्ट्रका २ हजार ५ सय खेलाडीले सहभागिता जनाएका थिए भने सन् १९७० को छैटौं एसियाडमा १८ राष्ट्रका ३ हजार ५ सय खेलाडीले सहभागिता गरे। बैंकक एसियाडदेखि नै सेलिङ खेललाई पहिलो पटक एसियाडमा समावेश गरियो।

सन् १९७४ को तेहरान एसियाड पहिलो पटक मध्यपूर्वमा आयोजना भयो। इरानको राजधानी तेहरानमा एसियाली खेलकुदमा सहभागी राष्ट्रको संख्या २५ पुग्यो। फेन्सिङ र जिम्न्यास्टिक तेहरानबाटै पहिलो पटक एसियाडमा सामेल भए तर सेलिङले निरन्तरता पाउन सकेन। तेहरान एसियाडमा पनि पदक तालिकामा जापान सबैभन्दा माथि रह्यो।

पाकिस्तानले अन्तिम समयमा आयोजना गर्न असमर्थता व्यक्त गरेपछि सन् १९७८ को आठौं संस्करणको एसियाड फेरि बैंकक फर्कियो। सेलिङलाई पुनः एसियाडमा फर्काएको बैंककले बलिङ र आर्चरीलाई नयाँ खेलका रूपमा एसियाडमा समावेश गर्‍यो। बैंकक एसियाडमा खेलाडीको संख्याले ३ हजार ८ सय नाघे पनि जापानलाई पहिलो स्थान ओगट्नबाट कसैले रोक्न सकेन, यद्यपि चीन र कोरियाले जापानलाई दरिलो चुनौती दिए।

सन् १९८२ मा एसियाड आफ्नै जन्मभूमि नयाँदिल्ली फर्कियो। नयाँदिल्ली एसियाडमा सहभागी राष्ट्रको संख्या ३३ पुग्यो भने खेलाडीहरूको संख्या ४ हजार ५ सय। नयाँदिल्ली एसियाडमा फेन्सिङ र बलिङलाई झिकेर इक्विस्ट्रियन, रोइङ, ह्यान्डबल तथा गल्फ थपिए। एसियाली खेलकुदमा चिनियाँ दबदबाको क्रम नयाँदिल्लीबाट सुरु भयो जहाँ चीनले शीर्षस्थान हात पार्‍यो। यसअघि कीर्तिमानी लगातार आठ पटक पदक तालिकामा एकलौटी कब्जा जमाएको जापान दोस्रो स्थानमा रह्यो।

दसौं एसियाली खेलकुद सन् १९८६ मा पहिलो पटक दक्षिण कोरियाको राजधानी सियोलमा सम्पन्न भयो। आफ्नै घरमा १९८८ को ओलम्पिक आयोजनाको तयारी गरिरहेको दक्षिण कोरिया सियोल एसियाडमा आयोजक चीनपछि दोस्रो स्थानमा रह्यो भने जापान तेस्रो स्थानमा धकेलियो। एसियाली खेलकुदको इतिहासमा पहिलो पटक ५ हजारभन्दा बढी खेलाडीको सहभागिता रहेको सियोल एसियाडमा मार्सल आर्ट्स विधाका दुई खेल जुडो र तेक्वान्दो थपिए।

सन् १९९० मा चीनको राजधानी बेइजिङले पहिलो पटक एसियाडको आयोजना गर्‍यो। उक्त एसियाडमा चीनले पदक तालिकामा शीर्ष स्थानमाथिको आफ्नो दाबीलाई कायमै राख्यो। बेइजिङ एसियाडमा ३७ राष्ट्रले २७ इभेन्टमा भाग लिए। बेइजिङ एसियाडबाट तेक्वान्दो हटाइयो भने उसु, कबड्डी तथा सेपाटाक्रा थपिए।

दोस्रो विश्वयुद्धमा अमेरिकाले आणविक बम प्रहार गरेर ध्वस्त पारेको जापानको हिरोसिमाले सन् १९९४ को १२ औं एसियाडको आयोजना गर्‍यो। यो एसियाली खेलकुदको इतिहासमा कुनै पनि देशको राजधानी सहरभन्दा बाहिर पहिलो पटक एसियाडको आयोजना थियो। हिरोसिमा एसियाडमा ४२ राष्ट्रका ७ हजारभन्दा बढी खेलाडीले ३४ खेलमा पदकका लागि प्रतिस्पर्धा गरे। हिरोसिमा एसियाडदेखि नै सोभियत संघबाट टुक्रिएका कजाकस्तान, किर्गिस्तान, उज्बेकिस्तान, ताजकिस्तान, तुर्कमेनिस्तानले पहिलो पटक एसियाली खेलकुदमा भाग लिए। बेइजिङ एसियाडमा सामेल नभएका बेसबल, कराँते, आधुनिक पेन्टाथलन तथा टेनिस हिरोसिमा एसियाडबाट एसियाली खेलकुदमा फर्किए। आफ्नै भूमिमा एसियाड भए पनि जापानले पदक तालिकामा चीनलाई उछिन्न सकेन र दोस्रो स्थानमै चित्त बुझायो।

सन १९९८ मा थाइल्यान्डको राजधानी बैंककले चौथो पटक एसियाली खेलकुदको आयोजना गर्ने अवसर पायो। रग्बी, बिलियर्ड, स्नुकर तथा स्क्वास नयाँ खेलका रूपमा एसियाडमा भित्रिए। आयोजक भएर पनि पाँचौं र छैटौं एसियाडमा जस्तो थाइल्यान्डले शीर्ष तीन स्थानमा आफूलाई सुरक्षित गर्न सकेन। एसियाका परम्परागत पावर हाउसहरू चीन, जापान र कोरिया क्रमशः पहिलो, दोस्रो तथा तेस्रो स्थानमा रहे।

नयाँ सहस्राब्दीको पहिलो एसियाड चार वर्षअघि दक्षिण कोरियाको बुसान सहरमा आयोजना भयो। हिरोसिमापछि एसियाली खेलकुद आयोजना गर्ने बुसान दोस्रो गैर-राजधानी सहर बन्यो। एसियाली खेलकुदको १४ औं संस्करणमा ४४ राष्ट्रले ३८ खेलमा ४ सय २० स्वर्ण पदकका लागि प्रतिस्पर्धा गरे। बुसानबाटै युद्धग्रस्त अफगानिस्तान पुनः एसियाली खेलकुदमा फर्कियो। त्यसैगरी भर्खरै स्वतन्त्रता पाएको पूर्वी टिमोरले नयाँ सदस्यका रूपमा एसियाली खेलकुदमा सहभागिता जनायो। उक्त एसियाडमा पनि चीन नै पदकतालिकाको शीर्षस्थानमा रह्यो भने आयोजक दक्षिण कोरिया दोस्रो स्थानमा।

## खेल आयोजना स्थलहरू

१. अल अरबी स्पोर्ट्स क्लब, २. अल गराफा स्पोर्ट्स क्लब, ३. अल खोर रोड कोर्स , ४. अल रायन स्पोर्ट्स क्लब, ५. अल साद स्पोर्ट्स क्लब, ६. कर्निच, ७. दोहा गल्फ क्लब, ८. दोहा रेसिङ एन्ड इक्वेस्टेरियन, ९. दोहा सेलिङ क्लब, १०. खालिफा इन्टरनेसनल कम्प्लेक्स, ११. लुसेल सुटिङ कम्प्लेक्स, १२. मासिद इन्डुरेन्स, १३. कतार बलिङ सेन्टर, १४. कतार स्पोर्ट्स क्लब, १५. द स्पोर्ट्स सिटी, १६. वेष्ट वे लागुन।

## समावेश खेलहरू

१. आर्चरी, २. आर्टिस्टिक जिम्न्यास्टिक, ३. एथलेटिक्स, ४.ब्याडमिन्टन, ५. बेसबल, ६. बास्केटबल, ७. बिच भलिबल, ८. शारीरिक सुगठन, ९. बलिङ, १०. बक्सिङ, ११. क्यानोइङ-कायाक, १२. बुद्धिचाल, १३. क्यु स्पोर्ट्स, १४. साइक्लिङ, १५. डाइभिङ, १६. इक्वेस्ट्रियन, १७. इक्वेस्ट्रियन इन्डोरेन्स, १८. फेन्सिङ, १९. फुटबल, २०. गल्फ, २१. ह्यान्डबल, २२. हक्की, २३ इन्डोर भलिबल, २४. जुडो, २५ कबड्डी, २६. कराँते, २७. रिदमिक जिम्न्यास्टिक, २८. रोइङ, २९. रग्बी, ३०. सेलिङ, ३१. सेपाकट्याक्रा, ३२. सुटिङ, ३३. सफ्टटेनिस, ३४. सफ्टबल, ३५. स्क्वास, ३६. स्वीमिङ, ३७. सिन्क्रोनाइज्ड स्वीमिङ, ३८. टेबल टेनिस, ३९. तेक्वान्दो, ४०. टेनिस, ४१. ट्राम्पोलाइन, ४२. ट्रायथलन , ४३. वाटर पोलो, ४४. भारोत्तोलन, ४५. कुस्ती, ४६. उसु।



# कान्तिपुर गाथा

किशोर नेपाल

'यात्रु महानुभावहरू, गरुडा एयरको यो उडानमा यहाँहरूलाई स्वागत छ। यस विमानका मुख्य चालक हुनुहुन्छ विनय र म तपाईंहरूकी परिचारिका निनु...' बोल्दाबोल्दै टक्क अडिई निनु। 'ओह माई गड, यो के बोलें मैले ?' अघि नै त्यो केटा बोर्ड गरेदेखि नै निनुको ध्यान भंग भएको थियो। 'क्या क्यूट, क्या हेन्डसम।' अनाउन्स गर्दा पनि निनुको ध्यान त्यही केटातिर थियो। त्यसैले गर्दा अनाउन्समेन्टको बेलामा उसले बोल्नै नपर्ने शब्दहरू बोलेकी थिई। निनुले आफूलाई सम्हाली र फेरि बोल्न थाली– 'कान्तिपुरसम्मको हाम्रो यो उडान एक घण्टा पन्ध्र मिनेटको हुनेछ र हामी पन्ध्र हजार फिटको उचाइमा उड्नेछौं। विमानको उडान अवधिभरि सिटको पेटी नफुकाल्नुहुन र धूम्रपान नगर्नुहुन अनुरोध छ। साथै मोबाइल फोन...'

अनाउन्समेन्ट सकिएपछि निनुले हतार-हतार चकलेट र कटनको ट्रे उठाई। उसको ध्याउन्न यात्रुहरूको सेवा र सत्कारभन्दा पनि त्यो केटोछेउसम्म छिटो-छिटो पुग्नुमा थियो। केटाको आकर्षणले निनु नौनीजस्तै पग्लिइसकेकी थिई। हतार-हतार ऊ केटोछेउ पुगी र मसक्क मस्किँदै ट्रे अगाडि सारिदिई। केटाले निनुलाई बडो गहिरो आँखाले हेऱ्यो र कटाक्षपूर्ण मुस्कान ल्यायो अनुहारमा। केटो अन्तिम लहरको सिटमा थियो र ऊसँगैको सिट खाली थियो। पहिलो चरणको सेवा सकेर निनु केटाको छेउमा आइपुगी। निनुको सेक्सी प्रिजेन्टेसन देखेर ऊप्रति आकर्षित भैसकेको केटाको आँखाले निनुलाई सँगै बस्न आग्रह गरिसकेको थियो। निनु निर्धक्क बसी। यसरी कि ऊ विमानकी परिचारिका नभएर अरूजस्तै यात्री हो।

निकै सानो स्वरमा केही सोध्यो केटाले। निनुको जवाफ मात्र सुनियो– 'बीबीएस थर्ड इयर।' त्यसपछि त्यत्तिकै सानो स्वरमा निनुले केटाको नाम सोधी। जवाफ आयो– अजे। केटाले आफ्नो अजय नामलाई मोडिफाई गरेर अजे बनाएको थियो। एकैछिनमा निनु र अजे इन्टिमेट बने। निनुले भनी– 'यो मेरो लास्ट फ्लाइट। फुर्सद छ भने पार्किङ गर्ने हो ? अजेले इन्कार गर्ने कुरै थिएन। उसले सोध्यो– 'ओके, ह्वाट अबाउट ओभरनाइट पार्किङ ?' निनु अलिकति लजाई। यो लजाउनुको अर्थ थियो स्वीकृति। त्यसपछि सन्तुष्ट भएर निना ल्यान्डिङ प्रोसेसमा लागी। 'यात्रु महानुभावहरू, हामी कान्तिपुरस्थित त्रिभुवन विमानस्थलमा उत्रिएका छौं। जहाज पूरा नरोकिएसम्म सिटको पेटी नफुकाल्नुहोला। बाहिरको तापक्रम दस डिग्री सेन्टिग्रेड छ,' जतिबेला ऊ यी शब्दहरू बोलिरहेकी थिई त्यतिबेला निनुको शरीरको तापक्रम बढेर चालीस नाघिसकेको थियो।

अफिसको सामान्य काम सकेर निनु बाहिर निस्किँदा अजे उसलाई पर्खिरहेको थियो पार्किङमा। 'कहाँ जाने ?' -अजेले सोध्यो। निनुलाई धुलिखेलनजिकको एउटा रिसोर्ट निकै मन पर्थ्यो। ऊ त्यहाँ गैसकेकी थिई निकै पटक, तर ऊ अजेसँग केही बोलिन। मात्र बोली– 'थाहा छैन।' अजेले नगरकोटको नाम लियो। उसलाई त्यता जान मन थिएन। तैपनि उसले नाइँ भनिन। प्राइभेट टेक्सी एयरपोर्टबाट निस्किएर पूर्वतिर लाग्यो। निनुले जाडो महसुस गरी र अजेसँग टाँस्सिन खोजी। अजेले उसलाई आफूसँग लिपिक्क टाँस्यो। निनु र अजे दुवैलाई लागेको थिएन कि उनीहरूको यो भेटघाट दुई घण्टा अघि मात्र भएको हो। सिनेमाजत्तिकै थियो त्यो सम्बन्ध। निनु सोच्न थालिसकेकी थिई– अजेसँग उसको बिहे भइदिए तर यसको उल्टो अजे सोच्न थालेको थियो– निनुसँग स्थायी प्रकारको अवैवाहिक सम्बन्ध भैदिए ?

त्यसपछि, दुवैले केही सोचेनन्...

# न्युयोर्कमा नाचे नेपालीहरू



**विष्णुप्रसाद पौडेल**

न्युयोर्क, अमेरिका- बाहिरको मौसम अति नै चिसो थियो, रातको नौ बजिसकेको थियो। हल दर्शकहरूले भरिभराउ थियो। जब कलाकारहरूको आगमनसँगै उनीहरू आ-आफ्नो प्रस्तुति गर्ने थाल्छन् तब हल तातिन थाल्छ अनि दर्शकले लगाएका कपडाहरू पातलिँदै जान्छन्। न्युयोर्कजस्तो महिनामा एक-दुई पटकजसो नेपाली कलाकारहरूको प्रस्तुति भैरहने ठाउँमा सो दिन भने नेपाली र तिब्बतीहरूलाई जम्मा गरेर नौलो कार्यक्रम प्रस्तुत गरिएको थियो।प्रवासमा रहँदा काम-काम भन्दै खासै मनोरञ्जन लिन नपाएको स्थितिमा आफूलाई मन पर्ने कलाकारहरू आफ्नै सहरमा आएको मौका छोपी नाच्न कस्सिएका थिए दर्शकहरू।

जब गायक राजु लामाको नाम उद्घोषकले लिन्छन् तब तालीको जोडदार आवाज आउँछ। हिमालपारिको देशमा गीतबाट सुरु भएको उनको गायनक्रम अघि बढ्दै जाँदा दर्शकहरूले बसेको कुर्सी नै छाडिसकेका थिए।

त्यसैगरी अर्का गायक निमा रुम्बाले पनि दर्शकहरूलाई मस्तसँग नचाए। उनले पनि आफ्ना पुराना गीतहरू प्रस्तुत गरेका थिए। सोही कार्यक्रममा स्वरले त्यति साथ नदिए पनि सिन्धु मल्लले पनि मध्यान्तरपछि भने भरपूर मनोरञ्जन प्रदान गरेकी थिइन्। त्यसैगरी तिब्बती कलाकार छिरिङले पनि नेपाली तथा तिब्बती दुवैलाई उत्तिकै नचाएका थिए। रातको दुई बजेसम्म चलेको उक्त कार्यक्रममा अत्यधिक भीडका कारण बस्ने ठाउँ नभएर कतिपयले उभिएर समेत कार्यक्रम हेरेका थिए। कार्यक्रमको आयोजना हिमालय कन्सर्ट लाइभ– २००६ ले गरेको थियो।



अंग्रेजि RS. 1150/
दुई महिना मै
जान्ने नजान्ने हरुको लागी विशेष व्यवस्था
Free: Books, Cassets and CDs
Free Internet & E-Mail
Getway ☎ 4241870
Bagbazar, KTM.

होटल तथा पर्यटन तालिम
★ Tour & Travel Mgmt
★ Tour Operation
★ Airlines & Travel (Manual, Amadeus & Abacus)
★ Hotel Management
★ F & B Management
★ Cook ★ Front Office
★ Waiter ★ Barman
★ Bakery ★ Housekeeping
SATS Course मा आधारित तालिम
Compare our quality with the others
सम्पर्क:- सांग्रीला पर्यटन तथा होटल तालिम केन्द्र
नयाँ बानेश्वर चोक (अन्तराष्ट्रिय सभा केन्द्रको पानी ट्याकीको पश्चिम)
४४७५११३/४४७२५५३
(बिहान ७:०० देखि बेलुका ७:०० सम्म)

Photography/Videography तालिम
Photography Course गर्नेलाई
Digital Photo Editing सितैमा
Videography course गर्नेलाई
D. Video Editing सितैमा
(CTEVT द्वारा मान्यताप्राप्त) Study Center
■ आफ्नै कोर्षबुक र Media भएको। ■ Worldwide valid certificate
■ एकपटक सिकेपछि दोहोऱ्याएर सिक्न नपर्ने।
KANTIPUR PHOTOGRAPHY VIDEOGRAPHY INSTITUTE
पुतलीसडक चोक, फोन ४४४३३१९

तालिम
❊ फोटोग्राफी
❊ भिडियोग्राफी
❊ कलरल्याब
❊ लेमिनेशन
❊ डिजिटल फोटोग्राफी
सम्पर्क: ❊ डिजिटल भिडियोग्राफी
अरुण दत्त पन्त द्वारा वि.सं. २०५३ देखि निरन्तर.........
मान्यता प्राप्त पहिलो फोटो भिडियो इन्स्टिच्यूट
नेपाल फोटोग्राफी ट्रेनिङ इन्स्टिच्यूट
भोटाहिटी, साझा भण्डार माथिल्लो तल्ला, काठमाण्डौं
२११९०३७, ४२१६२११

होटल तालीम होटल खुम्जुङमा
Cook-Indian, Chinese, Continental Waiter, Bar Man, Room Boy, House Keeping लगायत सम्पूर्ण होटल तालीममा भर्ना धमाधम लिईदैछ।
हाम्रा विशेषताहरू
1. Cook Training गर्नेका लागि English तथा Waiter Training सित्तैमा
2. आफ्नै होटलमा सम्पूर्ण तालीम दिईने।
HOTEL KHUMJUNG Training Centre
चक्रपथ, महाराजगंज, नारायण गोपाल चोकबाट ३ मिनेट पूर्व
Ph: 4-373411, 4-372194
City Office:- रानीपोखरी, जमल विश्वज्योती हलसँगै, Ph:- 4249576


**हेमराज ज्ञवाली**द्वारा कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. का लागि प्रकाशित तथा मुद्रित, कार्यालय : कान्तिपुर कम्प्लेक्स, सुविधानगर, पो.ब.नं. ६०१९, काठमाडौं, नेपाल, फोन नं. ४४८०१००, फ्याक्स : ९७७-१-४४७०१७८, email:saptahik@kantipur.com.np दर्ता नं ९९/०५१/५२, सर्वाधिकार : कान्तिपुर पब्लिकेसन्स (प्रा.)लि. सँग सुरक्षित प्रबन्ध निर्देशक : **कैलाश सिरोहिया**, निर्देशक : **विनोदराज ज्ञवाली/स्वस्तिका सिरोहिया**, सम्पादक : **सुवास ढकाल**